# महाकाव्यतत्त्वका आधारमा 'शान्तिदूत' महाकाव्यको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय
अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको
दसौँ पत्र (५१०-१) को प्रयोजनार्थ प्रस्तुत

शोधपत्र


शोधार्थी
देवराज तिवारी
९४/२०६५
नेपाली विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

२०७४

# शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षका छात्र श्री देवराज तिवारी (रोल. नं ७४/२०६५) ले दसौँ पत्र (५१०-१) को प्रयोजनका लागि **महाकाव्य तत्त्वका आधारमा शान्तिदूत महाकाव्यको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार गर्नुभएको हो । मिहिनेत गरी तयार पारिएको यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७४/११/१५

.........................................

(डा. यमनाथ तिमिल्सिना)

शोध निर्देशक

नेपाली विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालयअन्तर्गत पृथ्वीनारायण क्याम्पस पोखरा, स्नातकोत्तर तह द्वितीय वर्ष नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि तयार पारिएको हो । यस शोधपत्रमा 'महाकाव्य तत्त्वका आधारमा 'शान्तिदूत' महाकाव्यको अध्ययन'गरिएको छ ।

नेपाली महाकाव्यका क्षेत्रमा शोधकार्य अत्यन्त कम भएको पाइन्छ। त्यसमा पनि विश्वशान्तिका दूत गौतम बुद्धको जीवनीमा आधारित महाकाव्यको यस अध्ययनले सिद्धार्थ गौतम बुद्धको जीवनी, प्राचीन कपिलवस्तु, विश्वशान्तिको मार्ग प्रशस्त, बुद्धका अष्टाङ्ग मार्गको ज्ञान, मानव जीवनको शास्वत सत्यको खोजीबारे अपूर्व ज्ञानको रहस्य उजागर गर्नमा कोसेढुङ्गा सावित हुनेछ । प्रस्तुत शोधपत्रसह. प्रा. डा. यमनाथ तिमिल्सिनाको निर्देशनमा तयार पारिएको हो ।

यस कार्यलाई प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने महानुभावहरूलाई म बिर्सन सक्दिन ।पृथ्वीनारायण क्याम्पस नेपाली विभाग प्रमुख कृष्णप्रसाद पौडेलज्यूको निरन्तर सहयोग र अमूल्य मार्गनिर्देश रहेको छ । यसैगरी आदरणीय गुरु हुमाकान्त पाण्डेको अमूल्य मार्गनिर्देशन रह्यो ।

महाकाव्यकारका अभिन्न मित्र सह. प्रा. ऋषिराम भुसाल, महाकाव्यकारका धर्म पत्नी शारदा अधिकारी, विन्दुवासिनी संस्कृत विद्यापीठ पोखराका उप. प्रा. आनन्दमणि रिजाल, मेराअग्रज मित्र एवं महाकाव्यकारका जेठा छोरा उपेन्द्र अधिकारी,सैनिक आवासीय महाविद्यालय पोखराका सहकर्मी मित्र टीकाराम आचार्य, भोलाभद्र वाग्लेको उल्लेख्य सहयोग रह्यो । शैक्षिक उन्नयनको चासो सहित प्रेरणारूपी ऊर्जा प्रदायक दाजुहरू खगुपति न्यौपाने, अधिवक्ता हरि प्र. तिवारी, उप.प्रा. प्रकाश तिवारी स्मरणीय हुनुहुन्छ ।

यस लेखन कार्यलाई प्रोत्साहन गर्नुहुने जन्मदाता माता नैनादेवी तिवारी, पिता रामभक्त तिवारी र अहर्निश सहयोग गर्ने मेरी जीवन संगिनी दुर्गा पराजुली (तिवारी), कार्य व्यस्तताले थकित मेरो मुहारमा वालसुलभ देदिप्यवान आभाले पुलकित बनाइदिने छोराहरू दृष्टान्त र आशुतोष तिवारी आभार एवं धन्यवादका पात्र हुनुहुन्छ । अन्त्यमा, यस शोधपत्रको मूल्याङ्कनका लागि नेपाली विभाग पृथ्वीनारायण क्याम्पस पोखरामा पेस गर्दछु ।

मिति : २०७४-११-११

शोधार्थी

(देवराज तिवारी)

वालिङ-८, स्याङ्जा

सम्पर्क : ९८५६०३१८३५

# सङ्क्षेपीकृत शब्दसूची

| | |
|---|---|
| ई.स. | - ईश्वी सन् |
| ऐ. | - ऐजन |
| क्र.सं. | - क्रम सङ्ख्या |
| डा. | - डाक्टर |
| ने.रा.प्र.प्र. | - नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| प.नि.का. | - परीक्षा नियन्त्रण कार्यालय |
| पं. | - पण्डित |
| पु. | - पुलिङ्ग |
| पृ. | - पृष्ठ |
| वि.बो. | - विस्मयादिबोधक |
| वि.सं. | - विक्रम सम्वत् |
| वि. | - विशेषण |
| श.को. | - शब्दकोश |
| सं. | - संस्कृत |
| संस्क. | - संस्करण |
| सम्पा. | - सम्पादक |
| सा.द. | - साहित्य दर्पण |

| | | |
|---|---|---|
| सि.कौं | - | सिद्धान्त कौमुदी |
| सं.पु. | - | संस्कृत पुलिङ्ग |
| सं.वि. | - | संस्कृत विशेषण |
| रघु. | - | रघुवंश महाकाव्य |
| त्रि.वि.वि. | - | त्रिभुवन विश्वविद्यालय |

# विषयसूची पृष्ठ

**शोधपत्रको स्वीकृतिपत्र** क

**शोध निर्देशकको सिफारिस** ख

**कृतज्ञता** ग

**पहिलो अध्याय :शोधको परिचय**

१.१. शोध शीर्षक १

१.२. शोध कार्यको प्रयोजन १

१.३. समस्या कथन १

१.४. उद्देश्य १

१ ५. पूर्वकार्यको विवरण २

१.६. औचित्य ३

१.७. क्षेत्र र सीमा ३

१.८. अध्ययन विधि ३

१.९.शोधपत्रको रुपरेखा ४

**दोस्रो अध्याय : महाकाव्यकारको सामान्य परिचय र 'शान्तिदूत' महाकाव्य**


२.१ पारिवारिक पृष्ठभूमि ५

२.२ जन्म र बाल्यकाल ६

२.३ शिक्षा र रुचि ७

२.४ सामाजिक र साहित्यिक जीवन ८

२.५ साहित्यिक क्षेत्रमा प्रवेश र लेखन प्रेरणा ९

२.६ कृति प्रकाशन तथा सम्मान ९

२.७ जीवन दर्शन र मृत्यु १०

२.८ निष्कर्ष ११


**तेस्रो अध्याय : महाकाव्यको परिचय र नेपाली महाकाव्य परम्परामा 'शान्तिदूत' महाकाव्य**


३.१ महाकाव्यको परिचय १२

३.२महाकाव्य सम्बन्धीपूर्वीय मान्यता १३

३.३महाकाव्य सम्बन्धी पाश्चात्य मान्यता १९

३.४ महाकाव्यका तत्त्वहरू २१

३.४.१ शीर्षक २१

३.४.२ संरचना २२

३.४.३ कथानक २२

३.४.४ चरित्र २३

३.४.५ भावविधान २३

३.४.६ विचार वा उद्देश्य २४
३.४.७ भाषाशैली २४
३.५ नेपाली महाकाव्य विकास परम्परा र 'शान्तिदूत' महाकाव्य २५
३.५.१प्राथमिक काल २६
३.५.२ माध्यमिक काल २८
३.५.३ आधुनिक काल ३०
३.६ नेपाली महाकाव्यको लेखन परम्परा र महाकाव्यकार ३५
३.७ शान्तिदूत महाकाव्यका विश्लेषणका आधारतत्त्व ३७
३.८निष्कर्ष ३७

**चौथो अध्याय : महाकाव्य तत्त्वका आधारमा 'शान्तिदूत' महाकाव्य**

४.१ 'शान्तिदूत' महाकाव्यको परिचय ४०
४.२ 'शान्तिदूत' महाकाव्यकाशीर्षक ४१
४.३ सर्गविधान तथा संरचना ४२
४.४. 'शान्तिदूत' महाकाव्यको कथानक ४५
४.५ चरित्र ५९
४.६'शान्तिदूत' महाकाव्यको भाव विधान ६०
४.७. छन्द र लय विधान ६१
४.८. अलंकार विधान ६३

४.९ उद्देश्य ६४

४.१०विचार ६४

४.११ भाषाशैली ६५

४.१२ निष्कर्ष ६६

**पाँचौं अध्याय : उपसंहार**

५.१. सारांश ६८

५.२ शोध निष्कर्ष ७२

संक्षेपीकृत शब्द ७७

सन्दर्भ ग्रन्थ सूची ७८

# पहिलो अध्याय

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **महाकाव्य तत्त्वका आधारमा 'शान्तिदूत'महाकाव्यको अध्ययन** रहेको छ ।

## १.२ शोध कार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह, दोस्रो वर्षको दसौंपत्रको आवश्यकता परिपूर्ति गर्ने प्रयोजनको लागि तयार गरिएको छ ।

## १.३ समस्या कथन

नेपाली साहित्यमा आधुनिक नेपाली महाकाव्यको विकासक्रमलाई अग्रगति प्रदान गर्ने क्रममा 'शान्तिदूत' महाकाव्य पनि देखापरेको छ । 'शान्तिदूत' महाकाव्यको अनुसन्धानमूलक विश्लेषण भएको छैन ।

१. महाकाव्य सिद्धान्तका कसीमा 'शान्तिदूत'महाकाव्यको स्थान कस्तो छ ?

२. महाकाव्य तत्त्वका आधारमा 'शान्तिदूत' महाकाव्य कस्तो छ ?

३. 'शान्तिदूत'महाकाव्यको संरचना के कस्तो छ ?

## १.४ उद्देश्य

महाकाव्यतत्त्वका आधारमा 'शान्तिदूत'महाकाव्यको विश्लेषण गर्नु प्रस्तुत अध्ययनको निम्न मूल उद्देश्य रहेको छ -

१. महाकाव्य सिद्धान्तका कसीमा 'शान्तिदूत' महाकाव्यको स्थान निर्धारण गर्नु ।

२. महाकाव्य तत्त्वका आधारमा 'शान्तिदूत' महाकाव्यको अध्ययन गर्नु ।

३. 'शान्तिदूत' महाकाव्यको संरचनापक्ष केलाउनु ।

## १.५ पूर्वकार्यको विवरण

नेपाली साहित्यको कविता विधामा कलम चलाउँदै आएका लक्ष्मीनाथ अधिकारीको महाकाव्य 'शान्तिदूत' को विश्लेषण भएको पाइँदैन । व्यक्तितत्त्व र कृतितत्त्वका बारेमा यदा कदा सामान्य चर्चा परिचर्चा मात्र भएको पाइन्छ । 'शान्तिदूत' महाकाव्यका बारेमा आजसम्म भएका चर्चा परिचर्चा तिर खोजी गर्दा निम्नलिखित स्थिति देखा पर्छ -

ऋषिराम भूषालले यस 'शान्तिदूत' महाकाव्य (२०६७) को विहंगावलोकन' शीर्षकमा अति सहज र स्वाभाविक रूपमा उनले "बुद्धको जन्मथलोको मोह, बुद्धको कठोर तपस्या र साधनामय जीवन कथा तथा बुद्धको शीतल शान्ति सन्देशप्रतिको श्रद्धाले कविले यो काव्य रचना गरेका छन् । बुद्धको जीवनकथा नै काव्यको वृहत अंश बनेको छ भने प्रसङ्गवश आवश्यक अवस्थामा मात्र विचारतत्त्वको प्रयोग गरिएको छ" (भुसाल, २०६७ : ६) भनेका छन् ।

(सिद्धार्थ गौतम बुद्धको जीवनकथाको विवरण प्रस्तुत गरिएपनि आवश्यक विचारतत्त्वको मुल्याङ्कन भएको पाईंदैन ) ।

भिक्षु मैत्री महास्थवीरले प्रकाशकीय शीर्षकमा अधिकारीको यो 'शान्तिदूत' महाकाव्यले केहीमात्र भएपनि बुद्धको बारेमा अवगत गराउन सफल भएको छ भनेका छन् (भिक्षु, २०६७ :७)।

(सामान्य जीवनी विवरण मात्र नभई  'शान्तिदूत' प्रतिको श्रद्धाभाव, तादात्म्य सम्बन्ध प्रकट भएको कुरा उल्लेख भएको  पाईंदैन ) ।

कपिल लामिछानेले लक्ष्मीनाथ अधिकारीको 'शान्तिदूत' महाकाव्यको सामयिकता" शीर्षकमा "बौद्ध उच्चमानवतावाद-समतावादी दर्शनलाई प्रस्तुत गर्न कविले अवलम्बन गरेको काव्य भाषा सरल र बोधगम्य छ भने काव्यात्मक उच्चताले गर्दा यो महाकाव्य  एउटा उल्लेखनीय कृतिका रुपमा चर्चित हुन पुगेको छ भनेका छन्(लामिछाने, २०६८,……) ।

(काव्य भाषा सरल र बोधगम्य भनिए पनि कृतिमा तत्सम शब्दको आधिक्य भई अर्थबोधगम्यतामा कतै कतै अवरोध हुन आउँछ) ।

कमला जि.सीले शान्तिदूत महाकाव्यमा कविले आफ्ना संवेदना, आस्था, निष्ठा र अनुभूतिहरू बुद्धको जीवनी मार्फत प्रतीकात्मक कोणबाट प्रस्तुत गरेको उल्लेख गरेका छन ( जी.सी, २०६९ : ८०) ।

(संबेदना, आस्था, निष्ठायुक्त अनुभूतिको प्रतिकात्मक बिम्ब महाकाव्यमा कसरी झल्किएको छ भन्ने अस्पष्टता देखिन्छ ।)

यसका अतिरिक्त प्रस्तुत महाकाव्य 'शान्तिदूत' का बारेमा कहीँ कतै उल्लेख गरेको भेटिएन । यत्तिले महाकाव्यको सतही परिचय मात्र आएको र पूर्वीय महाकाव्य तत्त्वका आधारमा कोही कसैले अध्ययन, विश्लेषण गरेको नदेखिएकाले पनि यस महाकाव्यको महाकाव्य तत्त्वका आधारमा अध्ययन गर्न आवश्यक देखिन्छ ।

## १.६ औचित्य

नेपाली महाकाव्य परम्परामा महाकाव्य सम्बन्धी नयाँ-नयाँ प्रयोगहरू भइरहेको परिप्रेक्ष्यमा मूलतः पूर्वीय काव्य सिद्धान्तका आधारमा महाकाव्यको अध्ययन विश्लेषण भएको छैन । यस कारण पूर्वीय महाकाव्य सिद्धान्तका आधारमा 'शान्तिदूत' महाकाव्यको अध्ययन विश्लेषणको आवश्यकता टड्कारो रुपमा देखिन्छ ।

यस शोधकार्यले यो आवश्यकता पूर्तिमा महत्वपूर्ण सहयोग पुऱ्याउने छ । अतः यस शोधकार्यबाट 'शान्तिदूत' महाकाव्यमा अभिरुचि राख्ने प्रत्येक व्यक्ति लाभान्वित हुनेछन् ।पूर्वीय काव्यशास्त्रमा आधारित महाकाव्यहरूको अध्ययन गर्न समेत यसलाई प्रयोग गर्न सकिनेछ । यिनै परिप्रेक्ष्यमा प्रस्तुत शोधपत्रको औचित्य सिद्ध हुनेछ ।

## १.७ क्षेत्र र सीमा

महाकाव्यकार लक्ष्मीनाथ अधिकारीले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका भएपनि उनका अन्य विधा एवं कृतिहरूलाई छाडेर कविता विधाको 'शान्तिदूत' महाकाव्यको मात्र अध्ययन र विश्लेषण यहाँ गरिएको छ । महाकाव्य सिद्धान्त र तत्त्वका आधारमा मात्र यस शोधपत्रलाई सीमाङ्कित गरिएको छ ।

## १.८ अध्ययन विधि

यो शोधकार्य मूलतः पुस्तकालयीय विधिमा आधारित छ । शोधकार्य लेखनमा महाकाव्यसँग सम्बन्धित आलेख, अनुसन्धानमूलक रचना, पूर्वीय तथा पाश्चात्य साहित्य सिद्धान्त, महाकाव्य सिद्धान्त, नेपाली महाकाव्य परम्परा आदिको अध्ययन गरिएको छ । यसैगरी

महाकाव्यकार र निजका पत्नी, छोरा र अन्य सहकर्मीहरूसंगको प्रश्नोत्तर, छलफल एवं बौद्ध धर्मदर्शनको सामान्य अन्वेषण गरी तयार गरिएको छ ।

### १.९ शोधपत्रको रुपरेखा

प्रस्तुत शोधकार्यलाई अध्यायहरूमा विभक्त गरिएको छ । यसमा जम्मा पाँच अध्याय रहेका छन् र ती सबै दशमलब प्रणालीमा अङ्क मिलाई शीर्षक र उपशीर्षकमा विभक्त गरिएको छ । प्रस्तुत शोधकार्यको मुख्य रुपरेखा वा सङ्गठन यस प्रकारको रहेको छ -

**पहिलो अध्याय :शोध परिचय**

**दोस्रो अध्याय :महाकाव्यकारको सामान्य परिचय र 'शान्तिदूत' महाकाव्य**

**तेस्रो अध्याय : महाकाव्यको परिचय र नेपाली महाकाव्य परम्परामा 'शान्तिदूत' महाकाव्य**

**चौथो अध्याय :महाकाव्य तत्त्वका आधारमा 'शान्तिदूत' महाकाव्यको अध्ययन**

**पाचौं अध्यायः उपसंहार**

# दोस्रो अध्याय

# महाकाव्यकारको सामान्य परिचय र 'शान्तिदूत' महाकाव्य

लुम्बिनी अञ्चलको पाल्पा जिल्लाको भुवन पोखरी ५ डाँडागाउँ भन्ने ठाउँमा वि.सं. २००६ भाद्र २२गते बुधबार पिता रमानाथ अधिकारी र माता यमुना अधिकारीका जेष्ठ पुत्रका रूपमा शोभाकान्त अधिकारीको जन्म भएको हो । यिनै शोभाकान्त अधिकारी नै पछि साहित्यमा लक्ष्मीनाथ अधिकारीका नामले प्रसिद्ध भए । 'शान्तिदूत महाकाव्यका रचयिता अधिकारीको सङ्क्षिप्त परिचय यस अध्यायमा प्रस्तुत गरिएको छ ।

## २.१ पारिवारिक पृष्ठभूमि

नेपाली साहित्यको महाकाव्य विधामा कलम चलाउने लक्ष्मीनाथ अधिकारीका जिजुबाजेको पैतृकथलो अर्घाखाँची जिल्लाको ठाडा भन्ने गाउँमा भएको जानकारी पाइन्छ । यिनै जिजुबाजे अर्घाखाँचीको ठाडाबाट बसाइँ सराइ गरी पाल्पा जिल्लाको भुवन पोखरीमा आएका थिए । लक्ष्मीनाथ अधिकारीका हजुरबुबा श्रीधरको जन्म पनि पाल्पा जिल्लाको भुवन पोखरीमा नै भएको थियो । यिनै हजुरबुबा श्रीधर अधिकारी र हजुरआमा बेलधरा अधिकारी र नीलकुमारी अधिकारी लुम्बिनी अञ्चलको पाल्पा जिल्लाको भुवन पोखरी ५ डाँडागाउँमा नै सामान्य घर गृहस्थी गरेर बसेको जानकारी पाइन्छ ( जेठा छोरा उपेन्द्र अधिकारीबाट प्राप्त जानकारी) ।

लक्ष्मीनाथ अधिकारीको हजुरबाबा श्रीधरका दुई श्रीमतीमध्ये जेठी बेलधराबाट एक मात्र सन्तान रमानाथको जन्म भएको हो र कान्छी नीलकुमारीबाट दुई छोरा भूतनाथ र निलकण्ठको जन्म भएको थियो । श्रीधरका दुईश्रीमतीमध्ये बेलधरा लक्ष्मीनाथ अधिकारीको हजुरआमा थिइन् पिता रमानाथ अधिकारीले श्रीमतीका रूपमा यमुना अधिकारीसँग विवाह गरे । यिनै यमुना अधिकारीको कोखबाट तीन छोरी र चार छोरा गरी ७ सन्तान जन्मे र यसै मध्येका लक्ष्मीनाथ अधिकारी जेष्ठ पुत्र हुन । लक्ष्मीनाथ अधिकारीकी जेठी बहिनी देवका पन्त र जेठा ज्वाइँ हिमाल पन्त हाल गुल्मी जिल्ला दिगाम गा.वि.स. को दिगाम गाउँमा छन् भने माहिली बहिनी गङ्गा पोखेल र माइला ज्वाइँ रुद्र पोखेल हाल अर्घाखाँची जिल्लाको पडेना भन्ने गाउँमा रहेको देखिन्छ ।

यसैगरी कान्छी बहिनी राधा र कान्छा ज्वाइँ हेमनाथ पोखेल कपिलवस्तु जिल्लाको पिपरा भन्ने ठाउँमा छन् । लक्ष्मीनाथ अधिकारीका माइला  भाइ कृष्णप्रसाद अधिकारी र माइली बुहारी सावित्रा हुन र यिनी कृष्णप्रसाद पाल्पा जिल्लाको भुवन पोखरी विद्यालयमा कार्यरत् छन् ।

लक्ष्मीनाथ अधिकारीको २०२७ सालमा शारदा भुसालसँग विवाह भएको थियो । त्यस कालान्तरमा शारदाको कोखबाट २ छोरा मात्र जन्मिए । ती मध्येका जेष्ठ छोरा उपेन्द्र अधिकारी २०३३ असार ११ गते जन्मेका हुन् र उनले मायादेवीसँग विवाह गरे । यिनै उपेन्द्र अधिकारी पोखरामा बसेको पाइन्छ । उनी एक छोरी उन्नति अधिकारीका पिता भएका छन् । कान्छा छोरा उत्तम अधिकारी २०३७ साल जेष्ठ १४ गते जन्मेका हुन् र उनले समी दाहालसँग विवाह गरे । यिनै उत्तम अधिकारी वैदेशिक रोजगारमा अमेरिकामा भएको  देखिन्छ । उनी एक छोरा युनिक अधिकारीका पिता भएका छन् (जेठा छोरा उपेन्द्र अधिकारीबाट प्राप्त जानकारी) ।

## २.२ जन्म र बाल्यकाल

पाल्पा जिल्लाको भुवन पोखरी ५ डाँडागाउँ भन्ने ठाउँमा वि.सं. २००६ भाद्र २२ गते बुधबारको दिन पिता रमानाथ अधिकारी र माता यमुना अधिकारीका जेष्ठ पुत्रका रूपमा शोभाकान्त अधिकारीको जन्म भएको हो । यिनै शोभाकान्त अधिकारी नै कवि तथा साहित्यकार लक्ष्मीनाथ अधिकारी हुन् । यिनको न्वारनको नाम शोभाकान्त अधिकारी हो भने व्यवहार साहित्यमा यिनी लक्ष्मीनाथ अधिकारीका नामले चिनिन्छन् ।

तीन वर्षको शैशवावस्थामा आफ्ना पिता पण्डित भएका कारणले पिताको माध्यमबाट घरमै साउँ अक्षर चिनेका हुन् । बुवा असाध्यै अध्यात्मवादी भएकाले उनले लक्ष्मीनाथ अधिकारीलाई संस्कृतका विभिन्न श्लोकहरू, विभिन्न देवीदेवताका स्त्रोत्र पाठहरू र श्लोकहरू घोक्न लगाउने गर्दथे । बाल्यकालमा यिनको पढाइका साथै विभिन्न खेलहरूमा पनि विशेष रुचि थियो । यिनले सबै खेलप्रति रुचि भएतापनि चङ्गा उडाउनेमा विशेष रुचि राख्दथे ।

त्यस्तै यिनका बाल्यकालमा खेलमा डण्डीवियो, गुच्चा, कपर्दी, भुरूङ्ग नचाउने आदिखेलमा पनि त्यत्तिकै रुचि बताउँथे । यसका अतिरिक्त सानै उमेरदेखि कलामा पनि विशेष रुचिका कारण आफ्ना सहपाठी साथीहरूका माभ्क अग्रपङ्क्तिमा नै थिए । आफू पण्डित भएका कारणले आफ्ना जेष्ठ पुत्रलाई सुशिक्षित बनाउने दीशातिर रमानाथ अधिकारी लागेको देखिन्छ ।

औपचारिक रूपमा यिनको शिक्षादीक्षा सुरुवात पाँच वर्षको उमेरदेखि भएको हो । पाँच  वर्षको उमेरमा यिनी पाल्पा जिल्ला भुवनपोखरी गा.वि.स. वा.नं. ५ डाँडागाउँस्थित नेपाल राष्ट्रिय जन जागृति प्राथमिक विद्यालयमा भर्ना भएका  थिए । उनले यही प्राथमिक विद्यालयबाट ५ कक्षा पास गरे ।( महाकाव्यकारका जेठा छोरा उपेन्द्र अधिकारीबाट प्राप्त जानकारी) ।

## २.३ शिक्षा र रुचि

अध्ययन, मनन, लेखन र चिन्तन गर्ने विषय हो । फुर्सदको समयमा लक्ष्मीनाथ अधिकारी पत्रपत्रिका पढ्ने गर्दथे, उनी गोर्खापत्रका नियमित पाठक थिए । पुराना सङ्गीत सुन्न रुचाउने अधिकारी विद्यार्थी जीवनमा नाच्ने गरेको हुनाले नृत्यप्रति पनि उनको रुचि रहेको थियो । प्रायः बिहान ४ बजेतिर उठ्ने र बेलुका ११ बजे पछि सुत्ने गर्दथे । बिहान उठेर एकछिन ध्यानमा बस्ने र केही आसनहरू गर्ने गर्दथे । सूर्य नउदाउँदासम्म अध्ययन वा लेख्ने गर्दथे ।

सूर्य उदाएपछि केही समयसम्म घुमेर आउने गर्दथे । सादा जीवन उच्च विचारका धनी लक्ष्मीनाथ अधिकारीका कुनै भड्किलो किसिमको रुचि थिएन । उनलाई अधिकांश नेपालीले मनपराउने सादा किसिमको खानेकुरा मनपर्थ्यो । दाल, भात, मकैको भात, कोदाको रोटी र धनीया राखेर पिनेको टमाटरको चटनी मन पर्थ्यो । भड्किलो खालको पोसाक उनलाई मन पर्दैनथ्यो । सादा पाइन्ट, सर्ट, कुर्ता सुरुवाल लगाउन मन पराउँथे ।

लक्ष्मीनाथ अधिकारी बढी मात्रामा स्वच्छ समाजको निर्माणमा ध्यान दिने साहित्यकारलाई मन पराउँथे । खेलमा बढी मनपर्ने भलिबल, चेस, क्यारिमबोर्ड खेलमा रुचि राख्दथे । अधिकारीलाई खैरो रङ्ग बढी मनपर्थ्यो । धर्म र ईश्वरमा विश्वास भएकाले जीवनको पूर्वार्द्ध नियमित रूपले मन्दिर जाने पूजा पाठ गर्ने गर्दथे भने उत्तरार्द्धमा अलिकति विश्वास घटेको देखिन्छ । भावुक एकान्तप्रेमी स्वाभिमानी स्वभावका लक्ष्मीनाथ अधिकारीमा तडक भडक र अहम्भाव पटक्कै थिएन । आफूलाई सामान्य व्यक्ति ठान्ने र आफ्नो दायित्वप्रति सदा सचेत रहने उनी मिलनसार र सहयोगी थिए । उनी सरल लेखन परम्परावादी लेखन, शास्त्रीय छन्दलाई अवलोकन गर्ने कविका रूपमा चिनिन्थे (महाकाव्यकार अधिकारीकी पत्नी शारदाबाट प्राप्त जानकारी अनुसार) ।

कवि लक्ष्मीनाथ अधिकारी रूपन्देही जिल्लाको समसामयिक नेपाली वाङ्मयकका होनहार स्रष्टा हुनुहुन्थ्यो । आफ्नो समग्र जीवन शिक्षा क्षेत्रमा व्यतित गर्नु भएका बहुमुखी व्यक्तित्वका धनी अधिकारी

एक कुशल शिक्षक मिलनसार मित्र इमान्दारी समाजसेवी गम्भीर चिन्तक, अथक परिश्रमी, सरल सौम्य स्वभावका स्रष्टा हुनुहुन्थ्यो । बालसाहित्य, कविता काव्यमा विशेष अभिरुचि राख्नुहुने उहाँ स्पष्टवक्ता कर्तव्यप्रति निष्ठावान सहयोगीका रूपमा समाजमा सुपरिचित हुनुहुन्थ्यो । द्वन्द्वात्मक भौतिकवादमा विश्वास राखेपनि उहाँ अध्यात्मवाद बौद्धदर्शनका विद्वान हुनुहुन्थ्यो ।

साहित्य, कला र सङ्गीत तीनवटै विधामा विशेष अभिरुचि राख्नुहुने स्वर्गीय अधिकारी कुशल बाद्यवादक, आकर्षक कलाका रचयिता साथै छन्दका कविता लयबद्धरूपमा वाचन गर्ने व्यक्ति हुनुहुन्थ्यो । सिद्धार्थ साहित्य परिषदको विकासमा समेत योगदान गर्नुभएका लक्ष्मीजी अल्पायुमै दिवङ्गत हुनुभए पनि उहाँले *बाल बगैँचा* (बाल कविता सङ्ग्रह), *अनन्त यात्रा* (शोककाव्य) र *'शान्तिदूत'* (महाकाव्य) जस्ता कृति प्रकाशित गरेर नेपाली साहित्यको विकासमा विशेष पहिचान कायम गर्नु भएको छ । आदर्शोन्मुख यथार्थवादमा विश्वास गर्ने उहाँको गजल विधामा समेत राम्रो दखल थियो । समग्रमा उहाँ सरल स्वभावका निरन्तर सृजनामा अभिरुचि राख्ने व्यक्ति हुनुहुन्थ्यो (महाकाव्यकारका मित्र बालकृष्ण भट्टराइका अनुसार) ।

## २.४ सामाजिक र साहित्यिक जीवन

लक्ष्मीनाथ अधिकारी सानैबाट समाजमा व्याप्त अन्याय, अत्याचार, व्यभिचार, शोषणको विरोधमा लागेका थिए । त्यसको मूल जरो अशिक्षा नै हो भन्ने लागेकोले त्यसको निवारणको लागि शिक्षाको आवश्यकता महशुस गरेका थिए । तदनुसार उनी शिक्षा प्रसारको कार्यमा लागेका थिए । २०३० को दशकदेखि शिक्षा क्षेत्रमा घनिष्टता थियो ।

शान्तिनायक गौतम बुद्धको पावन अवसर भूमि लुम्बिनीमा बसोबास गर्ने उनले प्रत्यक्ष अप्रत्यक्षरूपमा लुम्बिनीको विकासमासमेत आफ्नो प्रतिभाको उपयोग गरेका थिए । जीवनलाई आदर्शरूप दिने र सामाजिक रूपान्तरणका निम्ति साहित्यको सृजना आवश्यक हुन्छ, भन्ने उनको मान्यता थियो ।

अन्तर्राष्ट्रिय बौद्ध समाजमा समेत आबद्ध उनकै सक्रियता र सहयोगमा सिद्धार्थ साहित्य परिषदको पचासौँ साहित्यसङ्गम लुम्बिनीमा भव्यताका साथ सम्पन्न भएको थियो । राष्ट्रवादी समाजसेवी व्यक्तित्व अधिकारीको नाम नेपाली पद्य साहित्यको इतिहासमा स्वर्णअक्षरमा अङ्कित हुने छ । साहित्यको सशक्त माध्यम भाषा हो । भाषालाई खेलाउन सक्ने तथा भाषामा अधिकार भएको व्यक्ति नै बढी सफल देखिन्छन् । लक्ष्मीनाथ अधिकारीको मातृभाषा नेपाली भएका कारण नेपाली पठन पाठन र स्वाध्ययनका

कारण अङ्ग्रेजी, हिन्दी, संस्कृति, अवधी भाषामा राम्रो पकड रहेको देखिन्छ । अधिकारीलाई पाँचवटै भाषामा लिखित र मौखिक क्षमता रहेको देखिन्छ (जेठा छोरा उपेन्द्र अधिकारीबाट प्राप्त जानकारी अनुसार) ।

## २.५ साहित्यिक क्षेत्रमा प्रवेश र लेखन प्रेरणा

लक्ष्मीनाथ अधिकारी नेपाली साहित्यिक फाँटमा परिचित व्यक्तित्व हुन् । नेपाली भाषामा साहित्य रचना गर्नमा खप्पिस अधिकारी बालसाहित्य, कविता, शोककाव्य, महाकाव्यको क्षेत्रमा उनको कलम चलेको देखिन्छ । लक्ष्मीनाथ अधिकारी २०२५ सालमा साहित्यशास्त्री पूरा गरी स्वदेश फर्केर जीवन सङ्घर्षमा होमिएपछि सोही सालदेखि साहित्य साधनामा तल्लीन भएका हुन् । यसपूर्व स्कुल जीवनमै पनि उनले फाटफुट साहित्यिक लेखन गरेको बुझिन्छ तर त्यसको ठोस प्रमाण पाइन्न ।

विभिन्न कविता लेखेर अभ्यास गरेपछि लेखिएको प्रथम प्रकाशित रचना “विदेशी छोरो” शीर्षकको कविता २०२३ सालमा भारतको ऋषिकेशबाट नेपाली छात्र संघले प्रकाशन गर्ने ‘नेपाली पुकार’ पत्रिकामा छापिएको थियो । लेखन प्रेरणा र प्रारम्भका विषयमा लक्ष्मीनाथ अधिकारीलाई घरमा पिता र बाहिर सहपाठी एवं गुरुवर्गको केही न केही भूमिका थियो ।

असल मान्छेभित्र अन्तर्निहित साहित्यिक वीजाङ्कुर प्रष्फुटनका निम्ति आवश्यक हुने संवेदनशील हृदयले नै उनलाई साहित्यिक फाँटमा ल्याएको हुनुपर्दछ । लक्ष्मीनाथ अधिकारीका पिता अत्यन्त अध्यात्मवादी थिए । उनको आदेश अनुसार विभिन्न देवी देवतासित सम्बन्धित स्तोत्र कण्ठ पार्थे । यता घरको उता स्कुलमा पढ्दा विभिन्न कविका कविताहरू अन्य गद्य सामग्री भन्दा रुचि लाग्ने यस्तै परिस्थितिमा दुईचार हरफ कोर्न थाल्दा, सहपाठीहरू र शिक्षकवर्गबाट प्राप्त प्रशंसाले गर्दा विस्तारै लेखन तर्फ उन्मुख भएका थिए (महाकाव्यकार अधिकारीका जेठा छोराबाट प्राप्त जानकारी अनुसार) ।

## २.६ कृतिप्रकाशन तथा सम्मान

कविता विधाबाट थालनी भएको लक्ष्मीनाथ अधिकारीको पहिलो रचना **विदेशी छोरो** (२०२३) भारतबाट प्रकाशित हुने **नेपाली पुकार** पत्रिकामा प्रकाशित भएपछि हौसिएका अधिकारीको साहित्यिकयात्रा २०६७ सालसम्म आइपुग्दा विविध विधामा फैलिएको पाइन्छ । उनको साहित्यिक यात्रामा कविता,

शोककाव्य, महाकाव्य, अप्रकाशित कवितासङ्ग्रह र गजलसङ्ग्रह जस्ता विविध विधाका रचनाहरू यस प्रकार छन्-

| प्रकाशित कृति | विधा | प्रकाशन संस्था | मिति |
|---|---|---|---|
| बाल बगैंचा | कविता सङ्ग्रह | कृतिकार स्वयम् | २०५९ |
| अनन्त यात्रा | शोक काव्य | समस्त परिवार | २०६४ |
| ‘शान्तिदूत’ | महाकाव्य | अन्तर्राष्ट्रिय बौद्ध समाज लुम्बिनी, | २०६७ |

अप्रकाशित कृति कविता सङ्ग्रह (ब्रह्मलुट, ऐँसेलु) गजल सङ्ग्रह, रहेका छन् । यसैगरी कविका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् ।

असल कार्य गर्ने मानिसलाई त्यस्ता कार्यतर्फ अझ सक्रिय बनाउनका लागि इनाम तथा सम्मान दिने गरिन्छ । यस्तो किसिमको पुरस्कारले व्यक्तिमा अझ हौसला प्रदान गर्दछ र अझ उसलाई लगनशील बनाउँछ । त्यस्तै लक्ष्मीनाथ अधिकारीले पनि सत्र वर्षको उमेरदेखि आफ्नोसाहित्यिक कृति सृजनातर्फ सक्रिय रहेका थिए । फलस्वरूप यिनले बाल्याबस्था तथा जीवनका विभिन्न काल खण्डमा इनाम, सम्मान पदकहरू पनि प्राप्त गरेका थिए । लक्ष्मीनाथ अधिकारीले हालसम्म प्राप्त सम्मान एवं पुरस्कारहरू यस प्रकार छन् - सुकदेव-सुकुमाया-लामिछाने, बाल साहित्य पुरस्कार - २०५९, एम्बेसडर फर पिस युनिभर्सल पिस फेडरेसन सम्मान - २०६४ (उपेन्द्र अधिकारीबाट प्राप्त जानकारी अनुसार)

## २.७ जीवनदर्शन र मृत्यु

प्रत्येक मानिसको जीवन सम्बन्धी भिन्दाभिन्दै दृष्टिकोण तथा मान्यता रहेको पाइन्छ । मान्छे विवेकशील प्राणी भइकन मरणशील पनि छ । तसर्थ आफूले पाएको छोटो जीवनलाई पनि बुद्धिमान मानिस सार्थक बनाउन चाहन्छ । लक्ष्मीनाथ अधिकारीले संघर्षशील मानवजीवनमा थुप्रै उकाली-ओराली, उतार-चढाव, आँशु-हाँसो, वेदना, छटपटीहरू भोगेका थिए । यिनै आँशु-हाँसो, वेदना, छटपटीहरूलाई आफ्ना कृतिमा मिहिनेत पूर्ण तरिकाले प्रस्तुत गरेका थिए । जीवन दर्शनका बारेमा अधिकारीको भनाइ थियो । जीवन चेतनाको उत्कृष्ट स्वरूप हो । चेतना भनेको प्रकाशको प्रतीक हो । जीवन एउटा बलिरहेको दियो जस्तो हुनुपर्दछ ।

एउटा यस्तो दियो जसले आफूले मात्र बाल्नु होइन, त्यसले अरू दियोलाई पनि सल्काउनु सक्नुपर्दछ । संक्षेपमा जीवन सर्वत्र ज्योतिर्मय हुनुपर्दछ भन्ने विचार उनको रहेको थियो । नेपाली

साहित्यको काव्य विधामा कलम चलाउने लक्ष्मीनाथ अधिकारीको मृत्यु मिति २०६७ साल पौष २० गतेका दिन साँझ ७ बजेको समयमा जिल्ला रूपन्देही गा.वि.स. मधुवनी महिलबार स्थित आफ्नै निवासस्थलमा हृदयघातबाट भएको थियो ।

## २.८ निष्कर्ष

वि.सं. २००६ मा पाल्पा जिल्लाको भुवनपोखरी जन्मिनुभएका कवि लक्ष्मीनाथ अधिकारी स्व. रमानाथ र यमुना अधिकारीका पुत्र हुनुहुन्छ । सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट शास्त्री गर्नुभएका अधिकारीको लुम्बिनीमा स्थायी बसोबास रहेको छ । विभिन्न साहित्यिक एवं शैक्षिक संघ संस्थामा आवद्ध स्व. अधिकारीका केही काव्य कृति रहेका छन भने केही सम्पादन गरेका साहित्यिक कृतिहरू रहेका छन । जसमा "सगरमाथा" ई.सं. १९६८, हरिद्वार, "रश्मी" लुम्बिनी मुखपत्र रहेका छन । "गुरुवाणी" रुपन्देही, अन्तर्राष्ट्रिय बौद्ध समाज मार्फत "लुम्बिनी" मुखपत्र प्रकाशन रहेका छन् । वहाँको प्रथम प्रकाशित रचना "विदेशी छोरो" र नयाँ पुकार, २०२३ रहेका छन् ।

पुस्तकाकार कृतिमा "बालबगैंचा, २०५९, (कविता संग्रह) "अनन्त यात्रा" २०६४, (शोक काव्य) "शान्तिदूत" २०६७, (महाकाव्य) (महामानव गौतम बुद्धको जीवनीमा आधारित) लगायत अन्य थुप्रै फुटकर रचनाहरू रहेका छन । प्रकाशोन्मुख कृतिमा "ब्रह्मलुट" कविता संग्रह र गजल संग्रह रहेका छन । वहाँले सुकदेव सुकमाया बाल साहित्य पुरस्कार २०५९, एम्वेसेडर अफ युनिभर्सल पिस फेडेरेसन सम्मान समेत प्राप्त गर्नु भएको छ । जीवनको धेरै समय विभिन्न शिक्षण संस्थामा शिक्षण गर्नुभएका अधिकारीको निधन २०६९ मा भएको थियो ।

लक्ष्मीनाथ अधिकारीको जीवनमा देखिएका विभिन्न मोड उपमोडहरूसँगै उनको जीवन विकसित भएको देखिन्छ । यसरी हेर्दा अधिकारीको जीवन विभिन्न आरोह अवरोहहरू पर गर्दै संघर्षपूर्वक अगाडि बढेको देखिन्छ । विभिन्न परिस्थितिहरूको सामना गर्दै शान्तिको खोजीतर्फ उन्मुख अधिकारीले जीवनको अन्तिम चरणमा शान्तिका अग्रदूत सिद्धार्थ गौतमको जीवन दर्शनमा आधारित महाकाव्य 'शान्तिदूत' रचना गरेर नेपाली साहित्याकाशमा उदाएका छन् ।

शास्वत सत्यको खोजी नै जीवनको आदर्श रहेको ज्ञान सिद्धार्थ गौतम बुद्धको जीवनीबाट पाएका अधिकारीको जीवन पनि यसैतर्फ उन्मुख रहेको पाइन्छ ।

# तेस्रो अध्याय

## महाकाव्यको परिचय र नेपाली महाकाव्य परम्परामा 'शान्तिदूत' महाकाव्य

मानिस तर्कशील, विचारशील, भावनाशील एवम् अनुभूतिशील प्राणी हो । तर्क बिचार, भावना एवं अनुभूतिलाई वाह्य प्रकाशनका लागि मानवले भाषिक वरदान प्राप्त गरेको छ । भाषा विचार विनियमको प्रवल साधन हो । कुनै पनि भाषा केवल सामान्य विचार विनिमयमा मात्र सीमित नरहेर समग्र ज्ञान, विज्ञान, शास्त्र तथा साहित्यको क्षेत्रमा प्रवेश गर्नु भाषिक सम्पन्नताको परिचायक हो । ज्ञान, विज्ञान, शास्त्र तथा साहित्यको समष्टि स्वरुपलाई वाङ्मय शब्दले बुझाउँछ । वाङ्मयलाई सीमितिकरण गरेर हेर्दा साहित्यको एउटा छुट्टै संसार देखा पर्दछ । यही साहित्यलाई पनि श्रव्य र दृश्य गरेर दुई भागमा वर्गीकरण गरेको पाइन्छ (विश्वनाथ, २०२० : २५९) । श्रव्यकाव्य अन्तर्गत कविता कथा, उपन्यास, निबन्ध, खण्डकाव्य महाकाव्य जस्ता विधाहरू पर्दछन । यहाँ महाकाव्य बिधाको सैद्धान्तिक परिचय र परिभाषा एवं विकासक्रम बारे चर्चा गरिन्छ ।

### ३.१ महाकाव्यको परिचय

पूर्वीय काव्यशास्त्रमा श्रव्य काव्यलाई भाषाको छन्दोबद्धता र मुक्तताका आधारमा पद्य र गद्य गरी दुई रुपमा देखाइएको पाइन्छ । यसैगरी पद्यका प्रबन्ध र मुक्तक गरी दुई भेद पाइन्छ । प्रबन्ध अन्तर्गत खण्डकाव्य र महाकाव्य पर्दछन (वर्मा, १९८५ : ३६८) भने मुक्तकलाई मुक्तक, भुम्मक, सन्दानितक, कलापक र कुलक गरी पाँच भागमा विभाजन गरेको पाइन्छ (विश्वनाथ, १९७७ : २२४) । कवृ वर्णने धातुमा "इ" प्रत्यय गाँसिएर कवि शब्दको निर्माण हुन्छ र यसैमा भाव अर्थमा "ता" प्रत्यय गाँसिएर कविता शब्द बन्दछ (उपाध्याय, २०४९ : ६) । यस व्युत्पादनबाट कविको अनुभूति वा भावनाको सूक्ष्मतम एवं बृहत्तर बर्णन नै कविता हो भन्ने अर्थ निष्कन्छ । वस्तुतः कविता लयधर्मी विधा हो । अन्यविधाबाट कविताले आफूलाई लयात्मकताका कोणबाट अलग बनाउँछ । यहाँ स्वच्छन्दतावादी अंग्रेजी कवि वर्डस्वर्थको कविता सम्बन्धी अवधारणा उद्धरणीय बन्दछ "तीव्रतम भावानुभूतिहरूको अविरल उच्छलन कविता हो" (जोशी, २०४५ : १७३) यही अनुभूतिको सहज प्रवहणले आयामको व्यापकता लिएर कविता जव आफूलाई अगाडि बढाउँछ तव क्रमशः मध्यम र वृहत रुपमा प्रवेश गर्दछ ।

“कविता वर्गीकरण सम्बन्धी पूर्व पश्चिमका अवधारणाहरूलाई संयोजन गर्दै कविता विधाका अविधागत श्रेणीलाई तीन बर्गमा बाँड्ने हो भने कविता लघु, मध्यम र वृहत गरी तीन स्वरुपमा परिचित भई लघुरुपमा मुक्तक र फुटकर कविता, मध्यम (मझौला) रुपमा खण्डकाव्य र लामा कविता एवं वृहत रुप अन्तर्गत कलात्मक र विकासशील महाकाव्य पर्दछन । तर यिनलाई तीन वर्गका पाँच वर्गमा बाँडदा कविताका उपविधागत उत्तरोत्तर विस्तारित पाँच श्रेणी कायम हुन्छन र ती हुन लघुत्तम रुप (मुक्तक) लघुरुप (फुटकर कविता) मध्यम रुप (खण्डकाव्य लामा कविता) बृहत (कलात्मक महाकाव्य) र वृहत्तर वा बृहत्तम (विकासशील महाकाव्य)(त्रिपाठी, २०५३ : १२) । यी उपभेदहरूमा लघुत्तम रुपदेखि क्रमशः आख्यानको विस्तार हुँदै गएर विकासशील (आर्ष) महाकाव्यमा पुग्दा सिङ्गो जीवन वा एउटा युग नै प्रस्तुत हुन पुगेको हुन्छ ।

पद्य साहित्य अन्तर्गत एउटा उपविधाका रुपमा परिचित महाकाव्यको ऐतिहासिक शृङ्खला निकै दीर्घतर देखिन्छ । वर्तमानमा उभिएर हेर्दा यसलाई ऐतिहासिक देन मान्नु पर्ने हुन्छ । त्यसैले यसलाई बुँदा वा पुरानो साहित्य विधा भन्ने गरिन्छ । आदिम समयमा साहित्यका अन्य विधाहरू माथि आफ्नो विजय जगाएर जयः एकछत्र अधिकार प्राप्त गरिसकेको युगवादी साहित्यिक विधा पनि आज अतीतको साहित्यिक उपलब्धी भइसकेको छ (त्रिपाठी, २०२७ : ९७) । यसरी विगतमा अनेकौं महाकविले महाकाव्य रचेका हुनाले विभिन्न काव्य चिन्तकहरूले महाकाव्यको अनुगमनात्मक अध्ययन गरेर पूर्वीय र पश्चिमी मान्यता दुवै दृष्टिकोणहरू प्रस्तुत गरेका छन र यो शास्त्रीय विधा पनि भएको छ । शास्त्रले निश्चित मान्यतालाई अगाडि राखिदिएको छ । तिनै शास्त्रीय मान्यताहरूको चर्चा परिचर्चा गरी मूलभूत मान्यताको स्थापना र मूल्यांकन गर्न दुवै पूर्वीय र पश्चिमी मान्यताहरूको अध्ययन गरिन्छ ।

## ३.२ महाकाव्य सम्बन्धी पूर्वीय मान्यता

पूर्वीय साहित्यमा रामायण र महाभारत जस्ता आर्ष महाकाव्यहरूलाई र आर्ष युगदेखि प्रचलित गाथाचक र इतिहासलाई अनुगमन गरेर विभिन्न साहित्य चिन्तकहरूले महाकाव्य सम्बन्धी आ-आफ्ना अवधारणाहरू प्रस्तुत गरेका छन । पूर्वीय साहित्य चिन्तन परम्परामा प्रथम आचार्यका रुपमा भरतमुनि सम्मानित छन, किन्तु उनको चिन्तन नाट्यकेन्द्री पाइन्छ । अत एव महाकाव्य चिन्तन परम्परामा प्रथम आचार्यका रुपमा भामह नै पर्दछन ।

छैटौं शताब्दीको पूर्वार्द्धमा आइपुग्दा भामहले महाकाव्य सम्बन्धी पहिलो आधिकारिक आवाज उठाएको पाइन्छ । भामहका अनुसार -"महाकाव्य सर्गहरूमा आवद्ध हुनु पर्दछ । यसले महान व्यक्तिहरूको महत् कार्य वा पौरखको वर्णन गर्नु पर्दछ । पञ्चसन्धिले आपूर्ण र छन्दमा आवद्ध भई अलङ्कृत एवं नातिव्याख्येय हुनु पर्दछ (भामह, २०३८ : १९, २०) ।"। भामहको यस भनाइ अनुसार महाकाव्यमा सर्गबद्धता हुनु पर्दछ । नायक र कथानक दुवै उच्च हुन्छन । शिष्ट शब्दार्थ एवं आलंङ्कारिक पदसंयोजन रहन्छ । सञ्चार वाहकको आवागमन र नायकको अभ्यूत्थानलाई देखाइन्छ । कथानक पञ्चसन्धिद्वारा समन्वित हुन्छ र महाकाव्य बढी व्याख्येय हुँदैन । भामहको उपर्युक्त कथनमा एउटा आलोच्य पदावली "नातिव्याख्येय" रहेको छ । यस सन्दिग्धार्थक पदावलीको आशय के त ? महाकाव्य जस्तो वृहत्तम विधामा यो सम्भव छ ? भामहले किन र कुन अर्थलाई संकेत गरे त ? यहाँ हाम्रा नेपाली महाकवि लक्ष्मीप्रसाद देवकोटाको कथन विस्तार नै यसको गुण र अवगुण होला ( देवकोटा, २०४८ भूमिकाः ....) स्मरणीय बन्न पुग्छ ।

"नातिव्याख्येय" कथनको प्रासङ्गिक अर्थ के हुनु पर्दछ भने महाकाव्यको कथानक स्वतः तानिदै जाओस तर दीर्घाकारमा लैजानका लागि महाकाव्यकारले अनपेक्षित कसरत गर्न नपरोस । जे होस् भामहले महाकाव्यलाई विपुलाकार युक्त कृतिकै रुपमा हेर्न चाहेको अनुभव हुन्छ ।

भामह पश्चात महाकाव्यको सैद्धान्तिक पक्षको चर्चा परिचर्चा गर्ने दोस्रो आचार्यका रुपमा दण्डी आउँछन । दण्डीका अनुसार "महाकाव्य सर्गबद्ध हुनुपर्दछ, माङ्गलिक सन्दर्भबाट महाकाव्य आरम्भ गरिनु पर्दछ । मङ्गलाचरण आशीर्वादात्मक, नमस्क्रियात्मक र वस्तुनिर्देशात्मक मध्ये कुनै एक किसिमको हुनु पर्दछ । कथानक इतिहास प्रसिद्ध वा सज्जनको आश्रयमा आधारित हुन्छ । धर्म, अर्थ, काम, मोक्षले युक्त हुनु पर्दछ । नायक चतुर, प्रवीण एवं उदात्त हुनु पर्दछ । विभिन्न किसिमका प्राकृतिक परिवेशको उल्लेख भएको हुनु पर्दछ । जसमा नागरपरिवेश पर्वत शृङ्खला, सागर, सूर्य र चन्द्रको उदय, बगैचा, जलक्रीडा जस्ता सन्दर्भहरू विद्यमान होऊन । यस्तै गरी वैवाहिक सन्दर्भ र कुमारको जन्म प्रसङ्ग अनि सञ्चार वाहकको आवागमनको सन्दर्भ हुनु पर्दछ । कथानकीय शृङ्खलामा नायकको पतन नभई अभ्युदय हुनु पर्दछ । अलङ्कार र रसभावले आपूर्ण हुनु पर्दछ । सर्गहरू लघु आकारमा आवद्ध हुनु पर्दछ । कथानकलाई पञ्चसन्धिले समन्विततता र संगठितता प्रदान गर्नु पर्दछ । उपर्युक्त सन्दर्भहरूले युक्त भएको लोकलाई आत्मरञ्जन प्रदान गर्ने कथानक भएको महाकाव्य कल्पान्तरसम्म जीवन्त रहन्छ (दण्डी, २०२८ : २०२) ।

भामहको महाकाव्य सम्बन्धी परिभाषाभन्दा अघि बढेका दण्डीमा निम्न लिखित थप कुराहरू प्राप्त गर्न सकिन्छ ।

- कथावस्तुको श्रोत,
- चतुवर्ग फल प्राप्ति,
- आरम्भमा बस्तु निर्देश, आशीर्वाद र नमस्क्रिया,
- शैले, ऋतु, चन्द्र र सूर्यको उदय जलक्रीडा आदि विवरणात्मकताको प्राधान्य ।

दण्डी पश्चात महाकाव्य सम्बन्धी चिन्तन गर्ने अर्का आचार्यका रुपमा रुद्रट् देखापर्दछन । उनको काव्यालङ्कार (रुद्रटालंङ्कार) ग्रन्थमा महाकाव्यका सन्दर्भमा यस्ता धारणाहरू व्यक्त भएका पाइन्छन - " महाकाव्यमा कथानक कल्पित वा अकल्पित जुनसुकै भए तापनि महान हुन्छ । यस कथानक भित्र अवान्तर कथाहरू पनि समाविष्ट हुन सक्छन । यसले युग जीवनका विविध पक्षलाई चित्रण गर्दछ । नायक सर्वगुण सम्पन्न, द्विज कुलोत्पन्न, शक्तिमान हुनुका साथै युद्धमा विजय समेत हासिल गर्न सक्ने खालको हुन्छ (रुद्रट, २०३२ : २०३)

यसरी रुद्रटले दण्डीले भन्दा अझ बढी नायकका पक्षमा र कथा एवम् उपकथाका सन्दर्भमा नवीन कुराहरू थपेको पाइन्छ । रुद्रट पश्चात महाकाव्य चिन्तन परम्परामा हेमचन्द्र देखा पर्दछन । उनले आफ्नो ग्रन्थ काव्यानुशासनमा महाकाव्यलाई यसरी चिनाउने काम गरेका छन । "पद्यबद्ध रुपमा प्रायः संस्कृत, अपभ्रंश आदि भाषामा लेखिएको र विभिन्न कथानकलाई लिएर शब्द वैचित्र्य, अर्थ वैचित्र्म, रसयुक्त छन्दोबद्ध एवम् लोकरञ्जक गुण भएको काव्य नै महाकाव्य हो (हेमचन्द्र, १९३४ : ३९५) ।

यसरी आचार्य हेमचन्द्रले महाकाव्यका सन्दर्भमा संस्कृतेतर भाषालाई समेत स्थान दिएको पाइन्छ । साथै शब्द वैचित्र्य र अर्थ वैचित्र्यका सन्दर्भमा पनि नवीन अवधारणाहरू प्रस्तुत गरेको पाइन्छ ।

संस्कृत (पूर्वीय) साहित्यको चिन्तन परम्परामा उत्तरवर्ती समय शृङ्खलामा देखापरेका विश्वनाथ पनि एक विशिष्ट साहित्य चिन्तकका रुपमा सुपरिचित छन । उनले महाकाव्य सम्बन्धित चिन्तनका क्रममा लामो परिभाषा प्रस्तुत गरेका छन । उनका अनुसार "महाकाव्य सर्गबद्ध हुनु पर्दछ र यसमा उच्च कुलको नायक वा अगीय वंशको धीरोदात्त गुणयुक्त नायक हुनु पर्दछ । यसैगरी एकै वंशका अनेक राजाहरू पनि नायकका रुपमा प्रयोग हुन सक्छन । शृङ्गार, वीर र शान्त रसमध्ये कुनै एक रस अङ्गी र अन्य रसहरू अङ्ग रसका रुपमा रहनु पर्दछ ।

इतिहास प्रसिद्ध महापुरुषको जीवनसँग सम्बन्धित लोकप्रसिद्ध कथानक र चार वटै पुरुषार्थ महाकाव्यमा हुनु पर्दछ भने चरणफलको रुपमा एउटा मात्र फल प्रस्तुत हुनु पर्दछ । यसको प्रारम्भ

मङ्गलाचरणबाट हुने र त्यहाँ अभिवादनका साथै सज्जनको प्रशंसा र दुर्जनको घृणा हुन्छ । प्रत्येक सर्गमा, एउटै छन्द भएपनि सर्गान्तमा छन्द परिवर्तित हुनु पर्दछ । यसमा साँझ, सूर्य, चन्द्र, रात, प्रदोष, अन्धकार, दिन, विहान, मध्यान्ह, शिकार, पर्वत, वस्तु, बन, उपवन, समुद्र, संयोग, वियोग, मुनि, स्वर्ग, यज्ञ, युद्ध, यात्रा, दण्ड, आदिको वर्णन गरिएको हुनु पर्दछ । महाकाव्यको नामाकरणमा कवि नायक र जुनसुकै वर्णित कथालाई आधार लिन सकिन्छ । सर्गको नाम भने सर्गभित्र वर्णित विषयवस्तुका आधारमा गरिन्छ । (विश्वनाथ, १९६३ : ५४९)

वस्तुतः विश्वनाथको नायक उच्च कुलको हुनु पर्दछ भन्ने आग्रह सङ्कीर्ण देखिन्छ । शृङ्गार, वीर र शान्त रसमध्ये एउटा अङ्गी रस अन्य अंग रस हुनु पर्दछ भन्ने मान्यता पनि सङ्कुचित देखिन्छ । करुण रसलाई आँखा चिम्लिदिनु साँच्चै नै आर्ष महाकाव्य प्रति चिन्तनको विषय रहेको पाइन्छ ।

उनले सबै रसप्रति न्याय गर्न सकेको पाइदैन । दण्डीको रसभाव निरन्तरताले प्रदानगरेका रसात्मक उदारता विश्वनाथले दिन नसकेको संरचना वा प्रबन्ध पक्षसित सम्बन्धित सन्दर्भले आकारगत विशालतालाई संकेत गर्दछ । तापनि सर्गको संख्यात्मक बहुलतामा मात्र महाकाव्यले गौरव गर्दछ भन्न भने सकिँदैन । "चतुर्वर्गफल प्राप्ती" भन्ने दण्डीको कथनमा विश्वनाथले कुनै एकको प्राप्ति भनेर आफूलाई संकीर्ण बनाएका छन । पूर्वीय महाकाव्य चिन्तनलाई हेर्दा विश्वनाथको चिन्तनको पूर्ववर्ती भामह र दण्डीको उचाईलाई पनि प्राप्त गर्न सकेको देखिँदैन ।

भामहदेखि विश्वनाथसम्मका परिभाषाहरूको तुलनात्मक अध्ययन गर्दा यस किसिमको भिन्नता पाउन सकिन्छ -भामह महान व्यक्तिको महत अर्थमा जोड दिन्छन भने दण्डी कल्पित कथानकको बहिष्कार गर्दै इतिहास प्रसिद्ध कथानकमा जोड दिन्छन तर विश्वनाथ र रुद्रटले ख्यात, उत्पाद्य र मिश्रित मध्ये कुनै एकतर्फ सङ्केत गरेको देखिन्छ । अलङ्कारवादी भामह कठिन शब्दलाई निषेध गर्दै अलङ्कृत पदावलीमा जोड दिन्छन भने दण्डी र विश्वनाथ यस सन्दर्भमा प्रायः मौन वा तटस्थ देखिन्छन । यसरी पूर्वीय महाकाव्य चिन्तकहरूको अवधारणालाई गहिरिएर अवलोकन गर्दा भामह र दण्डी आर्ष महाकाव्य तर्फ बढी झुकेको देखिन्छन भने रुद्रट हेमचन्द्र तथा विश्वनाथ भने बढी ललित महाकाव्य तर्फ ढल्केका देखिन्छन । संस्कृत परम्पराका उपर्युक्त महाकाव्यीय परिभाषाहरूको समीकरण गरेर निम्न लिखित निष्कर्ष निकाल्न सकिन्छ ।

महाकाव्य महानहरूको महत अर्थ बोकेको श्रुतिरम्य, आलङ्कारिक, छन्दोबद्ध, सर्गबद्ध, पञ्चसन्धि समन्वित र व्यापक परिवेश समेटेको शाश्वत काव्य कृति हो ।

महाकाव्यका सम्बन्धमा व्यक्त भएका धारणाहरूमा केही भारतीय एवम नेपाली विद्वानहरूका धारणाहरू पनि यहाँ सान्दर्भिक हुने हुनाले भारतीय तथा नेपाली विद्वानहरूले दिएका महाकाव्य सम्बन्धी अवधारणालाई चर्चा गरिएकोछ ।

भारतीय समालोचक एवं पूर्वी  र पाश्चात्य साहित्य शास्त्रका व्याख्याता डा. नगेन्द्रले महाकाव्यलाई उदात्त कथानक, उदात्त नायक, उदात्त उद्देश्य, उदात्त भाव एवं शैली भएको छन्दोबद्ध काव्य ग्रन्थका रुपमा (डा. नगेन्द्र १९८१ : भूमिका...) लिएको पाइन्छ । यसरी डा. नगेन्द्रले महाकाव्यलाई एक महान ग्रन्थका रुपमा सम्मान गर्न चाहेको बुझिन्छ ।

हिन्दी साहित्यका अर्का प्रकाण्ड समालोचक डा. भगिरथ मिश्रले महाकवि र महाकाव्यलाई यसरी प्रष्ट्याउने चेष्टा गरेका छन । - महाकविको कल्पना संयम तर प्रवल हुन्छ । उसभित्र नव नव निर्माणको चेतनाका साथै हरेक वस्तुहरूका विशेषताहरू अत्यन्तै सुक्ष्म रुपमा निरीक्षण गर्न सक्ने क्षमता रहन्छ । महाकविभित्र रहेको शब्दावलीको जादुले गर्दा महाकवि र अन्य कविका बीचमा भिन्नता पाइन्छ ।

अतः महाकाव्य आफ्नो महत्तामा अक्षुण्ण रहन्छ (मिश्र, २०४७ : ५५) । महाकाव्य सम्बन्धी मिश्रको उपर्युक्त कथन पनि महाकाव्यलाई विपुलाकारयुक्त कृतिका रुपमा सम्मानित गर्ने तर्फ झुकेको देखिन्छ ।

अर्का भारतीय विद्वान विश्वम्भर मानवले महाकाव्यलाई यसरी हेर्छन - "महाकाव्यले जीवनको विराट चित्र प्रस्तुत गर्दछ । जातीय कथा, इतिहास पुराणमाथि आधारित हुने हुनाले यसको कथा विशेष युग वा संस्कृतिको सन्देश वाहक हुन्छ (विश्वम्भर, १९६२ : १३४) । यसरी भारतीय समालोचकहरूले महाकाव्यलाई वृहत युग वा संस्कृतिको सन्देश वाहक, विपुलकारमा आवद्ध शाश्वत कृतिका रुपमा हेरेको पाइन्छ ।

नेपाली साहित्यका केही प्रमुख समालोचकहरूबाट पनि महाकाव्य सम्बन्धी आ-आफ्ना धारणाहरू व्यक्त भएका छन । यहाँ तिनै अवधारणाहरूलाई प्रस्तुत गर्ने जमर्को गरिएको छ । यस सन्दर्भमा सर्व प्रथम नेपाली कविता भाग ४ मा अभिव्यक्त भएका विचारहरूलाई उल्लेख गरिन्छ । "महाकाव्य कविता विद्याको सवैभन्दा विशाल त्यस्तो वृहद तथा वृहत्तर उपविधागत भेद हो, जसमा साङ्गीतिक भाव प्रवाहको रुपमा कविताको प्राधान्य रहने गरी आख्यानका माध्यमबाट समग्र जीवन जगतको विस्तु कथन प्रायः सर्गवद्ध बृद्धि भाषिक सूचनाद्वारा गरिन्छ ।

महाकाव्यको रचनामा विपुल लय प्रवाह र विशाल भावराशि तथा समग्र जीवन जगतको आख्यानीकरण र वृहत भाषिक संरचनाका मुख्य चार पक्षका रुपमा रही यिनले कवित्वको विस्तृति र व्याप्तिका साथै घनत्वलाई अभिव्यक्त गर्दछन (त्रिपाठी, २०४६ : ९१-९२) ।

यस कथन अनुसार महाकाव्य विपुल लय प्रवाह युक्त, व्यापक आख्यान समेटेको बृहत भाषिक संस्थना भएको, विशाल भावराशी, समेटेको ग्रन्थका रुपमा परिभाषित हुन्छ । यसबाट महाकाव्यमा लयप्रवाह, कथानक, भाषिक संरचना एवं भाव राशी महान एवं उदात्त रहने कुराको पुष्टि हुन्छ । यसैगरी समालोचक वासुदेव त्रिपाठीका दृष्टिमा महाकाव्य सम्बन्धी अवधारणा यस प्रकार पाइन्छ - "वस्तुतः सामयिक सामाजिक धरातलमा टेकेर मानसिक भावात्मक र वैचारिक चिन्तनात्मक स्तरमा महत्तम कविता छविद्वारा जीवनको विस्तृत व्यापक, अझ विराट अभिव्यञ्जना गर्नु नै मेरो दृष्टिमा महाकाव्य हो (त्रिपाठी, २०२७ : १०९) ।

यस्तै अर्का ठाउँमा त्रिपाठी कै भनाई यस्तो देखिन्छ - "कविता जब एउटा सिङ्गो जिन्दगानीलाई बोकेर हिड्न थाल्छ र अनुभूतिको महानदी जब वहन थाल्छ यो महाकाव्य विधा प्रकट हुन्छ (त्रिपाठी, २०५२ : ५) । यसरी त्रिपाठीले महाकाव्यलाई पूर्ण कथानकयुक्त विराट अभिव्यञ्जनायुक्त काव्यात्मक कृतिका रुपमा लिएको देखिन्छ ।

नेपाली साहित्यका महान प्रतिभा महाकाव्यकार लक्ष्मीप्रसाद देवकोटाले महाकाव्यलाई यसरी चिनाएका छन - " सायद महाकाव्य भन्नु नपर्ने कति मात्रामा सुहाउँदछ म भन्न सक्तिन.....तर साधारण समाजिक औपन्यासिक सामग्री र युक्तिको कल्पनाद्वारा रचना गरिएको कविता उपन्यास, जसलाई महाकाव्य भन्ने साधारण उपाधि नै हुने गरी दिइएको छ. । के छन्दमा उपन्यास लेखिन सक्दैन ? (देवकोटा, २००३: भूमिका ) । यसरी लक्ष्मीप्रसाद देवकोटाले आफ्नो महाकाव्यको समालोचना गर्ने सिलसिलामा दिइएको मन्तव्य परिभाषाभन्दा बढी आलोचना तर्फ केन्द्रित भएको अनुभव हुन्छ ।

नेपाली महाकाव्यको इतिहासमा नविन क्रान्तिको प्रणयन गर्ने महाकवि वालकृष्ण समले महाकाव्यलाई यसरी परिभाषित गरेका छन - " संलग्न रुपले लेखिएका धेरै कविताहरूको संग्रह नै महाकाव्य हो (सम, २०४८ : भूमिका) ।

बृहत नेपाली शब्दकोषले महाकाव्यको चिनारी यसरी दिएको पाइन्छ - "काव्य शास्त्रानुसार कथा सूत्रमा आवद्ध प्रख्यात विषयवस्तुमा आधारित सर्ग बद्ध तथा रसयुक्त ठूलो गहन काव्य (त्रिपाठी, २०५५ : १०५८) । यसरी उपर्युक्त धारणाहरूबाट महाकाव्य जीवन जगतको विस्तृत एवं विराट

अभिव्यञ्जना गर्ने दरिलो आख्यान र त्यसलाई वहन गर्न सक्ने नायक भएको शाश्वत काव्य कृतिका रुपमा परिभाषित हुन्छ ।

## ३.३महाकाव्य सम्बन्धी पाश्चात्य मान्यता

पश्चिममा काव्यचिन्तनको ऐतिहासिक परम्परा खोतल्दै जाँदा चिन्तक प्लेटोसम्म पुग्नु पर्ने देखिन्छ । "काव्यचिन्तनका पहिला ठोस तर्कहरू प्लेटोका कृतिहरूमा पाइन्छन" (सुवेदी, २०५४ : १०) तर काव्य चिन्तनका ठोस तर्कहरू निकाले पनि महाकाव्यका सन्दर्भमा उनको चिन्तन नदेखिएकोले यस सन्दर्भमा केवल स्मरण गरिन्छ ।

महाकाव्य सम्बन्धी चिन्तनको सन्दर्भमा पूर्वका भामहको स्थानलाई ओगट्ने प्रतिभा पश्चिममा अरस्तु नै रहेका छन । यद्यपि उनले पनि महाकाव्य सम्बन्धी कुनै छुट्टै चिन्तन गरेका छैनन, तापनि दुखान्तक (ट्रेजडी) को चर्चा गर्ने क्रममा महाकाव्य सम्बन्धी आफ्ना तर्कहरू अभिव्यक्त गरेको पाइन्छ । आफ्नो काव्य शास्त्र (पारिपोइतिकेस) को अध्याय २२, २३ तथा २४ मा महाकाव्य र दुःखान्तक बीच तुलना समेत गरेको पाइन्छ । उनी महाकाव्यका सन्दर्भमा भन्छन - "महाकाव्यमा आफ्ना सीमासित बिस्तार गर्ने विशिष्ट क्षमता हुन्छ ।

जहाँसम्म यस्ता काव्यानुकृतिको प्रश्न छ, जसको रुप आख्यानात्मक तथा छन्द एउटा भाग प्रयुक्त हुन्छ । कथानकको विकासमा आदि मध्य र अन्त्य भएको एक पूर्ण घटनाको उल्लेख भएको हुनु पर्छ । यसरी आफ्नो अन्वितिमा यो काव्यको रुप एक जीवन्त प्राणी जस्तो हुन्छ र यसले विशिष्ट आनन्द प्राप्त गर्दछ (अरस्तु, १९८१ : ८१) ।

अरस्तुको उपर्युक्त कथन अनुसार महाकाव्य लचिलो प्रबन्धनयुक्त आख्यानात्मक, एक छन्दमा आबद्ध कथानकीय विकासमा आदि मध्य र अन्त्यको उचित परिपालन भएको, पञ्चसन्धियुक्त, एउटा सिङ्गो र पूर्ण कथानक भएको सुसंगठित एवम आलङ्कारिक पदयुक्त काव्य कृति हो ।

अरस्तुले महाकाव्य सम्बन्धी चर्चा गर्ने क्रममा केही टिप्पणी गर्ने स्थान छोडे जस्तो देखिन्छ । उनका अगाडि होमरका, इलियट र ओडिसी जस्ता विकसित महाकाव्य छँदै थिए, तर पनि दुःखान्त महाकाव्यको तुलना गर्दा उनी यसो भन्छन - "यो (महाकाव्य) त्यति नै हुनु पर्दछ, आदि र अवसान एकै दृष्टिमा आउन सक्नु पर्दछ । यो सर्त जब पूरा हुन्छ, तब काव्यहरूको आकार प्राचीन

महाकाव्यहरूभन्दा कम तथा दुःखान्तक सित एकै भई एकै बसाइमा समाप्त हुन्छ ( नगेन्द्र, १९८१ : ४७, ४८) ।

यहाँनेर त्रासदी र महाकाव्यका बीचको तुलनामा आएका पदावलीले इपिक अफ आर्ट ( अलङ्कृत महाकाव्य) लाई संकेत गरिरहेको जस्तो देखिन्छ । अरस्तुको छन्द सम्बन्धी धारणा एकै छन्द तर्फ मात्र झुकेको देखिन्छ । त्यसमा पनि उनले महाकाव्यमा वीर छन्दलाई जोड दिन्छन ( नगेन्द्र, १९८१ : ४८) । यसरी पश्चिममा अरस्तुले उठाएको धारणालाई नै आधिकारिक आवाजका रुपमा लिन सकिन्छ ।

पाश्चात्य कलाको द्वितीय भूमिकाका रुपमा चिनिने रोममा भर्जिल (एलिड) महाकाव्य लिएर देखा पर्दछन । भर्जिलको उपस्थितिसँगै ललित महाकाव्य लिएर देखा पर्दछन । भर्जिलको उपस्थितिसँगै ललित महाकाव्य परम्पराको श्रीगणेश हुन्छ । रोमन सभ्यताको उन्नायकका रुपमा उभिएर महाकाव्यको सृजन परम्परामा भर्जिल अर्को द्वार खोल्दछन । यसरी पाश्चात्य महाकाव्यको सृजन परम्परामा होमरेली परम्परा सृजित विकसनशील महाकाव्य र भर्जिल परम्परामा सृजित ललित महाकाव्य गरी दुई चरित्रमा आधारित महाकाव्यहरू देखा पर्दछन ।

तत्पश्चात धार्मिक दबदबाले गर्दा स्वतन्त्र मानवीय चेतना अस्त व्यस्त रह्यो र यस प्रहरमा साहित्य लेखन र चिन्तन परम्परा अवरुद्ध हुन पुग्यो । अतः माध्यमिक कालमा महाकाव्य सम्बन्धी मान्यता खासै स्थापित हुन पाएनन् (त्रिपाठी, १९८९ : ४०) ।

“अरस्तु पछि ईशाको सत्रौं, अठारौं शताब्दीसम्म पनि महाकाव्य सम्बन्धी मान्यताका सम्बन्धमा पश्चिमी साहित्य संसारमा त्यति ठोस रुपमा कलम चलाउने कोही भएन भने पनि हुन्छ (जोशी २०४५ : १४०) । उन्नाइसौं बीसौं शताब्दीमा आएर डब्लु .पी. कर, एवर क्रोम्वी, म्याकनिक डिक्सन, सी.एम बाबरा जस्ता महाकाव्य चिन्तकहरूले महाकाव्य सम्बन्धी आ आफ्ना धारणाहरू व्यक्त गरेका छन ।

सी .एम बाबराको महाकाव्य सम्बन्धी धारणा यस प्रकार छ “त्यो बृद्धाकार कथात्मक काव्य महाकाव्य, जसमा महत्वपूर्ण गरिमायुक्त घटनाहरूको बर्णन हुन्छ तथा जसमा केही पात्रहरूको क्रियाशील एवं भयङ्कर कार्य भरिएको कथा हुन्छ । त्यो पढदा हामीलाई एक विशेष प्रकारको आनन्द जीवन प्राप्त हुन्छ, किनभने यसका घटना र पात्रहरूले हाम्रा हृदयमा मानवीय उपलब्धीहरू तथा गौरब र महत्वहरू प्रति दृढ आस्था उत्पन्न गरिदिन्छन (कुमार, २०४५ : १४१) ।

यसैगरी पछिल्ला समीक्षक राल्फ फक्सको विचारमा “कलात्मक अभिरुचिको पूर्ति महाकाव्यले गर्दछ र महाकाव्य नै समाजको पूर्ण अभिव्यक्ति हुन सक्दछ (राफ फक्स, १९८० : ९२) यसरी

पश्चिमका महाकाव्य सम्बन्धी मान्यतालाई अवलोकन गर्दा महाकाव्य सम्बन्धमा यस किसिमको निष्कर्ष निकाल्न सकिन्छ : महाकाव्य छन्दोबद्ध, आलङ्कारिक पदहरूले युक्त, समाख्यानात्मक, सिङ्गो युग, समाज, जीवन वा सभ्यता संस्कृतिलाई प्रतिविम्बित गर्ने काव्य कृति हो ।

## ३.४ महाकाव्यका तत्त्वहरू

कुनैपनि वस्तु वा प्राणीको सङ्गठित निर्माणका लागि त्यसमा आवश्यक अङ्गहरूले भूमिका खेलेका हुन्छन् । महाकाव्यको निर्माणका लागि पनि केही आवश्यक अङ्गहरूले महत्वपूर्ण भूमिका खेल्छन् । तिनै अङ्गहरूलाई शब्दान्तरमा तत्त्व पनि भनिन्छ । पूर्वीय साहित्यमा वस्तु, नेता, रस, उद्देश्य र शैलीलाई महाकाव्यका आवश्यक तत्त्व मानिएको पाइन्छ ।

नेपाली कविता परम्परामा शीर्षक, संरचना, लयविधान, भाषाशैली, कथनपद्दति, भाव विधान, विम्ब प्रतीक, अलङ्कार, व्यञ्जना र विधागत आयाम जस्ता तत्त्वहरूलाई कविताका तत्त्वहरूका रूपमा हेरिएको छ (त्रिपाठी, २०४६ : १७, १८) । त्यस्तै नरेन्द्र चापागाँइले शीर्षक, सर्गविधान, छन्दोवद्धता वा लयवद्धता, मङ्गलाचरण, कथावस्तु, चरित्र, उद्देश्य, जीवनदर्शन, पदावली र रसभावलाई देखाएका छन् (चापागाइँ, २०५२ : ७४ -७९) ।

आधुनिक सन्दर्भमा महाकाव्यमा कथा, पात्र, भाषाशैली, वातावरण र जीवनदर्शनलाई आवश्यक तत्त्व मानेका छन् (थापा, २०३१ : ६) ।उपर्युक्त विभिन्न मान्यताका आधारमा निम्न लिखित तत्त्वलाई महाकाव्यका आवश्यक तत्त्वका रूपमा लिन सकिन्छ ।

### ३.४.१ शीर्षक

महाकाव्य भित्र अनेक संरचना हुन्छन् । कविले ती संरचनाहरूले प्रतिनिधित्व हुनेगरी एउटा युक्तियुक्त, सारपूर्ण र औचित्यपूर्ण सम्पूर्ण कथावस्तुलाई समेट्न सक्ने प्रतिनिधिमूलक कलात्मक शीर्षकको छनोट गर्नु पर्दछ । जुन शीर्षक विषयवस्तुको समग्रता झल्कने खालको हुनुपर्छ । शीर्षक झट्ट हेर्दा आकर्षक, रोचक एवं कौतुहलपूर्ण हुनुपर्छ जसले गर्दा पाठकको ध्यान सम्बन्धित महाकाव्यतर्फ आकर्षित होस् ।

### ३.४.२ संरचना

संरचनाको अर्थ बनावट हुन्छ । महाकाव्यमा कवि कथन वा अनुभूति क्रमश संक्षिप्तबाट विस्तारतर्फ लाग्छ । पूर्वीय महाकाव्य सिद्धान्तमा सर्गबन्धलाई नै संरचनाका रूपमा देखाउन खोजेको पाइन्छ । संरचनाले आख्यानीकरणलाई मजबुत तथा वस्तुनिष्ठ बनाएको छ । संरचना दुई किसिमको हुन्छ । आन्तरिक र बाह्य ।

महाकाव्यको आन्तरिक अनुभूतिलाई साधारणीकरण गरी बाह्य अभिव्यक्ति दिनु आन्तरिक संरचना हो । यसमा छन्द, रस र अलंकारको पनि महत्वपूर्ण भूमिका रहेको हुन्छ । केन्द्री भाव, भाव विचारको उठान, विकास र अन्तिम रागात्मक परिणतिमा पुग्ने यात्रापथको निर्माण गर्ने काम यसले गर्छ (त्रिपाठी, २०४६ : ८३) । कथ्य एवं भाव प्रवाहको आन्तरिक अनुभूतिले अन्त्यमा बाह्य स्वरूप ग्रहण गरी जीवनको अभिव्यक्ति दिनु नै आन्तरिक संरचना हो ।

आख्यानलाई विभिन्न भावहरूमा प्रस्तुत गर्न र आख्यानलाई श्रृङ्खला प्रदान गर्न बाह्य संरचना आवश्यक पर्छ । महाकाव्यमा सर्गलाई नै बाह्य संरचनाको रूपमा हेरिन्छ । वस्तु संगठनलाई पनि संरचनाको अर्को तत्त्वका रूपमा लिन सकिन्छ । रसविधान, छन्दयोजना, भाषाशैली आदिको पनि संरचनामा महत्वपूर्ण स्थान रहेको हुन्छ । बाह्य संरचनाले काव्यमा शरीरका काम गरेको हुन्छ ।

### ३.४.३ कथानक

महाकाव्यको रचनाका लागि चयन गरिएको वस्तु नै महाकाव्यको मूल विषयवस्तु हो अथवा कथानक हो । कविले आफ्नो काव्य निर्माण गर्ने सन्दर्भमा कथानकका लागि विषयवस्तु छनौट गर्न स्वतन्त्र हुने गर्दछ । कथानक कलापूर्ण, उपयुक्त, आकर्षण प्रभावपूर्ण हुन सक्नुपर्छ । जुन विषयवस्तुले आफ्नो एउटा निश्चित स्वरूप प्राप्त गर्न सक्नुपर्छ । पूर्वीय चिन्तन अनुसार महाकाव्यको कथावस्तु ऐतिहासिक, पौराणिक तथा कविकल्पित मध्ये कुनैपनि हुन सक्छ र त्यो महान् हुनुपर्छ ।

महाकाव्यको प्रारम्भ आशीर्वादात्मक नमस्क्रियात्मक वा वस्तु निर्देशनात्मकमध्ये कुनै एक हुनुपर्छ तर आरम्भका सन्दर्भमा भने पाश्चात्य परम्परामा कुनै ठोस् चिन्तन पाइँदैन । कथावस्तुको संगठनका सन्दर्भमा पूर्वीय मान्यताले 'सर्वे नाटक सन्धय' मा विश्वास राखेको छ भने पाश्चात्य अरस्तुले त्रासदीका सम्पूर्ण आन्तरिक गुण एवं प्रमुख अङ्गहरू पनि महाकाव्यमा यथावत हुनुपर्दछ भन्ने

मान्यता प्रस्तुत गरेका छन् (डा. नगेन्द्र, १९८१ : १२५) । कथानकको परिवेशका सन्दर्भमा पश्चिमा भन्दा व्यापक परिवेश समेट्न उपयुक्त हुन्छ ।

## ३.४.४ चरित्र

महाकाव्यको अर्को महत्वपूर्ण तत्त्व हो चरित्र । महाकाव्यमा प्रमुख चरित्रका साथै अन्य चरित्रहरू पनि समावेश हुन्छन् । महाकाव्यमा प्रमुख चरित्रको अनिवार्यताका सन्दर्भमा पूर्व र पश्चिमा दुवैतिर सामञ्जस्य पाइन्छ । पश्चिममा कथानकलाई बहन गर्न सक्ने खालको उच्च गुणवान् नायकको अपेक्षा गरिएको छ भने पूर्वीय मान्यता अनुसार महाकाव्यको नायक धिरोदात्त गुणयुक्त हुनुपर्दछ ।

जो पराक्रमी, क्षमावान्, गम्भीर, दृढप्रतिज्ञ होस् र आत्म प्रशंसा नगरोस् । महाकाव्यको नायक प्रतिद्धन्दिप्रति विजय हाँसिल गर्न सक्षम, नीतिज्ञ, मर्यादापालक र शक्तिशाली, व्यक्तित्व भएको हुनुपर्दछ साथै त्याग, पुरुषार्थ, रूप, यौवन, उत्साह आदि लक्षणले युक्त हुनुपर्दछ (विश्वनाथ, १९७७ : ५४९) ।

पूर्वीय महाकाव्य चिन्तनले यसभन्दा पनि अगाडि बढेर बहुनायकको समेत संभावनालाई औंल्याई एकै कूलका प्रशंसनीय उच्च कुलीन नायकहरू रहन सक्ने कुरा उल्लेख छ । महाकाव्यको विस्तारका सन्दर्भमा नायकमात्र हुँदैन आवश्यकता अनुसार अन्य सहायक चरित्रहरू पनि समावेश गर्नुपर्दछ । महाकाव्य वृहत विधा भएको हुँदा यस चरित्रको संख्या पनि धेरै हुन्छ ।

## ३.४.५ भाव विधान

महाकाव्यमा भावविधानलाई मेरूदण्डको रूपमा लिईन्छ । महाकाव्यमा भावको उचित संयोजक हुन सक्नुपर्दछ । अनिमात्र महाकाव्य उत्कृष्ट हुन्छ । महाकाव्य एक आस्वाद्य विधा भएकाले यसका अनुभूतिहरूले मानव मनमा स्थायीरूपले विद्यमान प्रेम, करुणा, शान्ति वा वैराग्यजस्ता मनोभावहरू उद्घाटित हुनुपर्दछ । महाकाव्यको पूर्वीय परम्परामा रसभाव तथा पश्चिमी परम्परामा त्रास र करुणाको विरेचन भाव विधान भित्र पर्दछन् ।

यसर्थ भाव विधानलाई महाकाव्यको प्रमुख तत्त्व मानिन्छ । काव्यमा व्यक्त अनुभूतिले निश्चित संरचना भित्र जीवन जगतको समग्रतालाई व्यक्त गर्छ । जीवन जगतलाई प्रस्तुत गर्दा वस्तुता र विचारलाई जति अंगालेपनि भावपक्षलाई मुख्य रूपमा लिनुपर्ने हुन्छ (त्रिपाठी, २०४६ : ९०.) ।

जीवनको सिङ्गो अनुभूतिलाई संवेद्य रूपमा, जीवन्त रूपमा महाकाव्यले प्रस्तुत गरेको हुनुपर्दछ । अतः भावविधान पनि महाकाव्यको अनिवार्य घटक हो ।

## ३.४.६ विचार वा उद्देश्य

महाकाव्यले प्रदान गर्ने सन्देशलाई पनि यसको एक आवश्यक तत्त्वका रूपमा लिन सकिन्छ । अथवा यसलाई महाकाव्यकारको जीवन दृष्टि पनि भन्न सकिन्छ । यसको उद्देश्यका सन्दर्भमा दण्डीले धर्म, अर्थ, काम र मोक्षको प्राप्ति भनेका छन् (दण्डी, २०२८ : २०२) भने विश्वनाथले उपर्युक्त चतुर्वर्ग मध्ये कुनै एकको प्राप्ति (विश्वनाथ, २०२० : ५४९) भनेका छन् ।

धर्म अर्थ काम र मोक्षलाई आजका सन्दर्भमा धर्मको अर्थ कर्तव्य निर्वाह, अर्थको तात्पर्य अस्तितत्व प्रतिष्ठानपन, कामको अर्थ प्रेमसिद्धि र मोक्षको अर्थ दासत्व मुक्ति वा वर्गीय मुक्ति लगाई प्रयोग गरिएको पाइन्छ । रसानुभूतिद्वारा विशेष प्रकारको आनन्द प्राप्त हुने हुनाले पूर्वीय विद्वानहरूले लोकरञ्जनलाई पनि महाकाव्यको उद्देश्यका रूपमा लिएका छन् । महाकाव्यको सन्देश महान् हुनुपर्ने हुन्छ ।

## ३.४.७भाषाशैली

कुनै पनि साहित्यिक कृतिलाई जीवन्त राख्ने प्रमुख माध्यम भाषाशैली हो । कविताका वृहत रूप महाकाव्य भएको हुनाले यसमा युग जीवनको विराट र व्यापक प्रस्तुतिका साथै शैली उदात्त, ओजस्वी र गरिमामय हुनुपर्दछ । महाकाव्यका सम्पूर्ण तत्त्वहरूलाई यथोचित रूपमा सुदृढ र संगठित बनाउने काम शैलीको हो ।

विविध छन्द, रस, अलंकार र शब्दशक्तिले युक्त भाषा महाकाव्यका निम्ति प्रभावकारी हुन्छ । प्रकृतिलाई मानवीकरण गरेर अथवा प्रकृतिको अतिशयोक्ति पूर्ण चित्रणद्वारा विराट सौन्दर्यको सृष्टि गर्ने साधारण शैलीको प्रयोग महाकाव्य महिमामयी बन्छ । पाश्चात्य मत अनुसार महाकाव्यको शैलीमा क्षुद्र शब्दावलीको प्रयोग नगरी प्रसाद गुणयुक्त शब्दहरूको प्रयोग हुनुपर्छ (डा. नगेन्द्र, १९८१ : १२९)।

आलङ्कारिक, परिस्कृत तथा प्रौढ शब्दावलीको प्रयोगले काव्य उत्कृष्ट बन्छ । त्यस्तै महाकाव्यको स्वरूप समाख्यानात्मक वा वर्णनात्मक हुनुपर्छ र नाटकीय शैलीको प्रयोग पनि

महाकाव्यमा गर्न सकिन्छ (डा. नगेन्द्र, १९८१ : १२५) ) भन्ने शैली सम्बन्धी धारणा पाश्चात्य विद्वानहरूको पाइन्छ ।

प्रस्तुत शोधपत्र महाकाव्य तत्वका आधारमा 'शान्तिदूत' महाकाव्यको अध्ययनसित सम्बन्धित भएकाले पूर्वीय तथा पाश्चात्य काव्य सिद्धान्तको विस्तृत चर्चा यहाँ अपेक्षित नभएको नभएको हुँदा प्रसङ्गवश सामान्य चर्चा मात्र गरिएको छ र महाकाव्य तत्वको आधारमा मात्र यसको विश्लेषण खण्ड क्रियाशील गरिएको छ ।

## ३.५नेपाली महाकाव्यको विकास परम्परा र 'शान्तिदूत' महाकाव्य

कविताको बृहतरूप महाकाव्य हो । यसको विकासक्रमलाई अध्ययन गर्दा कविताको विकासक्रमलाई ध्यानमा राखेर हेर्नुपर्ने हुन्छ । कविताले उत्कृष्ठ उत्कर्ष रूप महाकाव्यको विकासक्रमको ऐतिहासिक पृष्ठभूमि मौखिक लोक साहित्यिक रचना सिर्जना सम्मको व्यापक सेरोफेरो प्रकट हुन पुग्छ । नेपाली कविताको इतिहाससँगै नेपाली महाकाव्य विकासको इतिहास जोडिन पुग्छ ।

१९ औं शताब्दीमा पृथ्वीनारायण शाहको नेपाली एकीकरण सँगै नेपाली कविताको लेख्य शिष्ट रूपको थालनी हुन्छ भने यसभन्दा पूर्वको समय नेपाली लोक समाजको लोक साहित्यिक सामाग्री वा मौखिक परम्परित रूपहरू आज नेपाली कविता महाकाव्यको अलिखित सामाग्री बनेर पृष्ठभूमिको रूपमा देखा परेका छन् । तिनै लोक सामाग्रीको माध्यमबाट आज हामी नेपाली कवितामहाकाव्यको इतिहासका साथै तिनीहरूको पृष्ठभूमिमय इतिहासको समेत अध्ययन गर्न सक्छौं । उखान टुक्का, संस्कारगीत तथा गाथासम्मका तथ्यहरूले महाकाव्यको पृष्ठभूमिको रूपमा कार्य गर्छन् ।

संस्कारगीत र गाथाहरूले यसको जगलाई दरिलो तुल्याउँछन् । यिनैलोक साहित्यिक सामग्रीबाट अगाडि बढ्दै जाँदा साहित्यको सो रूपसम्म आएको हो । यही लोक साहित्य नै नेपाली कविता महाकाव्यको पूर्वपीठिका बनेको छ, यसरी पृथ्वीनारायण शाह पूर्वका अलिखित लौकिक, मौखिक साहित्यिक रूप महाकाव्यको पृष्ठभूमिका रूपमा संकलन गर्न सकिन्छ ।

नेपाली महाकाव्यको विकास प्रक्रियाबाट यो कविताकै एक वृहत रूप भएका कारण समग्र नेपाली कविताकै विकासक्रमका आधारमा प्रस्तुत गरिन्छ ।

१) प्राथमिक काल (वि.सं. १८२५- १९४०)

२)  माध्यमिक काल (वि.सं. १९४१-१८७४)

३)  आधुनिक काल (वि.सं. १९७५- हालसम्म)

## ३.५.१ नेपाली महाकाव्यको प्राथमिक काल (वि.सं. १८२५-१९४०)

प्राथमिक कालीन यो समयावधिलाई पनि सुगौली सन्धीलाई मध्य विन्दु बनाएर त्यसपूर्वको समयावधिलाई पूर्वाद्ध चरण त्यस पछाडिको (१८७२-१९४०) सम्मको समयावधिलाई उत्तरार्द्ध चरणको रूपमा प्रस्तुत गरिन्छ ।

**क)  पूर्वार्द्ध चरण (१८२५-१८७२)**

नेपाली कविताको प्राथमिक कालीन पूर्वाद्ध चरणलाई धारागत रूपमा वीरधाराको काल भनेर चिनिन्छ । यस धारामा वीर, हास्य, श्रृङ्गार, नैतिक सामाजिक, देशप्रेम, व्यङ्ग्य, आध्यात्मिक, चेतनामूलक प्रवृतिहरू झल्किए पनि प्रबलरूपमा वीर बन्दना प्रशस्ती गायन, वीर प्रवृत्तिको उच्च घोष सामूहिक स्वर उन्मेष फेला पर्छ । त्यसकारण पूर्वाद्ध चरणलाई वीरधाराका रूपमा चिनिन्छ । तत्कालीन कविहरूमा नव नेपालको निर्माण र विस्तार जस्तो युगीन उच्च लक्ष्यपूर्ण वीरताका युक्ति युक्त सौर्य र वीरप्रकरण प्रसङ्गले कवित्वका वीरतापूर्ण प्रवाह प्रकटित हुन पुगेको छ ।

नेपाली कविताको प्राथमिक कालीन वीरधाराका प्रवर्तक कवि सुवानन्ददास हुन् । यिनले पृथ्वीनारायण सम्बन्धी वीरगाथा पृथ्वीनारायणकै पालामा लेखेको अनुमान गर्न सकिन्छ । त्यस्तै शक्तिवल्लभ अर्यालका जयरत्नाकर माधाव, सुधा तरङ्गिणी, दानप्रकाश, हास्थकदब्म र महाभारत विराटपर्व आदि त्यस्तै उदयानन्द अर्यालका रचनात्मक दुःस्वप्न दोषहरू स्तोत्र, वेतालपच्चिसी, सोमेश्वर वर्णन, कूलवर्णन, पृथ्वीन्द्रोदय आदि ज्ञानमणि नेपालको पछिल्लो सूचना अनुसार प्राथमिक कालीन वीर धारामा यिनको महाकाव्यत्मक ग्रन्थका रूपमा 'पृथ्वीन्द्रोदय' काव्य भेटिन्छ ।

यो पृथ्वीन्द्रोदय पृथ्वीनारायण सम्बन्धी वीर काव्यले महाकाव्यात्मक अल्पप्राप्ति प्राप्त गरेको छ । यही महकाव्यात्मक अल्पप्राप्ति नै वीर धाराको प्राथमिककालीन एक उत्कृष्ट प्राप्ति पुगेको छ । यसले नेपाली महाकाव्य कस्तो हुन्थ्यो त्यसको बान्की छटा प्रस्टैरूपमा खुलाएको भेट्न सकिन्छ ।

**ख)  उत्तरार्द्ध चरण (१८७२-१९४०)**

नेपाली कविताको प्राथमिक कालीन उत्तरार्द्ध चरणलाई भक्तिधाराको कालको रूपमा हेर्न सकिन्छ । नेपाली कवितामा भक्तिधाराको जन्म हुनुमा १८७२ को सुगौली सन्धिले आहात भएको जनमानसलाई मन बहलाउन कविहरू भक्तिमार्गतिर लागेका हुन् । त्यस्तै तत्कालीन राजनैतिक घटनाक्रम पनि यसको कारक तत्त्व हो यस उत्तरार्द्ध चरणलाई पनि कृष्णभक्तिधारा, रामभक्तिधारा र सन्त धारामा छुट्टाइन्छ ।

**- कृष्णभक्तिधाराः**

यस कृष्णभक्ति धारामा यदुनाथ पोखेलको कृष्ण चरित्र २१ श्लोक, वसन्त शर्माको कृष्ण चरित्र र समुद्रलहरी, पतञ्जली गजुरेलको बालगोपाल वाणी, हरिभक्त माला र जैमिनी भारत त्यस्तै इन्दिरसको गोपिका स्तुति र गोपी रक्षा, विद्यारण्य केशरीको युगलगीत, द्रौपदी विलाप र वंशी चरित्र हिन व्याकर्णि विद्यापतिको रागबाह्रमासा, गीत वाणी, सात राग, सात नायिक, गीत गोविन्द छविलाल नेपालको गोपिका स्तुति आदि कविताहरू फुटकर एवं खण्डकाव्यका रूपमा प्राप्त गर्न सकिन्छ तर कृष्ण भक्ति धारामा महकाव्योन्मुख कृति फेला पर्दैन ।

**- रामभक्ति धारा**

नेपाली कविताको प्राथमिक कालीन भक्ति धाराको दोस्रो धारा राम भक्ति धारा हो । यस समयका मुख्य कविहरूमा रघुनाथ पोखऱ्याल, भानुभक्त आचार्य, पतञ्जलि गजुरेल र रामदास जस्ता मुख्य कविहरू पाइन्छन् । रघुनाथ पोखऱ्याल रामभक्ति धाराका प्रथम कवि हुन् । यिनले फुटकर कविताका साथै रामायणको सुन्दर काण्ड लेखेका छन् । यो सुन्दर काण्ड पाँच सर्गमा खण्डकाव्यात्मक रूपमा प्राप्त छ ।

त्यसपछि भानुभक्त आचार्य देखा पर्छन् । यिनको थुप्रै फुटकर कविताका साथै महाकाव्यको रूपमा रामायण फेला पर्छ । यिनको रामायणलाई हेर्दा भानुभक्त पूर्वका रचनाहरूले काव्यात्मकताको खाँचो र भक्ति वा धर्मग्रन्थको आस्था पूरा गर्न सकेको थिएनन् । यी सबै खाँचो एवं कमी कमजोरीलाई पूरा गर्दै आध्यात्म रामायणको भावानुवाद रामायण देखापऱ्यो । उनको यो प्रयास भाषा र संस्कृतिलाई

उठाएर जातीय एकता जुटाउने महनीय सार्थक कार्य हो । त्यसैले रामायण युगव्यापी रूपमा महाकाव्यको दर्जामा उभियो । यस धाराका अन्य कविहरूमा पतञ्जली गजुरेल र रामदास पनि हुन् ।

**- सन्त धाराः**

प्राथमिक कालीन कविताको उत्तरार्द्ध चरणको तेस्रो धाराको रूपमा सन्त धारा रहेको छ । यस धाराका कविहरू ईश्वरीय सत्तालाई ब्रह्मको रूपमा मान्छन् । ईश्वरीय सत्ताको ब्रह्म रूपलाई साकार भन्दा निराकार रूपमा सगण भन्दा निर्गुण रूपमा उपासना एवं आराधना गर्न पुग्छन् । ज्ञान वैराग्य सहित ब्रह्म प्राप्तिनै जीवनको लक्ष्य हो भन्ने तथ्य स्वीकार्दछन् । यस्ता मान्यता राख्ने कविहरूमा शशिधर, अगम दिलदास, अखण्ड दिलदास, धिर्जे दिलदास, ज्ञान दिलदास आदि हुन् ।

सन्त धारामा सन्त शशिधरको 'अमर भाषा' अध्यात्म विषयक महाकाव्यको रूपमा चर्चा आए पनि हालसम्म प्राप्त पृथ्वीन्द्रोदय र अमरभाषा जस्ता महाकाव्योन्मुख कृतिका रूपमा फेला पार्न सकिन्छ । तरपनि सर्वप्राचीन पूर्णांश प्रथम नेपाली महाकाव्य भने भानुभक्तको रामायणलाई नै मानिन्छ ।

## ३.५.२. नेपाली महाकाव्यको माध्यमिक काल ( वि.सं. १९४१-१९७४)

माध्यमिक कालीन नेपाली कविताको मूल धारा श्रृङ्गार धारा हो । मोतीराम भट्टको आगमनसँगै आगमन भएको यस श्रृङ्गार धाराको कविता रचनामा सौन्दर्यचेतना थियो तर पनि यस धारामा महाकाव्य सृजना हुन सकेन । यस कालका कविताका मुख्य तीन धाराका रूपमा महाकाव्यको विकासक्रमिक स्थितिलाई हेर्न सकिन्छ ।

### क) श्रृङ्गार धारा

यस श्रृङ्गारिक धारामा संस्कृत, अरवी, फारसी श्रृङ्गारिक कविताधाराबाट प्रभावित भएर विभिन्न गजलहरू, सबाई, बाह्रभाषा, लहरी जस्ता मझौलास्तरका रचनाहरू भए तर यस श्रृङ्गार धारामा महाकाव्य रचना हुन सकेन । आनन्द लहरीमा महाकाव्यको संरचना भए पनि अभिव्यक्ति केन्द्रित बृहत पद्धति नभएको कारण खण्डकाव्यको स्तरमा रह्यो ।

## ख) भक्ति धारा

भक्ति धाराको परम्परा प्राथमिक कालीन कवितामा देखिए पनि माध्यमिक कालमा गौँण रूपमा देखा पर्‍यो । माध्यमिक कालमा यसका मुख्यतया दुई उपधारा देखिन्छन् ।

- **रामभक्तिधारा**
- **कृष्णभक्तिधारा**

माध्यमिक कालीन भक्ति धारामा देखापर्ने कविहरूमा कविताको चाख थिएन । दर्शनको चाख पनि भानुभक्तलाई जति थियो त्यति थिएन तर धेरैलाई श्लोकमा कथारस प्रस्तुत गरे नाम र धन आर्जन गर्ने चाख थियो । यस दृष्टिले यस समयमा अनेक पौराणिक कथालाई श्लोकमा बाँध्ने बृहत पद्याख्यानको महत्व रहेको छ । माध्यमिक कालमा यस्ता पद्याख्यानहरू ४ प्रकारका पाइन्छन् ।

१) राम कथामा आधारित वृहत पद्याख्यान

२) कृष्ण कथामा आधारित वृहत पद्याख्यान

३) महाभारतमा आधारित वृहत पद्याख्यान

४) श्रीमद्‌भागवत् श्रोतमा आधारित वृहत पद्याख्यान

माध्यमिक कालमा भक्तिधारा अन्तर्गत मुख्यत रामायण, महाभारत, श्रीमद्‌भागवत र देवी भागवत, कृष्णकथा आदि स्रोतबाट विविध वृहत पद्याख्यानका प्रयासहरू भएको पाइए पनि गुणात्मक बृद्धिमा भानुभक्तभन्दा कम हुँदै संख्यात्मकतालाई अगाडि बढाउँछन् । यस समयमा खासगरी महाकाव्य लेखनका लागि निरन्तरता थपिन गए तापनि खासै स्तरीयता भने थपिन सकेन ।

## ग) शासक स्तुति धारा

माध्यमिक कालको अन्तिम धारा शासक स्तुति धारा हो । यस धारामा चिरञ्जीवी पौड्यालद्वारा पौड्यालद्वारा लिखित र डिल्लीशमशेरको नामबाट प्रकाशित युरोपयात्राले नेपाली महाकाव्इको विकासमा एउटा नौलो दिशा थपेको मान्न सकिन्छ ।

माध्यमिक कालले वृहत पद्याख्यान मार्फत महकाव्य सम्म पुग्ने चेष्टा गरेपनि आख्यान रसले जित्यो र कविता तत्त्व अत्यन्तै कमजोर हुन पुग्यो । विधागत सचेतताको अभाव, सैद्धान्तिक ज्ञानको कमी र महाकाव्य रचनाको पृष्ठभूमिको अभाव जस्ता कारण माध्यमिक काल कवित्वका दृष्टिले त्यति उत्कृष्ट नभए पनि संख्यात्मक वृद्धिका दृष्टिले प्राथमिक कालभन्दा आशालाग्दो उर्वर पृष्ठभूमि सहित अगाडि बढेको प्रतीत हुन्छ ।

### ३.५.३. नेपाली महाकाव्यको आधुनिक काल (वि.सं. १९७५-हालसम्म)

नेपाली महाकाव्यको आधुनिक काल वि.सं. १९७५ बाट प्रारम्भ भएर हालसम्म रहन्छ । यो समय महाकाव्य लेखनका लागि उर्वर नभए पनि लेखनको प्रारम्भ र विकासको काल हो । लेख्य व्याकरणको अनुशासनमा कविता लेखिनु, सौन्दर्य सचेतता ख्याल गर्नु, सुक्ति सिन्धुको प्रकाशन पछि कवितामा आधुनिकता आयो । यही सौन्दर्य सचेतताबाट महाकाव्य लेखनको विधागत सचेतता थालियो अर्थात् कवितामा स्तरीकरणका प्रयास देखिएपछि, लेख्य व्याकरणको मानकप्रयोग पछि नेपाली कविताको वृहत रूप महाकाव्यमा आधुनिक आयो । नेपाली महाकाव्यको आधुनिक काललाई विभिन्न अन्तर्गत राखेर हेर्न सकिन्छ ।

#### क) पहिलो चरण (वि.सं. १९७६-१९९०)

नेपाली महाकाव्य लेखनको आधुनिक कालको प्रथमचरण परिष्कारवादी धाराको समय हो । यस समयमा पनि महाकाव्य लेखन भगीरथको पूर्खाको प्रयासका रूपमा रहेको पइन्छ । यस समयमा लेखनाथ पौड्याल फुटकर र खण्डकाव्यसम्मको रचना गर्थे । सोमनाथ सिग्द्याल पनि फुटकर कवितामा सिमित थिए । लेखनाथले प्रथम सौन्दर्यवाटिका ऋतु विचार खण्डकाव्य रचना गरिसकेका थिए । यस समयका धरणीधर कोइराला, महानन्द सापकोटा र भवानी खतिवडा जस्ता कविहरू जातीय जागरणका स्वर अलाप्न सक्रिय भएपनि कविताको उच्चतम् स्तरियता र वृहत्तर रूपको सिर्जन तर्फ लागेनन् ।

यस समयमा परिष्कारवादी धाराका उच्चतम् प्रतिभा बालकृष्ण सम महाकाव्य लेखन तर्फ अग्रसर भए । उनको वि.सं. १९७६/७७ मा एक प्रभात स्मरण महकाव्यात्मक आभाष पाइन्छ । त्यस्तै

७७/७८ मा एक प्रभात स्मरण महाकाव्यात्ममक आभाष पाइन्छ । त्यस्तै ७७/७८ सालमा समले नै आर्यघाट महाकाव्य लेख्ने महाकांक्षी प्रयास गर्छन् । यो अन्त्यानुप्राश विहिन अनुष्टुप छन्द अन्तुकान्त पद्य व्याल्ङ्कर्भस शैलीमा लेखिएको थियो तर चार सर्गमा अधुरो हुन पुग्यो । यसले समको चिसो चुल्होको विज विन्यास गर्छ ।

यसरी हेर्दा नेपाली महाकाव्यको विकासमा आर्यघाट एउटा लोभलाग्दो प्रयास हो र यसमा जोन मिल्टनको प्रभाव रहनु महत्वपूर्ण तथ्य पुगेको छ । परिष्कारवादी धारामा लेख्ने प्रयास सोमनाथ सिग्द्यालको चन्द्रचरित (१९७९-८५) हो । चन्द्रशमशेरको स्तुतिमा लेखिएको यो महाकाव्य चन्द्रशमशेरको मृत्युपश्चात् तयार भएकाले र भीशमशेर चन्द्रशमशेरको अत्यन्तै विरोधी हुनाले यो छापिएर बाहिर आउन सकेन ।

यसैका आवश्यक अंशलाई समेटेर सिग्द्यालले २००५ सालमा 'आदर्शराघव' महाकाव्य रचना गरे । यसै समयमा देखा परेको अर्को रचना देवीदत्त पराजुलीको 'कविता गुच्छहार' (१९८६) हो । उनले यसलाई पहिलो मौलिक महाकाव्यको दावी रहेका छन् । त्यस्तै दिव्यदेव पन्तको 'शाहवंश' महाकाव्य अर्को प्रयास हो । यो पनि अपूर्ण प्राप्त छ । पूर्ण प्राप्त नहुन्जेल यो पनि अधुरै प्रयास मानिन्छ ।

मुख्य रूपमा पहिलो चरणमा महकाव्य लेखनका प्रयासहरू यिनै हुन् । यसधाराका महाकाव्य लेखन अधुरै मात्र पाइन्छन् भने कविता गुच्छहार पूर्ण भएर पनि महाकाव्य हुन सकेन चन्द्रचरित पनि अपूर्ण नै देखिन्छ । यसले कविताको धर्म अंगालेको छ । पूर्ण प्राप्त हुन नसकेपनि भानुभक्त पछिको महाकाव्य लेखनमा मौलिक महकाव्य हुनु यसको प्राप्ति हो ।

### ख) दोस्रो चरण (१९९१-२०१६)

नेपाली साहित्यमा शारदा पत्रिकाको प्रकाश वि.सं. १९९१ सँगै नेपाली कवितामा स्वच्छदन्तावाद भित्रियो । यस युगमा प्रमुख र प्रतिभाशाली कवि लक्ष्मीप्रसाद देवकोटा हुन् । नेपाली महाकाव्यको उत्कर्षकालीन केन्द्रीय व्यक्तित्वनै देवकोटा हुन् । वि.सं. २००० साल नेपाली साहित्यमामहाकाव्य लेखन चेष्टाका दृष्टिले महत्वपूर्ण हुन पुगेको देखिन्छ ।

मुख्य रूपमा देवकोटाले यसै वर्ष महाकाव्य लेख्ने प्रयास गरे । त्यो हो 'सुष्मालोचन' तर त्यो पूर्ण हुन सकेन । यो पूर्ण नहुनमा बङ्गलाभाषाका विश्वप्रसिद्ध कवि रवीन्द्रनाथको प्रभाव उनमा पर्नु हो । त्यस्तै २००१-२००९ सालतिर गुणराज उपाध्यायले 'कृष्ण सन्देश' महाकाव्य लेख्ने प्रयास गरे ।

आशु लेखन, भावको प्रचुरता र स्वतष्फूर्तमा रहेको देखाउने यो महाकाव्य पुराणका कृष्णकथामा आधारित छ । जे होस् नेपाली भाषामा कृष्ण कथालाई लिएर लेखिएको पहिलो र प्रभावशाली तथा कृष्णभक्ति परम्पराको पहिलो मौलिक महकाव्य हो ।

त्यस्तै वि.सं. २००२ सालमा महाकवि लक्ष्मी प्रसाद देवकोटा महाकाव्य लेखनमा अगाडि बढ्छन् । यसै समयमा तीन महिनाको रातीरातीको फूर्सदमा शाकुन्तला महाकाव्य लेखेर पुरा गरे । नेपाली भाषालाई समृद्ध पार्ने र कवितालाई गरिमा प्रदान गर्न नेपालीमा महाकाव्य लेखिनु पर्ने आवश्यकता थियो । त्यो देवकोटाले पुरा गरे ।

शाकुन्तला नेपाली भाषाको प्रथम मौलिक र प्रकाशित महाकाव्य हुन पुग्यो । त्यसपछि २००३ सालमा सुलोचना, महाराणा प्रताप, वनकुसुम, पृथ्वीराज चौहान लेखन कार्य भयो । त्यस्तै प्रमिथस ( २००७) सालमा लेखे । यसरी देवकोटाले थोरै समयमा उच्चस्तरिय महाकाव्य नेपाली साहित्यलाई दिए ।

त्यसपछि सोमनाथ सिग्द्यालको आर्दश राघव (२००५), लेखनाथ पौड्यालको तरूण तपसी ( २०१०), बालकृष्ण समको चिसोचुल्हो (२०१५) महाकाव्यहरू नेपाली साहित्यले पायो ।यसरी महाकाव्य लेखनमा देवकोटा स्वच्छदन्तावादी धाराका सर्वोच्च प्रतिभा हुन् । यसै समयमा सोमनाथले परिष्कारपूर्ण महाकाव्य आदर्शराघव, पौड्यालले तरूणतपसी र समले गद्य शैलीमा चिसोचूल्हो महाकाव्य रचना गरे ।

यसरी भानुभक्तपछि नेपाली महाकाव्यको उत्कर्ष कालमा परिष्कारवादी कविहरूले ३ वटा महाकाव्य दिए भने देवकोटा एक्लैले ५ वटा महाकाव्य दिएर शाकुन्तलले दिएको गति बढाए । यिनै आठ महाकाव्यको माध्यमबाट परिष्कारवाद र स्वच्छदन्तावादले नेपाली महाकाव्यलाई माथि उचाल्यो । जुन महाकाव्यहरू नेपाली महाकाव्यको इतिहासमा शीर्षस्थ उपलब्धि हुन् ।

**ग) तेस्रो चरण (२०१७- हालसम्म)**

नेपाली साहित्यमा २०१७ सालदेखि प्रयोगवादको थालनी भयो । रूपरेखाका माध्यमबाट २०१५ सालदेखि एकातिर प्रयोगवादी कविता थालिए भने अर्कोतिर तेस्रो आयाम थालियो तर यस युगमा कविले परिपक्कता बिना महाकाव्य लेखन असम्भव हुँदा यस युगका महाकाव्यकारहरूका महकाव्यहरू विशुद्ध महाकाव्य हुन सकेनन् । यस प्रयोगवादी कवितामा विधागत चेतना भेटिदैँन र अबका कविता अवचेतन मनका अतिवैयक्तिक र विसङ्गत अनुभूतिलाई भाषा र शैलीका नवीनताका साथ अभिव्यक्ति दिई प्रचलित भाषा र व्याकरणका क्रमलाई अतिक्रमण गर्दै आएको यो धारा पाठकका लागि दूर्वोध्य क्लीष्ट र पाठकबाट अली टाढा हुन पुग्यो ।

२०१७ सालपछि पनि केही महाकाव्यहरूले महाकाव्य लेखेका छन् । महाकाव्यकार र महाकाव्य यसप्रकार छन् ।

कृष्णप्रसाद घिमिरे - देश नरेश (२०१७), राष्ट्रिय चरित्र (२०१७), कादम्बरी (अपूर्ण)

गोविन्द प्रसाद भट्टराई -श्री पृथ्वी महेन्द्र (२०१९), भावना (२०२०)

मोदनाथ प्रश्रित - मानव (२०२३), देवासुर सङग्राम (२०३०)

गुणराज उपाध्याय - श्रीकृष्ण सन्देश र भरत मिलन (२०२९)

हरिहर शास्त्री - भानु (२०२४)

नीर विक्रम प्यासी - दबला (२०३४)

उमानाथ शास्त्री सिन्धुलीय - मकवानीवाला (२०३५)

श्रीहरि फुयाल - आँशुको सङ्गम (२०३९)

जगदीश शमशेर - नरसिंह अवतार (२०३७)

रामचन्द्र गिरी - सामाजिक दर्पण (२०३९)

भरतराज पन्त - दोभान (२०४१)

भरतराज मन्थलीय - देवयानी (२०२९), महारामायण (२०५०), श्रुतिसौरभ (२०५८)

मोहन दुवाल- मन्दाकिनी (२०४१)

तुलसीराम कश्यप - जन्मभूमि (२०४२) र आमा (२०४५)

भानुभक्त पोखेल - मृत्युञ्जय (२०४६)

पूर्ण प्रकाश नेपाल यात्रीको - जनविजयोल्लास (२०४७), बसन्तपल्लब (२०५४),

सिजापतिवाला (२०५७)

भुवनहरि सिग्देलको - खाते मेनुका (२०५६)

गौरीशंकर उपाध्यायको - शंकर (२०४४)

पवनकुमार खनाल - रामदासमा विम्बप्रतिबिम्ब (२०४५)

ओमवीर सिंहको -पसाङ लामु (२०५४)

रमेश खकुरेलको - सरितानानी (२०४९), स्रन्धरा (२०५९)

रामप्रसाद ज्ञवालीका -औँसीका फूलहरू (२०५०)

गोपाल पराजुली - हिमालमाथि आलेख (२०५३)

रामचन्द्र न्यौपाने - सोल्मू (२०५३), प्रत्याघात (२०५५)

स्वर्गीय तारिणी प्रसाद कोइराला - नेपाली (२०५६)

काशीनाथ न्यौपाने - विरजा (२०६२)

माधव वियोगीका -छन्द शिरोमणि, धर्मराज, जगदम्बा

जनार्दन त्रिपाठी - नेपालीश्री (२०६४)

लक्ष्मीनाथ अधिकारी - 'शान्तिदूत' (२०६७)

महाकाव्य लेखनको आधुनिक युगको तेस्रो चरणमा चरसिंह अवतार जस्तो प्रयोगवादी महकाव्य एवम् मानव (२०३३), देवासुर संग्राम (२०३०) जस्ता प्रगतिवादी धाराका उत्कृष्ट महाकाव्य हुन् त्यस्तै नीर विक्रम प्यासीको दबला महाकाव्यमा लोक छन्दको प्रयोग पाइन्छ ।

देश नरेश, श्री पृथ्वी महेन्द्र, राष्ट्रिय चरित्र जस्ता महाकाव्यमा राजस्तुतिपरक महाकाव्य परम्परा पनि जीवित रहेको पाइन्छ । जगदीश शमशेरको नरसिंह अवतार (२०३७) मिथकीय र भानुभक्त पोखेलको मृत्युञ्जयमा स्वैरकल्पनात्मक प्रस्तुत पाइन्छ ।

पोखेलको पौराणिक कथावस्तुलाई स्वैरकल्पनामा ढालेर प्रस्तुत गरेका छन् । गोविन्दप्रसाद भट्टराइको भावना, गुणराज उपाध्यायको श्री कृष्ण सन्देश र भरत मिलन पौराणिक विषयवस्तुमा आधारित रहेको पाइन्छ । त्यस्तै उषाविनोद, तुलसीराम शर्माको जन्मभूमि, शैलेन्द्र प्रकाश नेपालको जुनू सामाजिक विषयवस्तुमा आधारित महाकाव्य हुन् । सिंजापतिवाला नेपाली महाकाव्य जगतमा अहिलेसम्म वृहत महाकाव्य हो ।

यसमा १०८ सर्ग र १०८४७ श्लोकहरू रहेका छन् । जनार्दन त्रिपाठीको नेपालश्री मा १०५००० भन्दा बढी श्लोकहरू छन् भने विभिन्न भागमा प्रकाशित रमेशचन्द्र अधिकारीको सीतायन

नेपाली महाकाव्य जगतमा अहिलेसम्ममा सबभन्दा ठूलो महाकाव्य हुने अनुमान छ । पछिल्लो कालखण्डको महाकाव्य "'शान्तिदूत'"लाई विभिन्न कोणबाट अध्ययन गरी निरुपण गर्न बाँकी छ ।

यसरी महाकाव्य लेखनको आधुनिक कालको तेस्रो चरणपछि महाकाव्यको संख्यात्मकतामा अत्याधिक वृद्धि हुनु र महाकाव्य विधा वर्तमान समयको एक जल्दोबल्दो विधाको रूपमा उभिन सक्नु महत्वपूर्ण कुरा हो ।

## ३.६ नेपाली महाकाव्यको लेखन परम्परा र महाकाव्यकार-

(१) भानुभक्त आचार्यको **अध्यात्म रामायण** (१९९८-१९१०),

(२) रेवतीरमण न्यौपानेको **विश्वजित लीला** (१९६६)

(३) जगन्नाथ सेढाई र वैजनाथ सेढाईको **"चन्द्रमुख" र भूचन्द्रचन्द्रिका** (१९७०),

(४) देवीदत्त पराजुलीको **कविता गुच्छहार** (१९९८-२००५),

(५) लक्ष्मीप्रसाद देवकोटाको शाकुन्तला ( २००२),**सुलोचना (२००३), महाराणा प्रताप (२००३-२००४), पृथ्वीराज चौहान (२००३-२००४), प्रमिथस (२००७-२०१०),बनकसुम** (२००४)

(६) सोमनाथ सिग्देलको **आदर्श राघव** (२००५)

(७) रामनाथ खनालका **प्रजातन्त्रोदय (२०१०),पाण्डु** (२००६-२००९)

(८) वालकृष्ण समको **चिसो चूल्हो** (२०१५)

(९) कृष्णप्रसाद घिमिरेको **राष्ट्रिय चरित्र (२०१५), देशनरेश (२०१७), कादम्बरी** (२०४३)

(१०)गोविन्दप्रसाद भट्टराईका **पृथ्वी महेन्द्र** (२०१०),**भावना** (२०१७)

(११) मोदनाथ शास्त्रीका **भानु, ज्वलन्त नक्षत्र, ब्रह्माण्ड पुराण, बुद्ध गणेश,**(२०२२),

(१२) मोदनाथ प्रश्रितको **मानव** (२०२४)

(१३) हरिहर शास्त्रीको **उषाविनोद (२०२४),रम्भा (२०५५),घाम झुल्कियो** (२०२६)

(१४) मोहन दुखुनको **मन्दाकिनी** (२०४५),

(१५) तारिणी प्रसाद कोइरालाको **नैनी** (२०२६),

(१६) जयदेव पौडेलको **गोरखाख्यायिका** (२०३१-२०३३),

(१७) वसन्तकुमार शर्मा नेपालको **विप्रलम्भ** (२०२८-२०४४)

(१८) नीरविक्रम प्यासीको **दबला** (२०३४)

(१९) उमानाथ शास्त्रीको **मकवानीवाला** (२०३५)

(२०)श्री हरि फुयालको **आँसुको संग्रहमा** (२०२६)

(२१) नारायण प्रसाद उपाध्यायको **त्रिजन्मा** (२०२६-२०५६)

(२२) गणेशबहादुर खत्रीले **चमेली चन्द** (२०३७)

(२३) भरतराज पन्तले **दोभान** (२०३८)

(२४) भरतराज शर्मा घिमिरेले **महेन्द्रोदय (२०५५), देवयानी (२०३९), श्रुति सौरभ** (२०४९)

(२५) पिताम्बर भोला लम्साल **शिवासन्तति, वंशावली महाकाव्य, सारस्वतेय**

(२६) कुलचन्द्र कोइरालाले **भीमसेन थापा** (२०४०-२०४९, अपूर्ण),

(२७) भोग्यप्रसाद भण्डारीले **षडानन्द चरित्र** (२०४३)

(२८)तुलसीराम कश्यपले **जन्मभूमि** (२०४३), **आभार** (२०२५-२०४१),**मन्थन** (२०५०)

(२९) शैलेन्द्र प्रसाद नेपाल, **जूनु** (२०४८), **अनामिका** (२०५६),**डायना** (?)

(३०) टी.एन. गोपीकृष्ण अधिकारीका **आर्यवर्त** (२०४३-२०५१),**गंगा, ध्रुव,** (अपूर्ण)

(३१) भानुभक्त पोखेलका **मृत्युञ्जय** (२०४७),**जागृतिराम** (२०५६),**हिमवत्खण्ड** (२०६४)

(३२) पूर्ण प्रकाश नेपाल "यात्रीका" **बसन्तपल्लव, सिजापति बाला** (२०४५-२०५७)

(३३) पवन कुमार खनाल**रामदास** (२०४४-२०५८),**विम्ब प्रतिविम्ब** (२०४८),

**म**(२०४५),**स्वदेशी सुमन** (२०४८)

(३४) गौरीशंकर उपाध्यायको**शंकर** (२०४५)

(३५) ज्ञानव ढुंगानाको **गौरीशंकरायणगणेश गरिमा**, (२०४६)

(३६) चन्द्र प्रकाश ढुंगानाको **भीमयात्रा** (२०४७)

(३७) लक्ष्मी प्रसादपोखरलेको **वेन वैन्यवर्णन** (२०४९)

(३८) रमेश खकुरेलको **सरिता नानी** (२०४९)

(३९) मदन देव भट्टराईको **जीवनस्मृति** (२०५२)

(४०) रामप्रसाद ज्ञवालीको**औंसीका फूलहरू** (२०५३)

(४१) नरेन्द्र परासर**गौरीशंकर** (२०५८),

(४२) चन्द्रप्रसाद न्यौपाने**सोल्मू** (२०५३), **प्रत्याघात** (२०५५),**सिमाना** (२०५८),**सिपाही**,

**मान्छेको यात्रा**(..)

(४३) पूर्णनाथ भट्ट**शान्तिविज्ञान** (२०५३)

(४४) रमेशचन्द्र अधिकारी **पद्मदुर्गा** (२०५५),**सीतायन**, खण्ड एक र दुई गरी (२०५५ र २०५६),

(४५) ओमवीर सिंह वस्नेत**पासाङ ल्हामु** (२०५४), **गौरी घाट महात्म्य काव्य** (२०५५), **सेवा सैनिक झपट** (२०५६) **पृथ्वी,** (२०५९),

(४६)दुर्गाप्रसाद अधिकारी**बालागुरु** (२०४०-२०५६),(४७) भीष्मराज प्रसाईं**आत्म समर्पण**

(२०५५),

(४८) भुवन हरि सिग्देल**धरणीधर** (२०५५), **मेनुका** (२०५६)

(४९) पोषराज पौडेल **शहिदगाथा** (२०५५)

(५०) शिवगोपाल रिसाल**पद्मकन्या** (२०५७),

(५१) जीवराज पोखेल**शिक्षक शिष्य संवाद** (२०५८), **बुद्धचरित्र** (२०५९)

(५२) माधव वियोगी**छन्दशिरोमणि**, (..........)

(५३) बुनू लामिछाने**इन्द्रकुमारी** (२०५७), याचना (२०६५),

(५४) रामप्रकाश पुरी**विचरण** (२०६३)

(५५) लक्ष्मीनाथ अधिकारी **'शान्तिदूत'** (२०६७)

## ३.७ शान्तिदूत महाकाव्यका विश्लेषणका आधार तत्त्व

प्रस्तुत शोधपत्र महाकाव्य तत्त्वका आधारमा 'शान्तिदूत' महाकाव्यको अध्ययनसित सम्बन्धित भएकाले पूर्वीय तथा पाश्चात्य काव्य सिद्धान्त र नेपाली महाकाव्य परम्पराको विस्तृत चर्चा यहाँ अपेक्षित नभएको हुँदा प्रसङ्गवश सामान्य चर्चा मात्र गरिएको छ र महाकाव्य तत्त्व (शीर्षक, संरचना, कथानक, चरित्र, भावविधान, उद्देश्य, विचार र भाषाशैलीका आधारमा मात्र यसको विश्लेषण खण्ड क्रियाशील हुनेछ ।

## ३.८.निष्कर्ष

महाकाव्यका सन्दर्भमा व्यक्त भएका पौरस्त्य एवं पाश्चात्य अवधारणाहरूलाई तुलनात्मक रुपमा अध्ययन गर्दा केही समानता र केही विषमताहरू पाइन्छन । महान व्यक्तिको महत अर्थसित अरस्तु एवं भामहदेखि विश्वनाथ आदिसम्मले समर्थन गरेका छन । त्यस्तै इतिहास प्रसिद्ध कथानकका सन्दर्भमा पनि दुवैतिरका विचारहरू मिल्दाजुल्दा देखिन्छन । अरस्तु त्रासदीमा हुने वस्तु संगठन महाकाव्यमा पनि अनिवार्य ठान्दछन भने पूर्वीय चिन्तक विश्वनाथ “सर्वे नाटक सन्धयः” भनेर समर्थन जनाउँदछन ।

यसैगरी विपुलाकार, आलङ्कारिक शैली, सुन्दर गुम्फन जस्ता पक्षमा पनि पूर्व र पश्चिम दुवैतिरका विचारहरू मिल्दछन । यसरी महाकाव्यका सन्दर्भमा व्यक्त भएका पूर्व र पश्चिमका धारणाहरूले एकापसमा मूलभूत बुँदाहरूमा समानता राख्दछन ।

पूर्वीय महाकाव्य चिन्तन परम्परामा बहुछन्द प्रवाहलाई मान्यता दिइएको पाइन्छ भने पाश्चात्य महाकाव्य चिन्तन परम्परामा एक छन्द (वीर) लाई मात्र मान्यता दिएको पाइन्छ । पौरस्त्य चिन्तकहरू रसयुक्त पदावली लाई बढी जोड दिन्छन भने पश्चिममा रसको प्रसङ्ग भेटिदैन । पूर्वीय धारणाहरूको झुकाव आदर्श, आध्यात्मिकता र उर्ध्वगामी विकास तर्फ देखिन्छ भने पश्चिमी धारणाहरूको झुकाव यथार्थ र भौतिकताप्रति बढी देखिन्छ । यसरी पौरस्त्य तथा पाश्चात्य महाकाव्य सम्बन्धी धारणाहरूमा असमानता पनि पाइन्छ ।

पूर्वीय आचार्य भामह र पाश्चात्य विद्वान अरस्तु विश्व साहित्यकै इतिहासमा देखापर्ने महाकाव्यका आद्य चिन्तकको रुपमा सम्मानित छन । अतः भामहदेखि विश्वनाथसम्मको संस्कृत परम्परा एवं अरस्तुदेखि राल्फ फक्ससम्मको पाश्चात्य महाकाव्यीय चिन्तनलाई समीकरण गर्दा महाकाव्यको यस्तो परिभाषा निकाल्न सकिन्छ ।

उर्ध्व कथानक तथा उच्च नायकले युक्त, पञ्च सन्धि समन्वित, आलङ्कारिक, सर्गबद्ध एवं छन्दबद्ध, भएको र विपुल आकारमा रमाउने काव्यकृति हो महाकाव्य । यसले आफ्नो गम्भीर कथानकको कारण शाश्वत मूल्य बोकेको हुन्छ । यस भित्र युग संस्कृति एवं समाजका विविध पक्षहरू समेत प्रतिविम्वित हुन सक्दछन ।

पूर्वीय र पश्चिमी दुवै साहित्य जगत्मा महिमामय एवं गरिमामय स्थान दिइएको प्राचीन काव्य विधा महाकाव्यमा प्रचलित लोक कथा एवं कथा समूहहरूलाई कुनै विराट प्रतिभाले उपयोग गरी

आफ्नो केन्द्रीय संरचनामा प्रतिभा पूर्वक उनेर तयार पारिएका रामायण महाभारत, इलियड, ओडिसी जस्ता विकासशील महाकाव्यहरू कम्तिमा पनि तीन हजार बर्षदेखि यस संसारमा अस्तितत्ववान छन ।

तिनै महाकाव्यबाट निःसृत वा प्रेरित भई व्यक्ति र परम्परा प्रतिभाको वृहत लालित्य चेत एवं प्रतिभा वैचित्र्यले युक्त कलात्मक काव्यहरूको सृजना हुन थालेको र यसले उदात्त कथावस्तु र उदात्त चरित्रका माध्यमबाट कुनै जाती, राष्ट्र र युगको समग्र जीवनलाई भव्यताका साथ बर्णन गर्दै मानवीय तथा दैविक विराट स्वरुपलाई कविताको माध्यमबाट प्रस्तुत गर्ने कार्य सफलताका साथ निर्वाह गरेको इतिहास विश्व सामु उपस्थित छ । जीवन जगतका अनेक पक्ष र रुपहरूको काव्यकलात्मक वृहत चित्रण गरिन्छ भन्ने धारणाले युक्त महाकाव्यमा अनुभूतिले आख्यानीकरण मार्फत वृहत रुप दिइएको हुन्छ । महाकाव्य लेखन र मूल्याङ्कनमा पूर्वीय र पश्चिमी आ-आफ्नै मान्यताहरू छन ।

संस्कृत साहित्य परम्पराका आदि महाकवि वाल्मीकि (इ.पू. ५०० तिर) को वृहत संस्कृत महाकाव्य अध्यात्म रामायणले लौकिक संस्कृतको प्राचीनतम रुप प्राप्त गरेपछि रघुवंश, किरातार्जुनीयम, नैषधीयचरितम्, शिशुपालबध जस्ता पूर्वीय संस्कृत भाषाका प्रतिनिधिमूलक उत्कृष्ट महाकाव्यहरूले निश्चित स्वरुप प्राप्त गरेका हुन् भने इलियड, ओडिसी र प्याराडाइज लस्ट जस्ता पश्चिमी उत्कृष्ट महाकाव्यहरूले आफ्नो निश्चित आधार प्राप्त गरेका छन् ।

यसरी नै बाल्मीकि र होमरका महाकाव्यहरूले पूर्वीय र पश्चिमी महाकाव्यहरूको मूल्याङ्कनको मूल आधार पनि दिएका छन् (पराजुली, २०५४ : ३३३) । नेपाली भाषी कविका संस्कृत, अवधि, नेवारी, मैथिली, भोजपुरी, अंग्रेजी भाषाका महाकाव्यहरू लेखिएका छन् भने महेश चौधरीको थारु भाषाको महाकाव्य रहेको पाइएको छ भने देवकोटाले प्रमिथस महाकाव्य नेपाली र अंग्रेजी दुवै भाषामा लेखेका थिए भन्ने पाइएको छ ।

यसरी नेपाली भाषी कविहरूको संख्या करिब तीन दर्जनभन्दा बढी र महाकाव्यको संख्या पचासौंको हाराहारीमा रहेको पाइएको छ । देवकोटा मात्रै संस्कृत, नेपाली र अंग्रेजी भाषामा महाकाव्य लेख्ने नेपालका एकमात्र प्रतिभा हुन् । नेपालीका आदिकवि भानुभक्त आचार्यको अध्यात्म रामायण (१८९८-१९१०) देखि लक्ष्मीनाथ अधिकारी बुद्ध जीवनीमा आधारित महाकाव्य 'शान्तिदूत' (२०६७) सम्म आइपुग्दा महाकवि र महाकाव्य संख्या सयौंको हाराहारीमा पुगेको छ ।

अधिकारीले पनि महाकाव्य रचना गरेर महाकाव्य परम्परालाई अगाडि बढाउन योगदान गरेका छन् । पछिल्लो कालखण्डको महाकाव्य 'शान्तिदूत'लाई विभिन्न कोणबाट अध्ययन गरी निरुपण गर्न बाँकी छ । यी नेपाली महाकाव्यहरूको मूल्याङ्कनको मूल आधार बाल्मीकिको रामायण नै बन्न पुगेको छ ।

यहाँ 'शान्तिदूत' महाकाव्य अध्ययनका लागि पूर्वमा वाल्मीकि र पश्चिममा होमरका कृतिहरू नै पृष्ठभूमि भएपनि 'शान्तिदूत' महाकाव्यको महाकाव्य तत्त्वका आधारमा केन्द्रित भएर अध्ययन गरिएको छ ।

# चौथो अध्याय

## महाकाव्य तत्त्वका आधारमा 'शान्तिदूत' महाकाव्य

महाकाव्यकार लक्ष्मीनाथ अधिकारीद्वारा लिखित महाकाव्यमा गौतम बुद्धको जीवनीको वर्णन गरिएको छ । शान्तिका अग्रदूत महामानव गौतम बुद्धको जन्मभूमि पावन लुम्बिनीमा बसी यहाँको पवन, अन्नजल मृत्तिकाबाटै उनले पाएको असीम अनुग्रह, ऊर्जा सत्प्रेरणा, ऋण तिर्न नसके पनि कृतज्ञताका लागि किञ्चित भेदभाव दिने प्रयाससम्म पनि नगरे कृतघ्न भइने हुँदा केही न केही त गर्नै पर्ने हो तर के गर्ने भन्ने गहिरो विचार सागरमा डुबिरहेको अवस्थामा 'शान्तिदूत' महामानव गौतम बुद्ध लुम्बिनीसित सम्बन्धित कुनै काव्य कविता आदि लेखे हुन्छ नि भनी हार्दिक सदाशय प्रेरणा र यथासम्भव ग्रन्थहरूसमेत उपलब्ध गराएर लेखनमा प्रेरणा दिने बौद्ध शास्त्रका विशिष्ट विद्वान् श्रद्धेय स्व. धमरन्त शाक्यका कारणबाट लक्ष्मीनाथ अधिकारीले 'शान्तिदूत' महाकाव्य लेखेका हुन् । यही गौतम बुद्धको नगरीमा बसी लेख्न प्रारम्भ गरेका अधिकारीले २०६७ सालमा प्रकाशन गरेका हुन् ।

प्रस्तुत शोधपत्र महाकाव्य तत्त्वका आधारमा 'शान्तिदूत' महाकाव्यको अध्ययनसित सम्बन्धित भएकाले पूर्वीय तथा पाश्चात्य काव्य सिद्धान्त र नेपाली महाकाव्य परम्पराको विस्तृत चर्चा यहाँ अपेक्षित नभएको हुँदा प्रसङ्गवश सामान्य चर्चा मात्र यस अगाडि गरिएको छ । यस अध्यायमा महाकाव्य तत्त्व (शीर्षक, संरचना, कथानक चरित्र, भावविधान, उद्देश्य, भाषाशैली)का आधारमा मात्र महाकाव्यको विश्लेषण हुनेछ ।

## ४.१ 'शान्तिदूत' महाकाव्यको परिचय

'शान्तिदूत' छन्दोबद्ध पद्य रचना भएको हुँदा यो काव्य विधासँग सम्बन्धित कृति हो भन्ने प्रस्ट हुन्छ । विभिन्न शीर्षकहरू दिइएको सर्ग भन्न सकिने चौबीस कुञ्ज रहेको यस कृतिमा एक देखि चौबीस पङ्क्तिसम्मका छन्दोबद्ध शास्त्रीय श्लोक छन् । 'शान्तिदूत' महाकाव्यमा लुम्बिनी वरिपरिको वातावरण हरियाली वन जङ्गल, चराचुरुङ्गी, पशुपंक्षी, जनावर आदिको अत्यन्त आकर्षक ढङ्गले वर्णन गरिएको छ । यस महाकाव्यमा शुद्धोदनभन्दा पहिले पनि अन्य राजा रहेका कुरा व्यक्त गरिएको छ । कपिलवस्तुमा रहेका राजा शुद्धोदनकी रानी मायादेवी गर्भवती भएपछि लुम्बिनी घुम्ने इच्छा राखी आएको र त्यहाँ वरिपरिको वातावरणको चर्चा गरिएको छ । गौतम बुद्ध जन्मेको स्थल जङ्गल रहेको परिवेश प्रस्तुत गरिएको छ ।

गौतम बुद्ध जन्मेको पाँचौं दिनमा न्वारन गरी ज्योतिषवाणीद्वारा भविष्यवाणी गरिएको चर्चा भएको छ । यस महाकाव्यमा कपिलवस्तुमा असारको समयमा रोपाई चलेको र त्यस रोपाईमा राजाले सुनको हलोले जोत्ने कुरा प्रस्तुत गरिएको छ । यस्तै प्राकृतिक शक्तिहरू अग्नि, सूर्य, पृथ्वी आदिको पूजा गर्ने, महामाताको अधीनमा गण गोत्र तथा पुस्ता, विवाह प्रचलन चलेको कुराको वर्णन गरिएको छ । पशुहत्या गर्ने विम्बसारलाई गौतम बुद्धको उपदेशबाट सही मार्गमा ल्याइएको कुरा देखाइएको छ ।

बुद्धत्व प्राप्त गर्न गएका गौतमबुद्ध भारतको गया पीपलको रुखमुनि बसी ज्ञान प्राप्त गरेका छन । भारतको गयाको परिवेशको पनि वर्णन गरिएको छ । गौतम बुद्ध गाउँ गाउँमा भिक्षा माग्न हिड्नेबाट गाउँले जीवनको सुन्दर तरिकाले चित्रण गरिएको छ । यस समयमा केश काटेर गेरुवा लुगा लगाई बुद्धका सामुन्ने प्रवज्या याचन गरेका नारी भिक्षुणीहरूको बारेमा देखाइएको छ । 'शान्तिदूत' महाकाव्यमा नारीहरू पनि भिक्षुणी बनेका थिए भन्ने कुराको पुष्टि हुन आउँछ । यसरी 'शान्तिदूत' महाकाव्यको परिवेशलाई महाकाव्यकारले अत्यन्त रोचक ढङ्गबाट प्रस्तुत गरेका छन ।

यसमा गौतम बुद्ध जन्मेको ठाउँ लुम्बिनीको बारेमा बताइएको छ भने त्यहाँको प्रकृतिको बारेमा पनि वर्णन गरिएको छ । लुम्बिनी कुटी बनाउँदा सिकर्मी, डकर्मीले देखाएको सिप पनि प्रस्तुत गरिएको छ । गर्भिणी मायादेवी लुम्बिनी घुम्ने इच्छालाई रोचक ढङ्गले देखाइएको छ । गौतम बुद्धको बाल्यावस्था र युवावस्था, सिद्धार्थकुमारको रणकौशल प्रदर्शन, शुद्धोधनको सपना आदिको बारेमा बृहत आख्यानका माध्यमबाट कथन गरिएको छ ।

यी सबै तथ्यहरूले प्रस्तुत रचनालाई कविताको बृहत वा महाकाव्यको स्वरुप प्रदान गरेको कुरा प्रस्ट हुन्छ । यस परिच्छेदमा नेपाली महाकाव्य परम्पराको सर्वेक्षण गरी समयानुसार उक्त परम्परा

देखा परेका प्रवृत्तिहरूलाई केलाउँदै देशका शोषित-पीडित वर्गलाई रुढीवादी सामाजिक परम्पराका विरुद्ध जागरुक बनाउने र सङ्घर्ष गर्न उत्प्रेरणा दिने खालको महाकाव्य शान्तिका दूतको नेपाली महाकाव्य तत्त्वका आधारमा सङ्क्षिप्त विश्लेषण गर्ने प्रयास गरिएको छ । त्यसैले 'शान्तिदूत' महाकाव्यलाई महाकाव्य तत्त्व सम्बन्धी आधारभूत मान्यताको कसीमा हेर्नु आवश्यक देखिन्छ ।

## ४.२. 'शान्तिदूत' महाकाव्यको शीर्षक

काव्यशास्त्र अनुसार कथासूत्रमा आबद्ध, प्रख्यात विषयवस्तुमा आधारित र सर्गबद्ध तथा रजयुक्त गहन काव्यलाई महाकाव्य भनिएको पाइन्छ । उदात्त कथावस्तु र उदात्त चरित्रका माध्यमबाट कुनै जाति राष्ट्र र युगको समग्र जीवनलाई भव्यताका साथ वर्णन गर्दै मानवताको विराट स्वरुप प्रस्तुत गर्ने काम महाकाव्यले गर्दछ ।

जीवन र जगतको विराट, विस्तृत र महत्तम छवि अङ्कित गरी समाजको सांस्कृतिक स्वरुप समस्त शोभा र गरिमालाई प्रतिविम्बित गर्ने हाम्रो शास्त्रीय परम्पराअनुसार सर्गहरूमा बाँधिएको, छन्दमा रचिएको, धीरोदत्त गुणले युक्त देव वा कुनै कुलीन व्यक्ति नायक भएको शृङ्गार वीर र शान्तमध्ये कुनै एक रसको प्रधानता रहेको, धर्म, अर्थ, काम, मोक्षमध्ये कुनै एकको सिद्धि गर्ने लक्ष्य लिएको हुनु पर्दछ । पश्चिमी मान्यता अनुसार महाकाव्य एक वृहदाकार समाख्यानात्मक काव्य हो र यसमा उच्चतर चरित्रहरूको वर्णन हुन्छ अनि यसको कथाप्रवाहमा घनत्व र गरिमा हुन्छ र यसमा एक मात्र वीर छन्दको प्रयोग हुन्छ ।

सामान्यतया उदात्त कथानक उदात्त चरित्र, उदात्त उद्देश्य, उदात्त भाव, उदात्त विचार र उदात्त शैली हुने योजनाबद्ध ग्रन्थ काव्य हो । यसै नीतिअनुरुप धीरोद्दात्त नायक प्रधान रहेको यस काव्यको नामाकरण पनि नायककै जीवनशैली, जीवनोद्देश्यसँग अनुबन्धित नामाकरण गरी महाकाव्यकारले कृतिको शीर्षक 'शान्तिदूत' राखेको पाइन्छ । शान्तिका दूतको जीवनी वृतान्त विवरणात्मक रुपमा प्रस्तुत गरिएको यस महाकाव्यमा शान्तिको खोजी, प्राप्ति र शान्ति सन्देश प्रसार गर्ने अग्रणी व्यक्ति भएकाले र जीवनोद्देश्य सफल भएकाले पनि सिद्धार्थ गौतमलाई शान्तिका दूत भनिएको हो । अतः यस काव्यको शीर्षक सार्थक रहेको पाइन्छ ।

निष्कर्षमा भन्नुपर्दा सिङ्गो युग, समाज वा सभ्यता, संस्कृतिलाई प्रतिविम्बित गर्ने वृहताख्यानसँग कवित्वको प्रवाह समन्वित बनेको, त्यस्तो सर्गबद्ध संरचना नै महाकाव्य हो जसमा गम्भीर रसव्यजनमा तीब्र प्रभावान्विति र अनवरुद्ध जीवनशक्ति एवं सहदुद्देश्य अन्तर्निहित हुन्छ ।

## ४.३ सर्गविधान तथा रुपगत संरचना

वि.सं. २०६७ सालमा अन्तर्राष्ट्रिय बौद्ध समाज लुम्बिनीबाट १००० प्रति प्रकाशन भएको १३२ पृष्ठको लक्ष्मीनाथ अधिकारीको प्रथम महाकाव्य हो । यसको पूर्व भागमा कविले स्वः माता पिताप्रति सादर समर्पण भाव व्यक्त गरेका छन् भने त्यसपछि कविले आफूलाई सहयोग गर्ने मित्रहरूप्रति धन्यवाद टक्र्याएका छन ।

त्यसपछि यसमा विभिन्न विषय वस्तुलाई समायोजन गरी २४ कुञ्जमा (शीर्षक) महाकाव्य उनीएको छ । यस महाकाव्यमा पञ्च सर्गहरू रहेका छन् । बाह्य संरचनाका दृष्टिले कृति सवल र राम्रो देखिन्छ । यसैगरी अधिकांश महाकाव्यकारले गौतम बुद्धको बाल्यकाल, युवावस्था, बुद्धत्व प्राप्त गरेको, उपदेश संसारमा फैलाएको, मृत्युको मुखमा पुगेको अवस्था जस्ता पक्षहरूलाई शीर्षकानुकूल संयोजन गरिएको देखिन्छ । उनको पद्य श्लोकका वाह्य संरचनात्मक स्वरुप यस प्रकार छ -

| सि.नं. | शीर्षक | लय संरचना | आयाम |
|---|---|---|---|
| १. | वंशावली, कपिलवस्तुमुनि र कपिलवस्तु | पद्य | ५२ पङ्क्ति |
| २. | शाक्य कोलीय वंशोत्पति | पद्य | ४२ पङ्क्ति |
| ३. | गर्भवास प्रकरण | पद्य | ६१ पङ्क्ति |
| ४) | सिद्धार्थ जन्म | पद्य | ६६ पङ्क्ति |
| ५) | असित (कालदेवल) को कपिलवस्तु आगमन | पद्य | ४४ पङ्क्ति |
| ६) | सिद्धार्थ कुमारको न्वारन ज्योतिषवाणी | पद्य | ४४ पङ्क्ति |
| ७. | बाल्यकाल र युवावस्था | पद्य | ६२ पङ्क्ति |
| ८. | सिद्धार्थकुमारको रणकौशल प्रदर्शन | पद्य | ४३ पङ्क्ति |
| ९. | प्रथम भ्रमण वृत्तान्त र चार निमित्त दर्शन | पद्य | ५४ पङ्क्ति |
| १०. | निष्क्रमणको तयारी | पद्य | ५१ पङ्क्ति |

| | | | |
|---|---|---|---|
| ११. | शुद्धोदनको सपना | पद्य | ६४ पङ्क्ति |
| १२. | महानिष्क्रमण गृहत्याग | पद्य | ४९ पङ्क्ति |
| १३. | सिद्धार्थ विम्बिसार भेट | पद्य | २८ पङ्क्ति |
| १४. | दुष्कर तपस्या र बुद्धत्व लाभ | पद्य | ४४ पङ्क्ति |
| १५. | धर्मरसमा निमग्न | पद्य | ६० पङ्क्ति |
| १६. | धर्मचक्र प्रवर्तन | पद्य | ७१ पङ्क्ति |
| १७. | पञ्चशील शिक्षा | पद्य | ४१ पङ्क्ति |
| १८. | संघमा काश्ययहरूको प्रवेश | पद्य | ६३ पङ्क्ति |
| १९. | संघ विस्तार तथा विम्बिसार र आम्रपालीसँग भेट | पद्य | ३९ पङ्क्ति |
| २०. | बुद्धको कपिलवस्तु यात्रा | पद्य | ३९ पङ्क्ति |
| २१. | बुद्ध यशोधरा सम्वाद | पद्य | ६० पङ्क्ति |
| २२. | प्रजावती गौतमजीको प्रव्रज्या र बुद्धर्मानुशासन | पद्य | ४७पङ्क्ति |
| २३. | बुद्धको वर्षवास | पद्य | ५४ पङ्क्ति |
| २४. | सुभद्राको आगमन | पद्य | २१ पङ्क्ति |

यसरी जम्मा २४ सर्ग  र खास श्लोक सङ्ख्या ११९९ भएको महाकाव्यले अपेक्षा अनुरुपको लम्बाई प्राप्त गरेको देखिन्छ । खण्डभित्र वर्णन गरिएको विषयको आधारमा नामकरण गरिएका शीर्षक आधारमा महाकाव्योचित सर्ग विधानलाई व्यक्त गरी यस महाकाव्यमा सवासय पृष्ठमा अनुष्टुप् छन्दमा लेखिएको यस काव्यमा नेपाली कवितामा प्रचलित झण्डै डेड दर्जन छन्दहरू(वर्णमात्रिक र मात्रिक वर्गका) प्रयोग गरिएको छ । छन्दप्रेमीहरूका लागि यो थप उपयोगी सामग्री बन्न सक्छ । भगवान बुद्धको सङ्क्षिप्त जीवन कथालाई रसिलोपन र लालीत्य प्रदान गर्ने कार्यमा छन्दोबद्धताले गरेको लयात्मक योगदान पनि यस काव्यको वैशिष्ट्य हो ।

पाठकलाई लयले आमन्त्रण गर्छ र बेलाबखतमा हृदयलाई अभिषित पार्छ  । बरु कतै कतै लय मिलाउन खोज्दा भाषाको आफ्नो स्वभाविक स्पष्टता र सम्प्रेषणीयतामा कमी आएको छ केही पाउँदा

केही गुमाउनु मानवको नियति नै होला । भाषाशैली सरल छ कतिपय शब्दहरू साङ्केतिक रुपमा प्रयोग गरिएका हुनाले साधारण पाठकलाई अर्थबोधमा असजिलो स्थिति उत्पन्न हुन सक्छ ।विषयवस्तु प्राचीनकालको पनि भएर हुन सक्छ, यहाँ २१ औं शताब्दीको काव्यभाषा कम पाइन्छ, ऋतु विचार खण्डकाव्यका कवि लेखनाथ पौडेलको शैली शिल्पकारिताको नव उत्तराधिकार यस काव्यमा पाइन्छ, हेरौं ।

छटपटी ज्ञान तिर्खाको जब जाग्दछ चित्तमा

विलास भोगको तिर्खा कहाँ लाग्दछ चित्तमा ?

पन्छीलाई थुनी छेकी जस्तै सुख दिँदा पनि,

हुन्छ त्यो झ्यालखान नै सुनको पिँजडा पनि ॥

प्रिय सान्निध्य न्यानोमा श्मशानै दरबार छ

प्रियदूरत्व आगोमा दरबार श्मशास छ ॥ ('शान्तिदूत')

लक्ष्मीनाथ अधिकारीद्वारा रचित बृहत काव्यरचनाको रुपमा देखापर्ने 'शान्तिदूत' महाकाव्यले काव्यिक मूल्यका अपैक्षा वैचारिक पक्षलाई महत्व दिएको पाइन्छ । कवि अनुभूतिको प्रवाहलाई, आख्यानको वर्णन र विश्लेषणलाई बढी महत्व दिइएको यस महाकाव्यले गौतम बुद्धको जन्म, ज्ञानप्राप्ती, त्याग र तपस्या जस्ता प्रवृत्तिहरूलाई प्रस्तुत गरेको छ । महाकाव्यका सार्वभौम लक्षणहरूलाई आधारबनाएर यहाँ 'शान्तिदूत'को महाकाव्यात्मक स्वरुपलाई प्रष्ट्याउने कार्य गरिएको छ ।

पूर्वीय तथा पाश्चात्य साहित्यमा महिमामय एवं गरिमामय स्थान दिइएको प्राचीन काव्य विधाका रुपमा महाकाव्यलाई लिने गरिन्छ । पूर्व होस या पश्चिम, साहित्यिक चिन्तनको शृङ्खलामा विभिन्न विद्वानहरूले महाकाव्य मान्यताको सन्दर्भलाई प्रौढ बनाउने कार्य गरेको देखिन्छ ।

## ४.४.'शान्तिदूत' महाकाव्यको कथानक

'शान्तिदूत' महाकाव्य अनुसार ईसापूर्व आठौं र सातौं शताब्दीमा यस क्षेत्रमा धेरै राजाहरू थिए । ईसाको छैठौं शताब्दीमा कपिलबस्तुमा राजा शुद्धोदन भएको इतिहासलाई कथानकमा रुपमा ग्रहण गरिएको छ । राजा शुद्धोदनका दुईवटी रानीहरू थिए । मायावतीको कोखबाट सिद्धार्थ गौतमको जन्म हुन्छ । महाकाव्यमा सिद्धार्थ गौतमको जन्म कुण्डलीसमेत प्रस्तुत गरिएको छ ।

सिद्धार्थ कुमारको न्वारान, ज्योतिषवाणी, उनको कठोर तपस्या र साधानामय जीवनकथा तथा बुद्धका शीतल शान्ति सन्देश जीवनकथा आदिलाई समेटिएर प्रस्तुत गर्ने क्रममा तयार भएको यो महाकाव्यमा कथानकहरूलाई काव्यात्मक स्वरुप दिई विभिन्न शीर्षकमा चौबिस सर्गमा प्रस्तुत गरिएको छ । गौतम बुद्धको जन्म, कुन कुन समयमा तपस्या गरेर कसरी बुद्धलाई ज्ञान प्राप्त भयो । ती ज्ञानहरू कसरी प्रचार प्रसार जस्ता कुरालाई सर्सरी विवरणात्मक रुपमा प्रस्तुत गरिएको यस महाकाव्यको सर्ग (कुञ्ज) अनुसार शीर्षक र घटनाको पूर्वापर यस प्रकार देखाउन सकिन्छ ।

### ४.४.१.वंशावली, कपिलमुनि र कपिलवस्तु

कपिलवस्तु हरियाली वन जङ्गल, जङ्गली जनावर, पशुपंक्षी आदिले अत्यन्त आकर्षक रहेको थियो । यस राज्यमा ओक्काक बंशका राजाले राज्य गरेका र उनका पाँचजना रानीहरू भएको कुरा उल्लेख छ । जेठी महारानीलाई पाँचजना छोरी जन्मिएका, माइली, साँइली, काइली र कान्छीबाट एक एक राजकुमार गरी चार जना जन्म भएका थिए । राजाका जम्मा नौ सन्तान भएपनि रानीहरू बूढी हुँदै गएर राजाले अर्कीसँग विवाह गरे ।  कान्छी महारानीले रुप र यौवनले राजालाई बाचा बन्धनमा पार्न सफल भएको बताइएको छ ।

कान्छी रानीले आफ्नो पुत्र जन्तुलाई राजा बनाउन आग्रह गरिन् र राजा पनि बाचाबन्धनमा परी आफ्ना अन्य चार छोरालाई गोप्य रुपमा दरबारदेखि निस्केर मेरो मृत्यु भएपछि आउनु भनी आदेश दिएका छन् । चार राजकुमार र पाँच राजकुमारी सहित दरबारबाट निस्केर खोलानाला, बनजङ्गल, पहाडी काख, हरिया सुन्दर वन आदि पार गरी ऋषि आश्रम कपिलमुनिको कुटिमा पुगे, यसै आश्रममा ऋषिले गास, बास, कपासको व्यवस्था गरी सौतेनी आमाका कारण वनबासमा राम र लक्ष्मणले भोगेका त्रेता युगका कुराहरू सुनाइएको वर्णन छ । राजा दरबारमा भोगमा लिप्त थिए भने यता ओक्काकका राजकुमारहरू राज्यको नेतृत्व गरी जनतालाई सुखी बनाउनु पर्दछ भन्ने ऋषिको कुरा सुनी पहिलो रात कुटीमा शान्तिपूर्वक बिताएको प्रसङ्ग वर्णन गरिएको छ ।

### ४.४.२. शाक्य कोलीय वंशोत्पत्ति

ऋषिले प्रभातको प्रतिक्षापछि गाउँलेलाई जम्मा गरी एउटा योजना बनाए, गाउँलेको मद्दतबाट ऋषिले भव्य दरबार बनाई शुभसाइत निकाली ओक्काकमुखलाई राजा बनाइएको कुरा वर्णन छ । कपिलमुनीको योजनाबाट राजदरबार र राजा भएकोले यस ठाउँको नाउँ कपिलवस्तु राख्ने निधो गरिएको छ ।

राजाको विवाह गर्न कन्याको खोजी गरियो तर कन्या नभेटिएपछि मुनि र अन्य जनताको सल्लाह अनुसार आफ्नै बहिनीसँग बिहे गर्ने निधो गरी ओक्काकका राजा तथा आफ्ना पितालाई चिठी लेखी वहिनीसँग विवाह गर्नको लागि अनुमति लिए । पिताले “शक्या बत कुमाराती” भन्दै स्वीकृति दिए । यही पितृवाक्यबाट “शक्य” वंश भन्न सुरु गरियो । यसै स्वीकृती अनुसार चार दाजु बहिनी बिहे गरी जेठी दिदी राजमाता बनिन, केही समय पश्चात जेठी दिदी राजमातालाई कुष्ठरोग लागेकाले कोलीय ओडारमा लगेर छोडे । बनारसबाट आएका राम भन्ने राजालाई पनि कुष्ठ रोग लागेर त्यही ओडारमा बसेका बेला दुवैको भेट भएको हुन्छ ।

कोलीय बनका जडीबुटी खाई रोग निको भएपछि यी दुवैको बीचमा विवाह भएको र जुम्ल्याहा सोह्र पुत्र जन्मिएका र यस ठाउँमा बस्ती बसाली त्यसको नाम कोलीय राखे र आफ्ना छोराको विवाह शाक्यमुनिका छोरीसँग हुन गई त्यसवेलादेखि सोली डोली चलन चलेको कुरा यस कुञ्जमा चर्चा गरिएको छ ।

### ४.४.३. गर्भवास प्रकरण

इसापूर्व आठौं र सातौं शताब्दीमा शाक्य र कोलिय राजा भए, त्यसपछि छैठौं शताब्दीमा शाक्यवंशी राजा शुद्धोधन राजा भए । शुद्धोधन राजाका दुई जना मायादेवी र प्रजावती नामका रानी थिए । रानी माया देवीले अनौठो सपना देखी राजा शुद्धोधनलाई भनेपछि राजा शुद्धोदन त्यस सपनादेखि डराएको कुरा महाकाव्यमा वर्णन छ ।

राजाले चौसट्ठी ब्राह्मणचार्यलाई बोलाई सपनाको बारेमा प्रश्न राख्दा ती ब्राह्मणाचार्यले मायादेवीबाट महापुरुष, चक्रवर्ती पुत्रको जन्म हुने बताए, केही समयपछि रानी मायादेवी गर्भिणी भइन्, मायादेवीले लुम्बिनी घुम्ने इच्छा व्यक्त गरी त्यहाँ जानको लागि तयार भएको विषयहरू यहाँ चर्चा गरिएको छ ।

### ४.४.४. सिद्धार्थ जन्म

मायादेवी विभिन्न सुसारे, डोला बोक्ने डोले, सैनिकका साथ लुम्बिनी हिडिसकेपछि बाटोमा थरीथरीका रुखहरू, फूलहरू, नदी, पोखरी, पार गर्दै अगाडि बढिन् । बाटैमा रात परेपछि त्यही रात काटी बिहान उज्यालो भएपछि फेरि यात्रा सुरु गरी बगैँचा स्वच्छ नदी पशुपन्छी जस्ता आकर्षक दृश्यको अवलोकन गर्दै साँझ लुम्बिनी नजिकै राम्रो गाउँ पडरियामा पुगेपछि उनीहरूले खानपिनको व्यवस्था गरी लुम्बिनीमा रात बिताउन पुगे ।

प्रातःकालमा आफ्ना प्यारा सखी जति र रानी प्रजावतिलाई लिएर रानी मायादेवी कुञ्जभित्र पसी तलाउको शुद्ध पानीमा नुहाई लुम्बिनीको बगैँचामा यताउति घुम्दै आनन्द लिन लागिन् । रानी मायादेवी शान्त प्रकृतिको सुन्दर वातावरण हेर्दा हेर्दै उनलाई प्रसवपीडा बढ्न गई छटपटाउन थालिन् र त्यसदिन पाँच सय छ्यासठ्ठी दिन पछाडि आउने वैशाख पूर्णिमाका दिन महामानवका रुपमा सिद्धार्थ गौतमको जन्म भयो । सिद्धार्थ गौतम जन्मेको समाचार देवदह, कपिलवस्तु चारैतिर फैलियो र लुम्बिनी रङ्गिचङ्गी पताकाले सिँगारियो अनि रमाइलो गरी उत्सव मनाइएको चर्चा यहाँ गरिएको छ ।

### ४.४.५. महर्षि कालदेवको कपिलवस्तुको आगमन

लुम्बिनीमा जन्मेका सिद्धार्थ गौतमलाई सुनौला पालकीमाथि आमासँग राखी कपिलवस्तु फर्किएर लुम्बिनीमा भन्दा बढ्ता हर्षोत्सव मनाईएको थियो र राजा शुद्धोदन अति नै खुसी भएका थिए साथै चक्रवर्ती छोरा होस भन्दै आशा गर्दै पछि भविष्यमा कस्तो हुने हो भन्ने राजाले चिन्ता गरिरहेको समयमा महर्षिकालदेव जस्ता भूत, वर्तमान, भविष्यका बारेमा बताउन सक्ने महामानवको आगमन भयो ।

महर्षिकालदेवका पाउमा सिद्धार्थलाई राख्न खोज्दा उल्टै सिद्धार्थको पाउ ऋषिको शिर मास्तिर गयो । कालदेव अत्यन्तै खुसी भई भविष्यवाणी गर्दै पछि गएर बालक महापुरुष बुद्ध बन्ने छन भने र कालदेवले सिद्धार्थ महाबुद्ध बन्ने बेलासम्म आफू जीवित नरहने दुःख व्यक्त गरेको कुरा यहाँ चर्चा गरिएको छ ।

### ४.४.६. सिद्धार्थकुमारको न्वारन र ज्योतिषवाणी

सिद्धार्थ गौतम जन्मेको पाँच दिनमा न्वारन गर्ने निर्णय गरी एकसय आठ पण्डित बोलाई न्वारन गरिसकेपछि बालकको नाम सिद्धार्थ राखियो र पण्डितहरूले भविष्यवाणी गरी सिद्धार्थ सन्यासी र सर्वज्ञ बुद्ध बन्ने योग देखाए भने अर्का एकजना कान्छा कौडिन्यले सर्वज्ञ बुद्ध हुने ठोकुवा गरे, जब पाप अशान्ति, भय, भ्रष्टाचार बढ्दै जाने छन तव गौतम बुद्ध शान्ति कता छ भनी घर छाडी हिँड्नेछन् । विश्वमा उपदेश फैलाउन सत्ता सौख्य, धन, बैंस सबै त्याग्ने छन् भन्ने सुनी राजा शुद्धोधन चिन्तामा परे ।

राजाले पण्डितलाई घर छोडनुको कारण सोधे, पण्डितले घर छोडनुको कारण सिद्धार्थले बृद्ध, रोगी, मुर्दा, त्यागी, योगीहरूदेखि उनको मनमा चिन्ता परी वैराग्य घर छोड्न बाध्य हुने कारण बताए । सिद्धार्थलाई यी कुराबाट टाढा राख्न सधैं मनोरञ्जनमा राख्न सल्लाह दिए । मायादेवीको जीवनको अन्त्य आएको भविष्यवाणी गरी पण्डित फर्केको र सिद्धार्थ जन्मेको सात दिनका दिन मायादेवीको मृत्यु भएको चर्चा यहाँ गरिएको छ ।

### ४.४.७. बाल्यकाल र युवावस्था

कपिलवस्तुमा असारको समयमा रोपाई चलेको अवस्थामा राजाले सुनको हलोले जोत्ने परम्परा अनुसार सबै उत्सव हेर्न सिद्धार्थलाई लिएर सेविकाहरू खेतमा पुगे । खेतको नजिकमा जामुनको रुख थियो त्यसको तलपट्टि सिद्धार्थलाई बस्ने व्यवस्था गरिएको थियो । त्यहाँ सिद्धार्थलाई राखी सेविकाहरू रोपाई हेर्न गए केही बरेपछि सम्झी झसङ्ग हुँदै आए, सिद्धार्थ घाँस माथि बसी ध्यान गरेको देखी सेविका दङ्ग परी शुद्धोदनलाई खबर गरे, राजा पनि सिद्धार्थलाई देखी आश्चार्य मानी उनलाई साष्टाङ्ग प्रणाम गरे, राजा दिनहुँ ज्योतिषीका कुरा सम्झी चिन्तित रही सिद्धार्थलाई बुद्ध बन्न नदिने, महाराज बनाउने प्रयास गरे ।

सिद्धार्थ हर्लक्क हुर्केर युवावस्थामा पुगे, गुरुबाट विद्याशास्त्रहरू सिके, सबै कुरामा उनी सर्वश्रेष्ठ बने । राजाले उनलाई विभिन्न नर्तक नर्तकीहरू बोलाई मनोरञ्जन दिन लगाए । सिद्धार्थको बिहेको कुरा चलाई विभिन्न सुन्दरी राजकुमारीहरूलाई देखाइयो तर उनले चासो देखाएनन् तर हतारिँदै आएकी एउटा केटीलाई भने उनले मन पराए र ती केटीका पिता सुप्रबुद्ध राजा थिए । तिनलाई आफ्नी पुत्री यशोधराको विवाह सिद्धार्थसँग गराउने प्रस्ताव राखियो तर राजाले यो सिद्धार्थ वीर, योग्य नभएको, खाली गीतमा र नर्तकीसँग भुल्ने राजकुमार भनी अस्वीकार गरे, राजा शुद्धोदनले चिन्ता मानेकोदेखि सिद्धार्थले युद्ध कौशल सिक्ने कुरा बताएको कुरा यहाँ चर्चा गरिएको छ ।

### ४.४.८. सिद्धार्थकुमारको रणकौशल प्रदर्शन

सिद्धार्थले रणकौशल देखाउने भनी सबै कपिलवस्तुमा भेला भई उनको रणकौशल हेर्ने तयारी भयो । उनका साथमा अन्य राजकुमार पनि थिए र सबै अन्य राजकुमारले पनि वाण चलाए तर ती सिद्धार्थको अगाडि कोही पनि टिक्न सकेनन् । त्यसपछि एउटा कालो घोडा ल्याइयो र त्यसमाथि चढन अर्जुनलाई लगाइयो तर घोडाले उसलाई फालिदियो, त्यसपछि सिद्धार्थ गौतम घोडामाथि बसी तुरुन्तै नियन्त्रणमा ल्याई सबै मानिसलाई घोडा कुदाएर दङ्ग पारे ।

सद्धार्थले पालै पालो गरी बाह्रथरीका रणकौशल र दिव्य शक्ति देखाए, सुप्रबुद्धले आफ्नी छोरी यशोधरालाई सोह्र बर्षका सिद्धार्थसँग धुमधामसँग विवाह गराइदिए । उनलाई दिनभरी घरमा वा राजदरबारमा नर्तकी र गायनमा आनन्द लिन लगाइयो । जति नर्तकी नाच्ने र गाउँने गर्दथे त्यति सिद्धार्थ गमेर ध्यान गर्दथे । नतर्कीहरू दिक्क भएर मस्तसँग सुतेपछि सिद्धार्थले पिताजीसँग बाहिरी दुनियाँ हेरी आउने अनुमति लिए । राजा शुद्धोदनको आज्ञा अनुसार सिद्धार्थले बाहिरी दुनियाँको भ्रमण गरे भन्ने कुराहरू चर्चा गरिएको छ ।

### ४.४.९. प्रथम भ्रमण वृतान्त र चार निमित्त दर्शन

पिताको आज्ञाअनुसार सिद्धार्थ गौतम रथमा चढी भ्रमणका निम्ति उत्सुक हुँदै बाहिर निस्किए । कपिलवस्तुको प्रत्येक ठाउँमा सिँगारिएको र बृद्ध, रोगी, कुरुप, अपाङ्ग, घाइते, कुप्रा र ख्याउटेहरू लुकाई शहर वरिपरी झलमल बनाइयो तर अकस्मात् एउटा कुप्रे बूढो सिद्धार्थका अगाडि आईपऱ्यो र सिद्धार्थले आश्चार्य मानी मनुष्य कसरी यस्तो हुन्छ भनी प्रश्न राखे उता शुद्धोदनले थाहा पाई दुःख माने ।

सिद्धार्थलाई बढीभन्दा बढी मनोरञ्जनमा राखे फेरि मौका मिल्नासाथ सिद्धार्थ आफ्नो छन्दकका साथ घुम्न निस्किदा श्रमिकहरू पसिना बगाई श्रम गरेको देखी उनी आनन्दित हुँदै अगाडि बढेकाबेला अकस्मात जिउमा खटिरा, घाउ पाकेर पीप निस्केको व्यक्ति देखेर दुःखी हुँदै छन्दकलाई प्रश्न सोध्न पुग्छन् । छन्दकले कुष्ठरोग लागेको बताउँदै मानिस विभिन्न रोगी अथवा बूढो हुँदै गएर मृत्यु हुनुपर्ने कुरा बताई सिद्धार्थलाई मृत्युका बारेमा स्पष्ट पारेका कुराहरू यहाँ चर्चा गरिएको छ ।

### ४.४.१०. निष्क्रमणको तयारी

तेश्रो दिन गौतम बुद्ध आफ्नो छन्दकसित भ्रमण गर्नका लागि निस्केको बेला उनको मनमा मान्छे रोगी बन्नुपर्ने, बूढो हुनुपर्ने र एकदिन मर्नुपर्ने आदि विषयलाई लिएर चिन्तित बने, त्यसदिन हिँड्दा हिँड्दै बाटोमा एउटा जोगी खाना, धन, पैसा, पत्नी, सन्तानको चिन्ता नलिएको र आनन्द भएको र सुनौलो गेरुवा वस्त्र लगाएको जोगी देखी उनले छन्दकलाई यो के हो भनी प्रश्न राख्दा छन्दकले सांसारिक मोह, माया, लोभ, लालचबाट टाढा गएको जोगी भनी बताउछन्, जोगीको आनन्दमय जीवनलाई देखी सिद्धार्थ खुसी हुनपुग्छन्, उनले पनि मनमनै आफू पनि पछि गएर भिक्षु हुने प्रतिज्ञा गर्छन ।

मनुष्यको कष्ट हटाउने, मनुष्यलाई शान्त पार्ने आदिको बारेमा तपस्या गर्ने अठोट गरे, सिद्धार्थले आफूलाई पुत्र जन्मेको खवर थाहा पाई पुत्रलाई राहु भन्छन्, राहु शब्दबाट शुद्धोदनले नातिको नाउँ राहुल राख्ने निधो गरे । सिद्धार्थको मनमा भिक्षु बनी बैराग्य जीवन बिताउने कुराको बारेमा चिन्तन गरिएको कुरा यस कुञ्जमा प्रस्तुत गरिएको छ ।

### ४.४.११. शुद्धोदनको सपना

एक रात राजा शुद्धोधन सपना देखेर आत्तिन्छन्, उनको सपनामा सिद्धार्थ जोगी भई आँगनमा आएको र कसैले उनलाई घेरेर बनतिर लिएर गएका हुन्छन्, राजाले सपनाको बारेमा चिन्तन गर्दै ढोकेलाई सोध्दछन् - “सिद्धार्थ भित्र छन् कि छैनन्” ? । पालेले सिद्धार्थ भित्र भएको कुरा बताउँछ र राजाले ढोकामा भोल्टे ताल्चा लगाउन लगाउछन् । सिद्धार्थले आफ्ना पितासँग आफुलाई राजकाज छोडेर जान आज्ञा दिन र पछि शान्ति लिएर फर्कने कुरा बताउँछन् । शुद्धोदनले सिद्धार्थलाई घर छोड्ने आज्ञा नदिई राज्यमा बसी चक्रबर्ती राजा भै राज्य सञ्चालन गरी बुहारी र नातिको हेरचाह गर्न लगाउछन् ।

सिद्धार्थले पितासँग बूढो नभई सधै जवानी रहने, रोग नलाई सधै निरोगी बन्ने, कहिल्यै नमर्ने अमर कसरी बन्ने भनी प्रश्न राख्दा राजा शुद्धोधनले सूर्यको किरण अर्थात् सूर्य कहिल्यै पूर्वबाट

अस्ताउँदैन त्यसैगरी तिम्रो माग पनि पूरा नहुने बताउँदै मन्त्री र आफन्तजनलाई जम्मा गरी सिद्धार्थलाई घर छोड्नबाट कसरी रोक्न सकिन्छ भन्ने सल्लाह गर्दछन् । सिद्धार्थले घर छोडने निधो गरी आफ्नो पत्नी यशोधरा र छोरालाई एकटकले हेर्दछन भन्ने कुराहरू यहाँ चर्चा गरिएको छ ।

### ४.४.१२. गृहत्याग

सिद्धार्थले राज्य वा राजदरबार छोडेर जानको लागि छन्दकको कक्षमा गई आफुलाई सघाउन भन्दछन, छन्दकले पिरमानी दरबार नछोडन आग्रह गर्दा सिद्धार्थले मेरो प्रिय मित्र हो भने मलाई नरोक कन्थक बोलाउ र तुरुन्त कन्थकमा चढेर गुप्त मार्गबाट भाग्ने सल्लाह गरी छन्दक र सिद्धार्थ भाग्छन्, उज्यालो हुँदा अनोमा पुगी सिद्धार्थले मातृभूमिको दर्शन गरी आफूले लगाएका सारा कपडा र सुन निकाली केश अर्थात कपाल खौरी र ती कपडा र सुन छन्दकलाई दिएर पितालाई सिद्धार्थलाई नखोज्न भनी समाचार पठाउछन् ।

छन्दक घरतर्फ फर्की राजालाई समाचार सुनाउछन्, राजाले पनि नखोज्ने आज्ञा दिई पुत्र सिद्धार्थको चिन्ता गर्दै जङ्गलमा बाघ भालुको डर छ कसरी बसेको होला पुत्र आदि बारेमा दुःख मानेका कुराहरू यहाँ बताइएको छ ।

### ४.४.१३. सिद्धार्थ विम्बिसार भेट

सिद्धार्थ शैलपाण्डव फेदीमा पुगेका र त्यहाँ भिक्षा मागेर ल्याएको अन्न भोजन बनाई खाना खाँदा घरको स्वादिष्ट भोजनको याद आई सताउँदा उनले पछि त्यो स्वादिष्ट भोजन निन्दा गरी जे खाए पनि पेट भित्र गई मलमूत्र बन्ने हो भनी सोच्दछन्, मगधराज विम्बिसारले सम्पूर्ण मगधको राज्य दिन्छु राज्य गरेर बस्नुहोस तर दुःख नकाट्नु भनेको सुनेर सिद्धार्थ राज्य गरे त आफ्नै राज्य गर्दथेँ तर नगरी हिँडे अब पनि गर्दिन भनेको सुनी विम्बिसारले हार मान्दछन् ।

सिद्धार्थले विम्बिसारलाई पशुहत्या गरेर धर्म हुँदैन, धर्म गर्नको लागि पशु हत्या गरेर पाप नगर्न अर्ति उपदेश दिन्छन्, विम्बिसारले सिद्धार्थको उपदेशबाट पशुहत्या गर्न छोडी सिद्धार्थलाई गुरुबन्न आग्रह गरे तर उनले म आफ्नो लक्ष्यमा जान्छु र बुद्धत्व पाई सकेपछि शिक्षा दिने कुरा बताएर आफ्नो लक्ष्यतर्फ हिँडेका कुराहरू यहाँ बताइएको छ ।

### ४.४.१४.	दुष्कर तपष्या र बुद्धत्व लाभ

शान्त, सुन्दर, स्वच्छ नदी, कलकल झरना आदि भएको ठाउँमा परम्परा अनुसार शरीरलाई दुःख र कष्ट दिएर तपस्या गरी ज्ञान प्राप्त हुन्छ भनी सिद्धार्थले पनि शरीरलाई कष्ट दिन भोजन कम गर्दै गए । शरीरमा हाड, छालामात्र रही मुर्छित परे र भेडा गोठालाले भेडाको दूध खुवाई बचाए । शरीरलाई कष्ट दिएर तपष्या गर्दा ज्ञान प्राप्त नभएपछि भिक्षा मागी भोजन गरी वैशाख पूर्णिमाका दिन राति सपनामा पाँच किसिमको ज्ञान प्राप्त भएको सपना देख्दा सिद्धार्थ खुसी भएर आज रातिसम्म ज्ञान प्राप्त हुने अडकल लगाई वरको रुखमुनि बसे र त्यहाँ सुजाता नामकी नारी खिर लिएर आइन् र वरको मुनि पट्टि उनलाई देख्दा खुशी हुँदै यो खिर खान कर लगाइन् ।

सिद्धार्थले पनि खिरखाई पत्र नदीमा फाले र यदि पात उल्टो वग्यो भनी बुद्धत्व प्राप्त हुन्छ भनी सोच्दा पात उल्टो वग्यो र बुद्धत्व राति प्राप्त हुने अड्कल गरे, उनले मनमा दृढ विश्वास जमाई पीपलको छायाँ मुनि बसीसकेपछि सम्पूर्ण पूर्व जन्मको घटना उनका सामु आयो । जन्म र मृत्यु जीवनको कारण भएको, उनको अन्तिम जन्म पनि यही भएको भन्ने ज्ञान वैशाख पूर्णिमाका दिन सिद्धार्थले प्राप्त गरेको चर्चा गरिएको छ ।

### ४.४.१५.धर्मरसमा निमग्न

सिद्धार्थको बुद्ध शिक्षासम्बन्धी ज्ञान सुन्ने गरी सुजाता नामकी एक महिलाले भोजन लिएर आउँथिइन । सिद्धार्थको सेवा गर्न पाउँदा उनी खुशी थिइन् । बुद्ध त्यहाँबाट अर्को स्थानमा जाने कुरा सुनेर उनले  मलाई पनि ज्ञानको सार दिन भनिन् र सिद्धार्थले ज्ञानको सार दिए । सिद्धार्थले पहिलो सप्ताह ज्ञानरसभित्र मग्न भएपछि बोधी ज्ञान खुली बोधिवृक्षलाई नमस्कार र प्रार्थना गरी त्यसलाई धन्यवाद दिए । त्यस ठाउँको नाम अनिमिष चैत्य रहन पुग्यो । दोश्रो सप्ताह बोधिबृक्षको पश्चिमतिर रत्नकुटी भित्र निमग्न भए र त्यस ठाउँको नाम चैत्यरत्नाघर रह्यो ।

अजपाल बोटवृक्ष पूर्वतिर थियो, त्यसमा तेस्रो सप्ताह बुद्ध शान्त भई बसेको बेला उनको बुद्धत्व भङ्ग गर्ने प्रयास गरियो । मारपुत्रीहरूले आफ्नो कामवासनापूर्ण बैंसरुप देखाएर सिद्धार्थलाई ज्ञानच्युत गराउने असफल प्रयास गरे । चौथो सप्ताह  एक जना अहंकारी ब्राह्मण आएर सिद्धार्थसँग विविध प्रश्न गरे यसको उत्तरमा घमण्ड र पाप नगर्ने, लोभ, लालच त्याग गर्ने, भेदभाव नराख्ने, अरुका पत्नीलाई आमा झैँ ठान्ने, अरुको धनलाई माटो तुल्य ठान्ने जस्ता गुण भएका व्यक्तिमात्र ब्राह्मण बन्दछन भन्ने बुद्धबाणी सुनेपछि् उक्त अहंकारी ब्राह्मण चुपचापसँग लाग्यो । यहाँ उनले र

पाँचौ सप्ताह बिताए । छैटौं सप्ताहमा मूचलिन्द वृक्षमा बसी ध्यान निमग्न हुँदा विमुक्ती धर्मामृत ज्ञान प्राप्त भएको थियो ।

यसैगरी राजायतन बृक्षको छायामा एक आसन जमाई बसेर ध्यान गर्दा निरामिष शान्ति प्राप्त भयो । यसैबेला शौच, स्नान, भोजन बन्द गरी केवल ध्यानमात्र गरी बस्दा पचासौं दिनमा ज्ञान प्राप्त भएको व्यहोरा वर्णन गरिएको छ ।

### ४.४.१६. धर्म चक्र प्रवर्तन

सिद्धार्थ गौतमले ज्ञान प्राप्त गरिसकेपछि व्यापार गर्न हिडेका दुई भाइहरू त्रपुस्स र भल्लिकको समस्या समाधान गरिदिए । पछि उनीहरूले बुद्धत्व चिनेर कुनै सज्जनको आदेशमुताविक मह र सातु दान गरी शरणागत भए । बुद्धको आठ मुठी कपाल (केश) मागेर चैत्य निर्माण गरे र प्रथम शिष्य द्वैवाचिक उपासक, नित्य सेवक बनी बसे ।

राजायतनको छाया छोडी अजपालको छायामा सरेपछि कपिलवस्तुको र आफ्ना पाँच बाल्यकालका साथीहरूको यादले सताउँछ । पाँच साथीहरूले गौतम बुद्धको स्वागत सत्कार गर्ने, पाउ धुने काम केही पनि नगर्ने तर उनलाई बस्नको लागि एउटा गुन्द्रीमात्र दिने निर्णय गर्छन, तर गौतम बुद्ध नजिकै आएको देखी पाँचै जनाले स्वागत र सम्मान गर्नुका साथै कसैले उनका पाउ धुने, कसैले गुन्द्री विच्छाउने, पिउने पानी दिने, पङ्खाबाट हावा चलाउँदै स्वागत गर्न लागे । बुद्धलाई पञ्चवर्गीय भिक्षुले प्रश्न गर्ने र बुद्धले प्रत्येक प्रश्नको उत्तर बताउदै गर्दा आगाको आगो र पानीको पानी जस्तै छर्लङ्ग जीवनको सत्यतथ्य बोध पञ्चवर्गीय भिक्षुले गरे । अनि अज्ञानको पर्दा हटेर सम्बुद्ध शिक्षा र शिष्यत्व ग्रहण गरी साधनाको नित्य मार्गमा लागे भन्ने कुराहरू वर्णन गरिएको छ ।

पञ्चवर्गीय भिक्षुको प्रश्न र बुद्धका उत्तरहरूः

प्रश्न : के समाचार लिएर पुराना साथी भेट्न आयौ ?

उत्तर : ब्रह्मचर्य धारणपूर्वक ध्यान गरे कामना पूर्ण हुनेछ, सम्यक ध्यानले नै मैले सम्बुद्ध अर्हत् प्राप्ति गरेँ ।

प्रश्न : सम्बुद्ध प्राप्तिले के मिल्छ जगतमा ?

उत्तर : सम्बुद्धको शिक्षा र धर्मको पालनले दुख्ख हटेर यसै जन्ममा निर्वाण मिल्नेछ ।

प्रश्न : तपस्या (ध्यान) छोडेर समाज समीपमा किन बस्नुभो ?

उत्तर : तपको अर्थ नबुझ्रेर जंगल गएँ, तपको अर्थ खुलेर शरीर र मनको भिन्नता बुझ्री मुक्तिको बाटो देखाउन समाजमा आएँ ।

प्रश्न : हजुरको सिद्धान्त के के हुन् ?

उत्तर : अष्टाङ्गमार्ग (सम्यक दृष्टि, सम्यक सोच, सम्यक वाणी, सम्यक कर्म, सम्यक जीविका, सम्यक प्रयत्न, सम्यक ध्यान, सम्यक समाधी) नै हुन मेरा मुख्य सिद्धान्तहरू, यिनले जीवनमा दुःखको सामना गर्दै बाँच्न सघाउँछन् ।

प्रश्न : निर्वाण (मुक्ति)का लागि के के त्याग गर्नुपर्छ ?

उत्तर : अत्यन्त सुख, दुःख, धनसम्पति, सम्मान, कामवासना, लोभमोह, रसरंग,

प्रश्न : चतुरार्य सत्य के के हुन ?

उत्तर : दुःख (जन्म, मृत्यु, जरा, व्याधी, चिन्ता, आशक्ति, कामवासना, भय क्रोध, ईर्ष्या, अज्ञान), दुःखको कारण,दुःखको पहिचान,दुःखको नाश नै चतुरार्य सत्य हुन् ।

### ४.४.१७. पश्चशील शिक्षा

भोग विलास, घरपरिवार छोडेर आएको युवकलाई बुद्धले आफ्नो शरणमा आश्रय दिन्छन, युवकका पिताले आफनो छोरो खोज्दै बुद्धको कुटीमा आईपुग्दा छोरालाई सिद्धार्थ गौतमका साथमा प्रशन्नपूर्वक बसेको देखी ज्ञानी पिताले बुद्धसँग छोरालाई शिक्षा दिई योग्य पुत्र बनाउन विनम्रपुर्वक आग्रह गर्दछन् ।

त्यसपछि बुद्धले पनि युवकलाई अहिंसा, असत्य, व्यभिचार नगर्ने, सत्यवादी बन्ने, लागु पदार्थ सेवन नगर्नु भनी पञ्चशील शिक्षा दिई पुत्रलाई योग्य बनाएका कुराहरू यस कुञ्जमा बताइएको छ ।

### ४.४.१८. संघमा काश्यपहरूको प्रवेश

सिद्धार्थ गौतम बुद्ध आफ्ना पाँचसय शिष्य लिएर कुटीमा बसेको समयमा काश्यपहरू त्यस ठाउँमा आइपुग्छन् । उनीहरूका बीच प्रश्नोत्तर शुरु हुन्छ । संसारबाट मुक्ति कसरी पाइन्छ ? भन्ने जिज्ञासामा काश्यपले अग्निपूजा र होमका माध्यमबाट मुक्ति पाउने बताउछन् । बुद्धले मुक्तिको मूल

तत्व त आगो नभई पानी हो भनी काश्यपलाई बताउछन् । काश्यपले पानी बगेर तलतिर जाने हुँदा सर्वश्रेष्ठ बन्न नसकेको कुरा बताउँदै आगोले मृतशरीरलाई जलाई अग्नितत्वका मार्फत माथि माथि जानेकुरा बताउछन् ।

तर बुद्धले झन् पानी वाफ बनी आकाशतिर जाने बताएपछि काश्यप र गौतम बुद्धका बीचमा प्रश्न र उत्तर चल्दा चल्दै काश्यप पूर्ण रुपले ज्ञानदेखि प्रभावित भई आँखाभरि आँशु गराई रोएर आजदेखि आफ्ना सबै शिष्य सहित म (काश्यप) गरी हजुरको (बुद्ध) शिष्य बन्दछु भनी काश्यप प्रतिज्ञा गरी सबै शिष्यलाई गौतम बुद्धका शिष्य बनाए र आफू पनि शिष्य बनी सबैजना बुद्धको ज्ञान प्रचार प्रसार गर्न लागेका कुराहरू यस कुञ्जमा बताइएको छ ।

### ४.४.१९. संघ विस्तार तथा विम्बिसार र आम्रपालीसँग भेट

गौतम बुद्ध आफ्ना धेरै चेलाहरूसँग जहाँ जहाँ जे जे भेटिन्छ त्यही खाँदै विम्बिसार नामका राजाको मगधराज्यमा पुगेर ज्ञान प्रचार प्रसार गर्न लागेख। त्यसै समयमा मगधराज विम्बिसार राजाले पनि जनताको बीचमा बसेर बुद्ध शिक्षा ग्रहण गरे र जीवनको शाश्वत सत्य बुझे । सत्संगबाट अत्यन्तै प्रभावित भई राजालगाएत अन्य बीस जना बुद्धको शिष्य बन्नपुगे । त्यसपछि राजाले आफ्नो राजदरबारमा नौ सय भिक्षुको भोजन गराए ।

विम्बिसार राजाकी अति सुन्दरी ल्याइते रानी आम्रपाली राजदरबारमा हेला गरेको र आफ्नो हक अधिकार नपाएका कारण आफ्नो छोरालाई साथमा लिएर अन्यत्र गाउँमा बसाइ सरेर बसेकी हुन्छिन । एकदिन बुद्धलाई भेट्न भनी आम्रपाली छोरासित सिद्धार्थ गौतम बुद्ध भएको स्थानमा आइन र अन्य भिक्षुहरूले आम्रपालीको अनुहार हेर्न नसकेका तर बुद्ध र सारी पुत्रले आम्रपाली र उनको छोरालाई ज्ञान दिए, आम्रपाली अत्यन्त खुसी भई गाउँ फर्किई बुद्धशिक्षा प्रचार र अनुसरण गरेका कुराहरू यस कुञ्जमा बताइएको छ ।

### ४.४.२०. बुद्धको कपिलवस्तु यात्रा

गौतम बुद्ध आफ्नो जन्मभूमि कपिलवस्तुमा आफ्ना शिष्यहरूका साथमा हिँडदै भिक्षा माग्दै अगाडि बढ्दछन् । कपिलवस्तुका राजा शुद्धोदन आफ्नो छोरा राजकुमार बुद्धत्व प्राप्त गरी आएको खवर पाउदछन् । तुरुन्तै रथमा चढी बुद्धलाई लिन बाटामा पुग्दा बुद्धले भिक्षा माग्दै गरेको देखेर

उनलाई असह्य पीडा हुन्छ । दुःख र पीडालाई लुकाई छोरालाई अंकमाल गरी आँखाबाट आँशु खसाल्दै रोएर छोराको स्वागत गर्दछन् । राजाले बुद्धलाई आफ्नो दरबारमा पुऱ्याउछन् ।

त्यसपछि राजाले आफ्नो छोरालाई बुद्धत्व प्राप्त गरी सिधै दरबारमा आउनुको सट्टा किन भिक्षा माग्दै हिडने भनी राजाले प्रश्न गर्दछन् । बुद्धले आफूले बुद्धत्व प्राप्त गरेपनि आफू सदाका लागि भिक्षु भएको, आफूलाई दरबार र झुपडीमा बस्दा फरक नभएको, भिक्षु बन्दा झन् घमण्ड घट्ने, शाश्वत आनन्द प्राप्त हुने, माया र मोहको बन्धनबाट छुट्कारा पाइने, इहलोक र परलोक दुवै सुध्रिने, सत्यानन्दविभोर भई परिनिर्वाण प्राप्तहुने जस्ता कुरा बताउदा शुद्धोदन छक्क परेर सुन्दछन् ।

गौतमी, सुन्दरी, नन्द र बालराहुल भित्रबाट आएर बुद्धलाई प्रणाम गर्छन । यशोधरा बुद्धलाई देखी थर थर काम्दै अगाडि आई बुद्धले घर छोडेर गएपछिका सारा वृतान्त सविस्तार बताएको प्रसङ्ग यस कुञ्जमा वर्णन गरिएको छ ।

### ४.४.२१. **बुद्ध यशोधरा संवाद**

यशोधराले बुद्ध र उनका शिष्यलाई भोजनको व्यवस्था गरी कपडाहरू पनि दान गर्दछिन् । यशोधराको भोजन र कपडाको व्यवस्थाले बुद्धलाई आफू ध्यानमा बस्दाको गाउँकी सुजाताको याद आई उनको सेवाको चर्चा गर्दछन् र बुद्धले मेघबालाको कथा यशोधरा लगायत अन्य कपिलवस्तुका गाउँलेहरूलाई समेत सुनाउँदछन् ।

बुद्धले राजनीतिक शिक्षा दिन्छन, पिता शुद्धोधन र दाजुभाइ बुद्धलाई शासन चलाउन आग्रह गर्दछन् तर बुद्धले म यस कपिलवस्तुको मात्र नभई सारा धर्तीको भएको भन्ने कुरा यस कुञ्जमा बताइएको छ ।

### ४.४.२२.**प्रजावती गौतमीको प्रव्रज्या र बुद्धधर्मानुशासन**

राजा शुद्धोदन परिनिर्वाण हुँदा रानी प्रजावतीले आफ्नो वैराग्य जीवनलाई भिक्षुणी गराउने निर्णय गरिन् र आफ्नो लामो केश काटेर गेरुवा लुगा लगाई बुद्धका सामु गई प्रव्रज्या ग्रहणको लागि याचना गरिन् तर नारी भिक्षुणी हुन नपाउने कुरा उनलाई सुनाइयो तर पछिबाट बुद्धले त्यो कुरा थाहा पाएपछि नारी भिक्षुणी हुनका लागि आठ कडा नियम पालना गर्नुपर्ने तब मात्र भिक्षुणी बन्न पाउने

निर्णय सुनाउछन् । यस नियमलाई गोमती र प्रजावति दुवैले खुसीसाथ स्वीकार गर्छन, यसरी हजारौं हजार नारी बुद्ध धर्मको संघमा प्रव्रजित भई बुद्धबाट बुद्ध ज्ञान प्राप्त गर्दछन ।

बुद्धले हजारौं नारीहरूलाई बुद्ध धर्मानुशासन शिक्षा लिएर रिस, झगडा, घृणा नगर्ने र शान्ति, प्रेम, दया, सही मार्ग अनुसार हिँडने, अहिंसा र शान्तिको सन्देश प्रसार गर्ने जस्ता नियमादि पालना गर्नु पर्दछ भनी ज्ञान दिन्छन । यशोधराले पनि स्वामी, पुत्र राहुल, साहु, भिक्षु र भिक्षुणीबनिसकेपछि आफू पनि एक्लै दरबारमा नरहने र बुद्धधर्मानुशासनमा भिक्षुणी बनी प्रव्रज्या लिन आग्रह बुद्धसँग गरेका कुराहरू यस कुञ्जमा बताइएको छ ।

### ४.४.२३. बुद्धको बर्षावास

बुद्धले ज्ञान प्राप्त गरेपछि विभिन्न राज्यका अनेक ठाउँमा ज्ञान बाँड्दै अगाडि बढ्दै जाँदा बैशालीमा पाँचौ बर्ष बित्यो र छैठौं, सातौं बर्ष तावातीसमा बिताए र आठौं बर्षमा सुसुमार गिरी नामक ठाउँमा बनभेषकालमा बिताउँदछन् । यसपछि बुद्ध नवौं बर्ष घोषितारामा र दशौं बर्ष गुजारेको वनमा बिताउछन् । एघारौं बर्ष मगध राज्यको एक नाल ब्राह्मण गाउँमा बिताउँदै क्रमशः अन्य बाह्रौं, तेह्रौं, चौधौं, पन्ध्रौं बर्षमा विभिन्न ठाउँमा रहेर सोह्रौं बर्ष आवलकै देशको बर्षवासमा रहन पुग्छन ।

यसै बर्ष बर्षाबास बिताउँदा बिताउँदै बुद्ध असी बर्षमा पुग्छन, उनलाई विभिन्न रोगले सताउँछ । बुद्धले अब मेरो महापरिनिर्वाण यात्राको समय आएको कुरा बताउँदै आफ्ना सम्पूर्ण संघमार्गीहरूलाई बुद्धले ज्ञानको अन्तिम दिक्षा दिएका कुराहरू यस कुञ्जमा बताइएको छ ।

### ४.४.२४. सुभद्राको आगमन

बुद्धको अन्तिम ज्ञानको समयमा घुम्दा घुम्दै अर्थात् बुद्धधर्मानुशासन प्रचार प्रसार गर्दागर्दै सुभद्रा पनि बुद्धको अन्तिम ज्ञान प्राप्त गर्न र अन्तिम दर्शन गर्न आइपुग्छिन, बुद्ध बाणी पूर्णरुपमा बन्द गरी बोल्न छाडिसकेपछि दुवै नेत्र चिम्ली सौम्य बनाई प्रथम, दोश्रो, तेश्रो, चौथो ध्यानको गहिराइमा पुग्दा पुग्दै उनी महापरिनिर्वाण भए ।

महापरिनिर्वाण हुँदा बुद्ध असी बर्ष पुगेका हुन्छन् । बुद्धको महापरिनिर्वाण भयो भनी चारैतिर सूचना पुग्छ र सर्वश्रेष्ठ राजाहरू, प्रजाहरू, शिष्यगणहरू, भिक्षु भिक्षुणीहरू जम्मा भई ध्वजा र

पताकाले मण्डप सजाई बुद्धको मृतदेहलाई एकहप्तासम्म राख्छन् । सारा भिक्षु, भिक्षुणीहरू रुन कराउन लाग्छन । कुशीनगरको मुकुदबन्धन भन्ने ठाउँमा चिता बनाई बुद्धलाई जलाइएका कुराहरू यस कुन्जमा बताइएको छ ।

## ४.५ चरित्र

गौतम बुद्धको जन्मले संसारलाई शान्ति क्षेत्र बनाएको कथानक ग्रहण गरिएको 'शान्तिदूत' महाकाव्यमा पात्रहरूलाई पनि तदनुकूल नै गरिएको देखिन्छ । यसमा मुख्य नायक र अन्य पात्रहरूलाई उपस्थित गराई गौतम बुद्ध जन्मेर के कस्ता कार्य गरे भन्ने सम्बन्धमा देखाइएका छ । मानव जन्म किन हुन्छ ? रोगी, मृत्यु, बूढो आदि हुने कारण देखाई गौतम बुद्धले बुद्धत्व कसरी प्राप्त गरे र यिनका साथ साथै अन्य पात्रहरूले के कस्तो कार्य सहभागी थिए भन्ने कुरालाई प्रस्तुत गरिएको छ ।

'शान्तिदूत' महाकाव्यमा महाकाव्योचित विस्तृत कथानक अनुरुप पात्र विधान गरिएको देखिन्छ । गौतम बुद्ध जन्मनु भन्दा पहिला कपिलबस्तुमा शाक्य बंशले राज्य गरे भन्ने सम्बन्धमा देखाइएको छ । यस काव्यमा गौतम बुद्धका माता पिता राजा शुद्धोदन र माता मायादेवी कसरी गौतम बुद्धलाई जन्माए भन्नेबाट काव्य अगाडि बढेको छ । महाकाव्यलाई अगाडि बढाउने राजा शुद्धोदन, रानी मायावती नै यस कृतिका खास पात्र पनि हुन ।

गौतम बुद्धको जन्मपछि उनलाई कसकसले भेटे, बाल्यकादेखि युवावस्थासम्म कुन कुन पात्र सहायकका रुपमा रहे र दरबार छोडेर हिडेपछि कुन कुन पात्रसँग भेट भयो भन्ने मुख्य वा सहायक भूमिका खेल्ने पात्रहरूलाई मूल कथानक प्रस्तुति ढाँचासँग सम्बद्ध पात्रका रुपमा हेर्नु उपयुक्त ठहर्ने भएकोले पात्रविधानको चर्चा विशेषतः तिनै ऐतिहासिक पौराणिक पात्रसँग सम्बन्धीत गरी गर्नु सार्न्दभिक देखिन्छ ।

यस महाकाव्यमा मुख्य नायक गौतम बुद्ध र उनका अन्यपात्रहरूमा राजा शुद्धोदन, रानी मायावती, प्रजावती, रानीका सुसारे सैनिक राज्यका प्रजाहरू, कालदेव, ब्राह्मणहरू, नर्तकी, नायिका यशोधरा, छन्दक विम्बिसार, काश्यपहरू, शिष्यहरू, आम्रपाली, राहुल आदि पात्रहरू देखिन्छन । मुख्य पात्र गौतम बुद्ध र अन्य पात्र सहायक पात्रका रुपमा देखिन्छन ।

'शान्तिदूत' महाकाव्यमा विविधतामय पात्रको संयोजन गरिएको ती पात्रले महाकाव्यको मूल उद्देश्यलाई सफल पार्न वर्गीय सन्दर्भमा कार्य गरिरहेको पुष्ट हुन्छ । यस काव्यमा गौतम बुद्धको जन्मेदेखि बाल्यकाल र किशोर अवस्थामा आउँदासम्म सहायक पात्रहरू आएका छन, तर मुख्य भूमिका निभाउने गौतम बुद्धको अगाडि पछाडि काव्य घुमिरहेको छ ।

गौतम बुद्ध "शान्ति" अग्रदूत र समाजमा देखिएका धनी, शोषक, ठालु, खान नपाएका व्यक्ति, बूढो, रोगी, बिरामी आदि देखी सिद्धार्थ आत्तिएर छटपट्‌ाउँछन र बुद्धत्व प्राप्त गर्न जाँदा भेटेका पात्रले काव्यलाई रोचक बनाएको छ । बुद्ध बुद्धत्व प्राप्त गरेपछि हजारौं शिष्यहरूका साथ शान्ति, मारकाट नगर्ने, घृणा नगर्नु, रिस नदेखाउने, सत्यको मार्ग हिड्‌नु पर्ने आदि उपदेश प्रचार प्रसार गर्दै हिँडेको प्रस्तुत गरिएको छ । यस्ता विभिन्न मुख्य, सहायक पात्रहरूको संयोजन गर्नुले यस महाकाव्यलाई महाकाव्यीय गरिमा दिलाएको छ र सफल तथा लोकप्रिय बनाएको छ ।

## ४.६.'शान्तिदूत' महाकाव्यको भावविधान

मानव मनमा बासनाका रुपमा रहेका मनोवेगहरूलाई नै भाव भनिन्छ । कुनै पनि काव्यमा कविले तिनै मनोभाव वा चित्तवृतिलाई प्रकाशित गर्ने कार्य गर्छ । यस सन्दर्भमा हेर्दा 'शान्तिदूत' महाकाव्यमा हेर्दा मुलरुपमा शान्त भावको अभिव्यक्ति पाइए पनि सिद्धार्थकुमारले पालैपालो गरी बाह्रथरीका रणकौशल देखाए घटनाले कथनलाई काव्य विषय बनएर रचिएको यस महाकाव्यभित्र विभिन्न भावहरू समायोजन भेटिन्छ ।

प्रस्तुत महाकाव्यमा रणकौशल देखाउने र विभिन्न नित्य गरी सिद्धार्थलाई मनोरञ्जन देखाउने तर त्यस मनोरञ्जन तर्फ उनको ध्यान आकर्षक नहुनु जस घटनाले कथानकलाई जति जति अगाडि वढाउँछ, त्यसबाट मनमा विभिन्न किसिमका स्थिति र तरङ्गहरू प्रकट हुँदै जान्छन । यसरी हेर्दा के देखिन्छ भने प्रस्तुत महाकाव्यको अन्त्यसम्म पुग्दा पाठक/भावकले प्रेम, वीरता, उत्साह, शान्ति, करुण, वात्सल्य, क्रोध, सहानुभूति, हर्ष, चिन्ता, आवेगजस्ता विभिन्न भावहरूको अनुभूति गर्छ र सबै मानवले रिस, घृणा, क्रोध आदि त्यागी प्रेमभाव, शान्त, एक अर्कामा सहयोगको भावना व्यक्त गर्दै समाज परिवर्तनका लागि उत्साहित बन्दछ ।

'शान्तिदूत' महाकाव्यमा देखाइएको समाज विकासको इतिहासिका विभिन्न घटना वा प्रसङ्गले महाकाव्यमा मानवीय मनोभावलाई उकास्दै एवं उद्वेलित पार्दै लगेको पाइन्छ । गौतम बुद्ध जन्मेपछि

युवावस्था सम्ममा बुद्धलाई बाहिरी संसारबाट वञ्चित गराइ भित्र दरबारमा मनोरञ्जनमा राखी राख्नु बाट उत्साहको भाव सृजना गरेको पाइन्छ । सिद्धार्थले आफ्नो रणकौशल देखाउने पराक्रम वीर भाव जागृत गराएको देखिन्छ भने सिद्धार्थ जन्मनाले राजदरबारमा हर्षको भाव प्रकट भएको पाइन्छ ।

सिद्धार्थ जन्मेपछि पछि गएर योगी बन्ने जस्ता भविष्यवाणी र सिद्धार्थ युवावस्थामा राजदरबार त्यागेर जानाले राजाशुद्धोदन र सारा कपिलवस्तु बासीलाई चिन्ताको भाव जागृत भएको देखिन्छ । बुद्धको मनमा मानिस किन गरिब हुन्छ, किन बूढो , दुःखी, लोभी, इर्ष्या, मोह र मृत्यु हुन्छ जस्ता भावनाले दुःखी बनाएको छ ।

एक अहंकारी ब्राह्मण बुद्धको उपदेशलाई भङ्ग गर्न क्रोधमा रन्कदै आए र पछि गएर ब्राह्मण बुद्धको चेलाबने यस घटनाले क्रोध भाव व्यक्त भएको छ । गौतम बुद्ध गृहत्याग गरी बुद्धत्व प्राप्त गर्न जान्छन , केही समयपछि बुद्धत्व प्राप्त गर्दछन यसबाट हर्ष उत्साह आदि प्राप्त गर्दछन । बुद्धत्व प्राप्त गरिसकेपछि विभिन्न उपदेश संसारमा फैलाउन थाले र जताजतै उनका शिष्यहरू बने यसबाट शान्तिको भाव व्यक्त भएको पाइन्छ ।

यसरी पृथक पृथक घटना वा प्रसङ्गले पृथक किसिमका भावहरूको सञ्चार गर्दै बुद्धको पुर्ख्यौली, ज्ञान प्रसारण तथा देहत्याग प्रसङ्गहरूलाई प्रचलित क्रमानुसार जोडेरलेखिएको यो महाकाव्यलाई आद्योपान्त प्रकट भएको शान्तपूर्ण भावले गरिमा प्रदान गरेको देखिन्छ र महाकाव्यमा व्यक्त यो भाव महाकाव्यीचित महान र शान्त प्रकृतिको देखा पर्छ ।

## ४.७. छन्द र लयविधान

कविताको मुटु वा धुकधुकी नै लय हो ।यही लयगत विशेषताले गर्दा साहित्य अन्य विधाबाट यो अलग हुन्छ । भाषामा प्रयोग हुने स्वर व्यञ्जन वर्णहरूको उच्चारणकालमा निस्कने साङ्गीतिक ध्वनिलाई लय भनिन्छ । यो लय विधान प्रथमतः भार्षिक स्वरव्यञ्जन वर्णका वर्णगत, ध्वनिको साम्भयवैषम्य दुवै भएको वितरण प्रक्रियाको कालगत प्राप्ति हो र कविता कृतिका चरण/पाउ वा पंक्ति/हरफको मतित्तम र यति विधानबाट थालिन्छ ।

लयले भाषिक उच्चारण अवस्थामा वर्णगत आरोह अवरोह वा स्वर काललाई संगति दिएर श्रुतिमोहक बनाउँछ । लय छन्दभन्दा पृथक तत्त्व हो, यसले लयलाई केवल नियमवद्ध मात्र पार्दछ । त्यसैले छन्द कविताको बाहिरी तत्त्वमात्र हुन सक्छ, जबकि लय कविताको आन्तरिक तत्त्व हो । यसरी

छन्द विना पनि कविता रचना गर्न सकिन्छ तर लयविना कविता रच्न त के कल्पना पनि गर्न सकिदैन । लय सृजना गर्ने अर्को महत्वपूर्ण तत्त्व अनुप्रास हो ।

यो पद वा पदावली अन्तर्गत समान ध्वनि भएका स्वर व्यञ्जन वर्णहरूको आवृत्तिबाट निस्कने गर्दछ । यो महाकाव्यको पंक्ति वा हरफहरूका आदि, मध्य र अन्त्यमध्ये कुनै एक ठाउँमा वा एकैपल्ट सबै ठाउँमा पनि आउन सक्छ । त्यसैले लयलाई कविताको महत्वपूर्ण सशक्त तत्त्वको रुपमा स्वीकारिएको छ ।

लय विधानका आधारमा हेर्दा यस महाकाव्यहरू पद्यलय छन्दमा रचना गरिएका छन । पद्य अभिव्यक्तिलाई पद्यछन्दको रुप दिइएको छ । यसमा विभिन्न अठार छन्दहरू प्रयोग गरिएको छ । केही छन्दहरूको प्रयोग-

(शार्दूलविक्रीडित छन्द)

अ) नौला दृश्य विचित्र कुञ्ज रसिला खोला र नाला कति ।
अम्बा आँप फली झुपुक्क बतिला डाली नुगेका कति ॥
नाच्थे हाँस मयूर पंख फिरिरि पारी वगैचातिर ।
गर्थी स्वागत कोइली कुहुकुहु तानेर पाँचौ सुर ॥ कुञ्ज ४, श्लोक १, पृष्ठ-

(भुजङ्गप्रयात छन्द)

आ) इसापूर्व आठौ र सातौ शताब्दी
थिए राज्य थुप्रै बनेका तथापि ॥
थियो शाक्यको राज्य धेरै समृद्ध
र कोलियको राज्य उस्तै प्रबुद्ध

(अनुष्टुप छन्द)

ओक्काक वंशविस्तार तीनपुस्ता हुँदै गए ।
तेस्रा ओक्काक राजाका पाँच रानीहरू भए ॥ पहिलो कुञ्ज, श्लोक ६,
चाँदीझैं हिउँका टोपी हरिया वन सुन्दर ।
अनौठो दृश्य देखेर तानियो मन उत्तर ॥ पहिलो कुञ्ज श्लोक २०,

मालिनी छन्द

तन, मन, धन उम्ली मात लागेर आयो ।

अजरअमर ठानी फुर्ति जागेर आयो ॥

बुझि धन, पद झुट्टा ध्यान गर्दै रमाउँ ।

बहलिन मन लाग्यो लुम्बिनी घुम्न जाउँ ॥ कुञ्ज तीन, श्लोक ५१,

**४.८. अलङ्कार विधान**

अलङ्कारलाई महाकाव्यको बाहिरी आभूषणको रुपमा प्रयोग गरिदै आएको पाइन्छ । कवितामा सरलता, रोचकता प्रदान गर्न यसको ठूलो भूमिका रहेको हुन्छ । यसै सन्दर्भमा जीवन र जगतका विविध क्षेत्रबाट विम्ब, प्रतिकहरूको प्रयोग पनि महाकाव्यकारले गरेका हुन्छन । बिम्बले लाक्षणिक अर्थ प्रदान गरेको हुन्छ ।

अलाङ्कार महाकाव्य बाहिरी पक्ष भइकन पनि भाव र विषयवस्तुका बीच यस्तो गहिरो सम्बन्ध रहेको हुन्छ । महाकाव्यलाई सरस र रोचक बनाउन यसले मद्दत गरेको हुन्छ, तर अलङ्कारको प्रयोगाधिक्य भयो भने महाकाव्य दबोध्यतिर धकेलिन पनि सक्छ । त्यसैले महाकाव्यकारले महाकाव्यमा अलङ्कारको प्रयोगमा सावधानी अपनाउनु पर्ने हुन्छ । जे हो, यसले कथ्य विषयलाई कलात्मक र भाव संवेद्य बनाउन कविता वा महाकाव्यमा प्रयोग हुने भएकाले यसलाई अनिवार्य तत्त्वका रुपमा स्वीकारीदै आएको पाइन्छ ।

अलङ्कार विधान महाकाव्यको महत्वपूर्ण तत्त्व हो रमाइला शब्दयोजन र अर्थचमत्कारद्वारा काव्यलाई सजाउने तथा आकर्षक पारी भाषामा लालित्य झल्काउने काम अलङ्कारले गर्दछ । उपमा, अनप्राय, अतिशयोक्ति आदि अलङ्कारको प्रयोग गरेको यस काव्यमा पाइन्छ ।

बोधिसत्व तिमी ! धन्य हे भूमि लुम्बिनी ।

धन्य माता महाकाया ! धन्य शुद्ध पिता अति ॥

हिमाली भूमि हे धन्य ! धर्ती सम्पूर्ण धन्य छौ ।

बुद्ध धर्म तथा संघ शान्तिका दुत धन्य छौ ॥शान्तिदूत, पृष्ठ २४

## ४.९'शान्तिदूत' महाकाव्यको उद्देश्य

'शान्तिदूत' महाकाव्यको उद्देश्य नेपाल बुद्ध जन्मेको देश भएर पनि नेपालीहरूले बुद्धलाई चिन्न सकेका छैनन, त्यसैले चिनाउनको लागि यो काव्यको रचना गरिएको हो । यो काव्य पढेका पाठकले एक पटक लुम्बिनीमा पाइला टेक्ने छन र आजको कोलाहलमय वातावरणबाट छुट्टी लिएर महामानव बुद्धको पछि पछि बोधिचर्या पालना गर्दै नयाँ अनुभव लिने छन भन्ने उदेश्यले लेखिएको हो ।

एकछिन यो कोलाहल बिर्सेर हामी जेतवन, न्यग्रोधारामा, वेणुवन, पुर्वाराम विहार, ऋषिपत्तल मृगदावन, आम्रवन तथा विभिन्न चैत्यहरूमा विहार गर्न पुग्दछौ र सोहीअनुरुप विचार गर्न पुग्दछौ । यसरी धर्म भनेको कुनै मत, वाद वा सम्प्रदाय होइन, केही पुरोहितहरूको ठगीखाने भाँडो पनि होइन, तँतँ र ममको खिचाँतानी होइन यो त मानवको दुःख विनाश गर्ने उपाय हो, मानवलाई परम्पर एकतामा आबद्ध गर्ने तथा शान्ति र समृद्धि कायम गर्ने व्यवहारको समष्टि यो हो भन्ने सार यस काव्यको उद्देश्य हो ।

## ४.१०'शान्तिदूत' महाकाव्यको विचार

पौराणिक ऐतिहासिक विषयवस्तुलाई सोद्देश्यमूलक ढङ्गले प्रयोग गरी गौतम बुद्धको जन्म हुनुभन्दा अगाडिको समय जन्म पश्चातको घटनाहरूको विकासलाई यथार्थ ढङ्गले विश्लेषण गर्ने 'शान्तिदूत' महाकाव्यले एकातिर गौतम बुद्धले समाजमा भएका दुःखी, मृत्यु, रोगी आदि देखेर छटपटिएको पीडालाई उभ्याएर सङ्घर्ष गरेर प्राप्त गरेको बुद्धत्व सारा संसारमा प्रचार प्रसार गरी मानिसलाई शान्ति र सत्यमार्गमा हिड्नु, झुट नबोल्नु, चोरी नगर्नु,ठगी नगर्नु, छल कपट नगर्नु आदि उपदेश मार्फत सारा मानवलाई शान्त बनाउन सक्ने विचारलाई स्पष्ट पारेको देखिन्छ ।

यसरी 'शान्तिदूत' महाकाव्यले मानव सहयोग एवं निस्वार्थी प्रवृत्ति, मानवलाई घृणा नगरी निजी स्वार्थी भन्दा समाजको भन्दा समाजको स्वार्थमा रमाउन पर्ने कुरा व्यक्त गरेको पाइन्छ । यस महाकाव्यमा शान्तिमार्गलाई अपनाएको छ । सिद्धार्थ जन्मेपछि युवावस्थामा पुग्दा दरबारमा त्यागेर बुद्धत्व प्राप्त गर्न जाने, भविष्य वाणिले सारा राजदरबारका राजा रानी सेनाहरू चिन्तित भई सिद्धार्थलाई चौबीसै घण्टा नाचगानले मनोरञ्जन गराउनु तर सिद्धार्थले वास्ता नगर्नु र उनी ध्यानमा मग्न भएको दृश्य यो काव्यले देखाएको छ ।

सिद्धार्थले दरबारदेखि बाहिर जान पिता शुद्धादेनसँग आज्ञा माग्नु र सारा कपिलबस्तुमा रोगी, बुढो, पातालो र दुव्लो लुकाई मोटा खाइलाग्दा केटा केटीहरूलाई बाटोमा उभ्याउनु र घर सारा

सजाउनु तब पनि उनका नजरमा रोगी, बुढो, मृत्यु पछिको लास आदि देखापरेको विचार प्रस्तुत गरिएको छ ।

मानवमा देखिने पीडाबाट छटपटिएर राजदरबार छोडी बुद्धत्व प्राप्त गर्न गएको दृश्य देखाएको पाइन्छ । यसरी महाकाव्यले समाजमा शान्तिको सन्देश प्रदान गरेको छ, सारा मानवलाई गौतम बुद्धले उपदेशका मार्फत शास्वत सत्यको अवबोध गराएका छन । यस प्रकारले प्रस्तुत महाकाव्य अत्यन्त सफल र शान्तिको महान दिशातर्फ अग्रसर महाकाव्यका रुपमा देखा पर्दछ ।

**४.११भाषाशैली**

भाषा विचार विनियमको सशक्त साधन हो । महाकाव्यमा विशिष्ट प्रकारको भाषा प्रयोग गरिन्छ । भाषाशैलीभनेको भाव प्रकाशनमा लागि गरिने अभिव्यक्ति कौशल हो । भाषाशैली काव्यलाई लयात्मक बनाउँछ । उपलब्ध भाषिक विकल्प मध्येबाट सवैभन्दा बढी ललित रागात्मक, व्यञ्जक र लयात्मक हुन सक्ने गरी भाषाको छनोट गरी लेखिएको काव्य बढी मीठास र स्मरणीय हुन्छ ।

भाषिक शिल्पले नै मुक्तलय र बद्धलयभित्र लयात्मकता स्थापना गराउँछ । काव्यमा प्रयोग गरिने संगठनागत पद्दति शैली भनिन्छ । शैली व्यक्ति पिच्छे फरक फरक हुने गर्छ । सरल, आलङ्कारिक नाटकीय वर्णनात्मक आदि शैली कविता प्रयुक्त हुन्छ । यसरी भावभिव्यक्तिका लागि महाकाव्यमा अति आवश्यक तत्त्व भाषाशैली हो । महाकाव्यलाई काव्यात्मक उचाइ र स्रष्टालाई निजी पहिचान दिने काम पनि भाषाशैलीले गरेको हुन्छ ।

महाकाव्यकार लक्ष्मीनाथ अधिकारीले मूलतः पद्यलयमा काव्य सिर्जनागर्ने महाकाव्यकार हुन । 'शान्तिदूत' महाकाव्यमा सरल, सहज र बोधगम्य भाषा शैलीको प्रयोग गरिएको छ । जनजिब्रोमा प्रचलित बोलिचालीको शब्दहरूलाई संगठित गरी भावको प्रकटीकरण गरिएको पाइन्छ । कतै तत्सम कतै तद्भव र आगन्तुक शब्दहरू पाइन्छ ।

कतै कतै उनीमाथि हिन्दीको प्रत्यक्ष प्रभाव देखिन्छ । पद्य लयात्मकतालाई पछ्याएर उनले महाकाव्यमा सुन्दर भाषा शैलीको प्रयोग गरेका छन । भाषाशैली सरल छ कतिपय शब्दहरू साङ्केतिक रुपमा प्रयोग गरिएका हुनाले साधारण पाठकलाई अर्थबोधमा असजिलो स्थिति उत्पन्न हुन सक्छ ।

विषयवस्तु प्राचीनकालको पनि भएर हुन सक्छ, यहाँ २१ औं शताब्दीको काव्यभाषा कम पाइन्छ, ऋतु विचार खण्डकाव्यका कवि लेखनाथ पौडेलको शैली शिल्पकारिताको नव उत्तराधिकार यस काव्यमा पाइन्छ ।

## ४.१२निष्कर्ष

लक्ष्मीनाथ अधिकारीको कृतिमध्ये २०६७ सालमा प्रकाशित प्रथम महाकाव्य 'शान्तिदूत' हो । यसमा महाकाव्यकारका आफ्ना संवेदनाका जागृत अनुभूतिहरू संगालेर आत्मसात गरेका विषयवस्तु यहाँ पाइन्छन । उनी आफ्नो आस्था प्रति निष्ठावान र आशावादी छन् । यही आस्था नै बढी मात्रामा महाकाव्यमा पाइन्छ । भाषाशैलीमा बढोत्तरी र सवलता प्रदान भएको पाइन्छ । साहित्यिक दृष्टिकोणबाट केही कमी कमजोरी भएपनि स्रष्टाको निरन्तर क्रियाशिलता र आभ्यासिक गतिले गर्दा कृतिलाई मध्यमस्तरको महाकाव्यीय दर्जामा राख्न सफल भएको छ । यस महाकाव्यमा २४ कुञ्जहरू रहेका छन ।

यस महाकाव्यमा संकलित कुञ्जको भाव र शीर्षकमा प्रायः अभिधात्मक सम्बन्ध रहेको देखिन्छ भने कतै व्यञ्जनात्मक सम्बन्ध रहेको देखिन्छ भने कतै व्यञ्जात्मक र प्रतिकात्मक सम्बन्ध रहेको पाइन्छ । सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग गरेको पाइन्छ । उनीमाथी हिन्दीको प्रत्यक्ष प्रभाव पाइन्छ । अभिकांशतः तृतीय पुरुष कतै कतै प्रथम पुरुषात्मक दृष्टिविन्दु प्रयोग गरेका छन ।

भाषाशैली सरल छ कतिपय शब्दहरू साङ्केतिक रुपमा प्रयोग गरिएका हुनाले साधारण पाठकलाई अर्थबोधमा असजिलो स्थिति उत्पन्न हुन सक्छ । विषयवस्तु प्राचीनकालको पनि भएर हुन सक्छ, यहाँ २१ औं शताब्दीको काव्यभाषा कम पाइन्छ, ऋतु विचार खण्डकाव्यका कविशिरोमणि लेखनाथ पौड्यालको काव्यशैली शिल्पकारिताको नव उत्तराधिकार यस काव्यमा पाइन्छ ।

यस 'शान्तिदूत' महाकाव्यमा धीरोद्दात्त, ओजस्वी चरित्रको पात्रको समग्र जीवनको आद्योपान्त चरित्रको बर्णन गरिएको पाईन्छ । कथानक अनुसार ओक्काक बंश विस्तार हुँदै ईसापूर्व छैठौं शताब्दीमा शुद्धोदन राजाबाट कपिलवस्तुमा राज्य सञ्चालन गर्दादेखि लिएर गौतम बुद्धको जन्म, उनले ज्ञान प्राप्ति, संसारमा प्रचार प्रसार र अन्त्यमा मृत्युसम्मको कथावस्तुलाई चौबीसौं सर्गमा शृङ्खलित गरेर तयार पारिएको यस 'शान्तिदूत' महाकाव्यको कथा वस्तुको श्रोत सिद्धार्थ गौतम 'बुद्ध' कसरी भए ? बाल्यकाल कसरी बित्यो ? ज्ञान प्राप्त गर्दासम्म के कस्तो दुःख सहनु पर्‍यो ? जस्ता साँचो कथावस्तुलाई विभिन्न चरणहरूमा प्रष्टिने गरी काव्यात्मक अभिव्यक्ति प्रदान गर्न वस्तुगत नव आयोजन गरिएको पाइन्छ । यसो भएको हुनाले यस महाकाव्यले बुद्धको जन्म स्थानको मोह, बुद्धको कठोर तपस्या र साधानामय जीवन कथा तथा बुद्धका शान्ति सन्देश प्रतिको श्रद्धा देखाइएको छ ।

बुद्धको जीवन कथा नै काव्यको बृहत अंश बनेको छ भने प्रसङ्गवश आवश्यक अवस्थामा मात्र विचारतत्वको प्रयोग गरिएको छ । पाश्चात्य विद्वानहरूले इसाई धर्म फैलाउने बुद्ध धर्मको यथार्थलाई

काल्पनिक र उडन्ते भनी बिरोध गरेका समयमा यस कथानकले इसाई धर्मलाई निरुत्साहित पारी बुद्ध धर्मलाई चारैतिर फैलाउने प्रयास गरेको देखिन्छ ।

'शान्तिदूत' महाकाव्यले वर्णनका सहायताले बृहत जीवन जगत समेट्ने आख्यानीकृत संरचना ग्रहण गरेको छ । यस महाकाव्यमा बढी वर्णनात्मकले अनुभूतिको मात्र न्यून देखिए पनि विस्तृत आयामको ऐतिहासिक, पौराणिक विषयवस्तुको समग्रतालाई लघु आकारमा समेट्ने कार्यले यसको रागात्मक कमजोरीको क्षतिपूर्ति गरेको देखिन्छ । करुण, शान्त रसलाई प्रमुख रुपमा र वीर, भयानक, रौद्र रसलाई गौण रुपमा उपस्थित गराएर यस महाकाव्यले विभिन्न रसभावको निरन्तरतालाई अन्तर्तत्वका रुपमा प्रस्तुत गरेको छ ।

# पाँचौं अध्याय

# उपसंहार

## ५.१ सारांश

प्रस्तुत शोधपत्रको पहिलो अध्यायमा शोध शीर्षकको परिचय दिइएको छ । जसमा शोध शीर्षक,शोध कार्यको प्रयोजन, समस्या कथन, शोधको उद्देश्य, पूर्वकार्यको विवरण, शोधको औचित्य, क्षेत्र र सीमा, अध्ययन विधि, शोधपत्रको रूपरेखा शीर्षकमा राखिएको छ। शोधकार्यको शीर्षकलाई पुष्टि गर्नका लागि अथवा अनुसन्धेय विषयलाई निश्चित गति प्रदान गरी शोधकार्य सम्पन्न हुने अवस्थाको संरचना प्रस्तुत गरिएको छ ।

यसैगरी दोश्रो अध्यायमा महाकाव्यकार लक्ष्मीनाथ अधिकारीको सङ्क्षिप्त जीवनी प्रस्तुत गरिएको छ । जसमा महाकाव्यकारको पारिवारिक पृष्ठभूमि, जन्म र बाल्यकाल, शिक्षा र रुचि, सामाजिक र साहित्यिक जीवन, साहित्यिक क्षेत्रमा प्रवेश र लेखन प्रेरणा, कृति प्रकाशन तथा सम्मान, जीवन दर्शन र मृत्यु, निष्कर्ष आदि शीर्षकमा राखिएको छ।

वि.सं. २००६ मा पाल्पा जिल्लाको भुवनपोखरी जन्मिनुभएका कवि लक्ष्मीनाथ अधिकारी स्व. रमानाथ र यमुना अधिकारीका पुत्र हुनुहुन्छ। सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट शास्त्री गर्नुभएका अधिकारीको लुम्बिनीमा स्थायी बसोबास रहेको छ । विभिन्न साहित्यिक एवं शैक्षिक संघ संस्थामा आवद्ध स्व. अधिकारीका केही काव्य कृति रहेका छन भने केही सम्पादन गरेका साहित्यिक कृतिहरू रहेका छन ।

जसमा "सगरमाथा" ई.सं. १९६८, हरिद्वार, "रश्मी" लुम्बिनी मुखपत्र रहेका छन । "गुरुवाणी" रुपन्देही, अन्तर्राष्ट्रिय बौद्ध समाज मार्फत "लुम्बिनी" मुखपत्र प्रकाशन रहेका छन् । वहाँको प्रथम प्रकाशित रचना "विदेशी छोरो" र नयाँ पुकार, २०२३ रहेका छन् । पुस्तकाकार कृतिमा "बालबगैंचा, २०५९, (कविता संग्रह) "अनन्त यात्रा" २०६४, (शोक काव्य) "शान्तिदूत" २०६७, (महाकाव्य - सिद्धार्थ गौतम बुद्धको जीवनीमा आधारित) लगायत अन्य थुप्रै फुटकर रचनाहरू रहेका छन ।

प्रकाशोन्मुख कृतिमा "ब्रह्मलुट" कविता संग्रह र गजल संग्रह रहेका छन । वहाँले सुकदेव सुकमाया बाल साहित्य पुरस्कार २०५९, एम्वेसेडर अफ युनिभर्सल पिस फेडेरेसन सम्मान समेत प्राप्त

गर्नु भएको छ । जीवनको धेरै समय विभिन्न शिक्षण संस्थामा शिक्षण गर्नुभएका अधिकारीको निधन २०६९ मा भएको थियो ।

तेस्रो अध्यायमा महाकाव्यको सैद्धान्तिक परिचय राखिएको छ । जसमा महाकाव्यको सैद्धान्तिक पृष्ठभूमिसहित पूर्वीय महाकाव्यको सिद्धान्त र पाश्चात्य सिद्धान्तको सङ्क्षिप्त परिचय दिइएको छ । पूर्वीय महाकाव्य सिद्धान्तका आचार्यहरू भामह, रुद्रट, दण्डी, हेमचन्द्र, विश्वनाथका महाकाव्य सिद्धान्तहरूको परिचय राखिएको छ भने पाश्चात्य विद्वानहरुमा प्लेटो, अरस्तु, डब्लु .पी. कर, एवर क्रोम्वी, म्याकनिक डिक्सन, सी.एम बाबरा लगायतका रहेका छन् । यी विद्वानहरूको महाकाव्य सम्बन्धीमान्यताको परिचय यस अध्यायमा राखिएको छ ।

चौथो अध्यायमा महाकाव्यकार लक्ष्मीनाथ अधिकारीको 'शान्तिदूत' महाकाव्यको व्याख्या विश्लेषण गरिएको छ । महाकाव्य तत्वका आधारमा मात्र यसको विश्लेषण गरिएको हो । शीर्षक, सर्गविधान, कथानक, चरित्र, भावविधान, छन्द अलङ्कार, उद्देश्य, विचार, भाषाशैलीका आधारमा यस पाचौं अध्यायमा वर्गीकरण गरी राखिएको छ ।

यस 'शान्तिदूत' महाकाव्यमा धीरोद्दात्त, ओजस्वी चरित्रको पात्रको समग्र जीवनको आद्योपान्त चरित्रको बर्णन गरिएको पाईन्छ । कथानक अनुसार ओक्काक बंश विस्तार हुँदै ईसापूर्व छैठौं शताब्दीमा शुद्धोदन राजाबाट कपिलवस्तुमा राज्य सञ्चालन गर्दादेखि लिएर गौतम बुद्धको जन्म, उनले ज्ञान प्राप्ति, संसारमा प्रचार प्रसार र अन्त्यमा मृत्युसम्मको कथावस्तुलाई चौबीसौं सर्गमा शृङ्खलित गरेर तयार पारिएको यस 'शान्तिदूत' महाकाव्यको कथा वस्तुको श्रोत सिद्धार्थ गौतम 'बुद्ध' कसरी भए ? बाल्यकाल कसरी बित्यो ? ज्ञान प्राप्त गर्दासम्म के कस्तो दुःख सहनु पर्‍यो ? जस्ता साँचो कथावस्तुलाई विभिन्न चरणहरूमा प्रष्टिने गरी काव्यात्मक अभिव्यक्ति प्रदान गर्न वस्तुगत नव आयोजन गरिएको पाइन्छ ।

यसो भएको हुनाले यस महाकाव्यले बुद्धको जन्म स्थानको मोह, बुद्धको कठोर तपस्या र साधानामय जीवन कथा तथा बुद्धका शान्ति सन्देश प्रतिको श्रद्धा देखाइएको छ । बुद्धको जीवन कथा नै काव्यको बृहत अंश बनेको छ भने प्रसङ्गवश आवश्यक अवस्थामा मात्र विचारतत्वको प्रयोग गरिएको छ । पाश्चात्य विद्वानहरूले इसाई धर्म फैलाउने बुद्ध धर्मको यथार्थलाई काल्पनिक र उडन्ते भनी बिरोध गरेका समयमा यस कथानकले इसाई धर्मलाई निरुत्साहित पारी बुद्ध धर्मलाई चारैतिर फैलाउने प्रयास गरेको देखिन्छ

यस काव्यमा कपिलवस्तुमा पहिले पहिले शाक्यवंशहरु कसरी शाक्य हुन गए र शुद्धोदनभन्दा पहिलाका राजाहरु कसरी राज्य गर्दथे भन्ने जस्ता कुराहरु सुरु सुरुको चरणमा व्यक्त गरिएको छ । शुद्धोधनका दुई वटा पत्नी र जेठी महारानी मायावतीले अनौठो सपनादेखि राजा शुद्धोधनलाई बताइन र राजाले ज्योतिषीहरुलाई बोलाएर ज्योतिषीहरुले मायावती गर्भवास हुने र उनीबाट महान पुरुषको जन्म हुने भविष्यवाणी गरे ।

यसरी ब्राह्मणाचार्यले गरेको भविष्यवाणीले मायावती महारानीबाट जन्मने महापुरुष भविष्यमा सन्यासी भई बुद्ध बन्ने छन र राजकाज सबै त्याग्ने छन भन्ने भविष्यवाणीले राजा शुद्धोदन अति तर्सेको कुरा गर्भवास प्रकरण, वंशावली र कपिलवस्तु शाक्य कोलिया वंशोत्पत्ति गरी तीन शीर्षकले समेटेका छन् ।

रानी मायादेवी विभिन्न सैनिक र सुसारेहरूसँग लुम्बिनी घुम्नका लागि यात्रा प्रारम्भ गरी लुम्बिनी आई पुग्छिन् । लुम्बिनीमा विभिन्न रमाइलो दृश्यदेखि आनन्दित हुँदै माइती देश लुम्बिनी यात्रा गर्दा खेरी उनलाई प्रसवपीडा बढ्न थाल्छ । वैशाख पूर्णिमाको ठिक्क दिनको मध्यान्हमा बुद्धको जन्म हुन्छ । बुद्धलाई सुनौलो पालकीमा राखी लावा लस्करका साथ कपिलवस्तु फर्काइन्छ । कपिलवस्तुमा सिद्धार्थको जन्म उत्सव मनाइरहेका बेला राजदरबारमा कालदेवको आगमन हुन्छ र कालदेवका पाउमा सिद्धार्थलाई राख्न खोज्दा सिद्धार्थको पाउ कालदेव ऋषिका शिर मास्तिर पुग्दछ अनि कालदेवले सिद्धार्थलाई विश्वकै अगुवा हुने भविष्यवाणी गर्छन ।

सिद्धार्थको न्वारान गरे विभिन्न ब्राह्मणले र नाम सिद्धार्थ राखे पनि पछि भविष्यमा बालक सिद्धार्थ बुद्ध बन्ने छ भनी ज्योतिषवाणी गरे जस्ता घटनाले महाकाव्यलाई अगाडि बढाउन सहयोग पुगेको छ । यी कुराहरूलाई सिद्धार्थको जन्म, कालदेवको कपिलवस्तुमा आगमन, सिद्धार्थकुमारको न्वारन ज्योतिषवाणी गरी तीन शीर्षकले समेटेका छन् ।

राजा शुद्धोदनले ब्राह्मणचार्यले गरेको सिद्धार्थकोभविष्यवाणीबारे चिन्ता गर्छन । बाल्यकालमा नै उनलाई राजाले सम्पूर्ण सुख सुविधा राजदरबारमा उपलब्ध गराई दरबारदेखि बाहिरको दुनिया हेर्न र जानकारी लिनबाट बञ्चित गराएका थिए तर पनि बालक सिद्धार्थले यी सबै मनोरञ्जन र सुख सुविधा प्रति चासो राख्दैनथे । यसै क्रममा सिद्धार्थ युवावस्थामा पुगे र उनलाई विभिन्न धनुर्विद्या सिकाइयो । सिद्धार्थले विभिन्न रणकौशल देखाए ।

सिद्धार्थले पितासँग अनुमति मागी दरबारबाहिर निस्किए ।सारा शहर पूरा सजाइएको थियो । बूढा, लुरे, रोगी सबैलाई लुकाएर राखियो तर सिद्धार्थका अगाडि अकस्मात एउटा बूढो, खुट्टा फुटेका, रगत बगेको, आँसु झरेको आदि भएको मानिस देखा पर्‍यो र सिद्धार्थ चिन्तामा डुबे ।

राजाले झनै बढी मनोरञ्जनका साधन जुटाए तर पनि उनले चासो देखाएनन्, फेरि पनि उनी घुम्न निस्किए । अर्को पटक एउटा जिउमा खटिरा घाउ पीप बगेको मानिस देखे र उनलाई झन् बढी पीडा हुन गयो । त्यसै समयमा उनले एक जोगी देखे, जोगी आनन्द र प्रशन्नपूर्वक बसेको देखी आफूमा पनि आनन्दको महशुस भएको अनुभव गरेका जस्ता कुराहरू बाल्यकाल र युवावस्था, सिद्धार्थकुमारको रणकौशल प्रदर्शन, प्रथम भ्रमण वृतान्त र चार निमित्त दर्शन र निष्क्रमणको तयारी गरी चार शीर्षकमा वर्णित छन् ।

सिद्धार्थले शान्तिको खोजीमा जाने अठोट गरी आफ्नो सुख, सयल, राजदरबार त्यागनको लागि आफ्ना परम हितैषी छन्दकसंग कन्थक मगाए । छन्दकले कन्थक ल्याएर आए र त्यसै कन्थकमा चढी सिद्धार्थ दरबारबाट बाहिर निस्किएर गए । त्यसपछि दरबारमा सिद्धार्थ हराएको कुरा चारैतिर फैलियो । उनको चारैतिर खोजी हुन थाल्यो ।

यता सिद्धार्थ गाउँ गाउँमा भिक्षु बनी डुल्न थाल्छन्, छिमेकी राजा बिम्बिसारले सिद्धार्थलाई भेटेरचिनजान गरेर मगधको राज्य दिन्छु सुखसँग राज्य गरी बस्न अनुरोध गर्दा सिद्धार्थले मनमा कत्ति पनि सुखको चाहाना नभएको कुरा बताउँछन । सिद्धार्थ बोधगयामा पीपलको छाँयामुनी पूर्व दिशा फर्की बुद्धत्व प्राप्त नगरेसम्म नउठ्ने भनी प्रतिज्ञा गरे ।

उनलाई पूर्व जन्मको सबै घटनाको स्मृती एकएक गरी आउन थाल्यो र आफ्नो अन्तिम जन्म पनि यहीरहेछ भन्ने थाहा पाएपछि उनलाई बुद्धत्व प्राप्त भयो । सिद्धार्थले ज्ञानसार दिनको लागि एक सप्ताह रसभित्र मग्न भएपछि बोध ज्ञान भयो । सिद्धार्थले ज्ञानसार दिनको लागि एक सप्ताह रसभित्र मग्न भएपछि बोध ज्ञान खुल्यो र यस ठाउँको नाम चैत्यरत्न रह्यो ।

यसरी सिद्धार्थ निमग्न भएको बेला बुद्धत्व भङ्ग गर्ने प्रयास असफल भएको जस्ता घटना भएका कुरा गृहत्याग सिद्धार्थ विम्बिसार भेट, बुद्धत्व लाभ, धर्मरसमा निमग्न चरणले महाकाव्यलाई फल भागमा पुऱ्याएका छन् । यसरी यस महाकाव्यमा कथानकीय विकास सन्तुलित र क्रमिक रुपमा अगाडि बढ्दै उद्‌देश्यतर्फ डोरिन सफल भएको देखिन्छ । बुद्धको लामो जीवन र गहनतामा कथावस्तुलाई आफ्ना गर्भभित्र धारण गरी जीवन जगतको विस्तृत आयामलाई समेटेर लेखिएको यस 'शान्तिदूत' महाकाव्यले गौतम बुद्धको कथालाई प्रष्टै रुपमा देखाएको छ ।

गौतम बुद्धले ज्ञान प्राप्त गरिसकेपछि आफ्नो जन्मभूमि कपिलवस्तुको याद आई त्यतातिर लाग्छन् । सिद्धार्थले आफ्ना पाँच मित्रलाई भेटे र ती मित्रहरूले उनलाई स्वागत सत्कार गरे । एक युवक जीवनरुपी भोगविलासलाई त्यागी बुद्धको शरणमा आइपुग्दछन् । त्यसलाई उनले पश्चशील शिक्षा दिन्छन । बुद्धले संघ विस्तार गरी विम्बिसार र आम्रपालीसँग भेट गरी धर्मसंघको विभिन्न ठाउँमा प्रचार प्रसार गरे ।

धर्म प्रचार गर्दै कपिलवस्तुमा थुप्रै शिष्यहरूलाई लिएर दरबारमा पुग्दछन् । राजा शुद्धोदन र यशोधरा अत्यन्तै खुसी हुँदै गौतम बुद्धका शिष्यलाई स्वागत सत्कार गर्छन, केही दिन दरबारमा बसे पश्चात हजारौं शिष्यको भिड लिएर उनी धर्मको प्रसार गर्दै अगाडि बढ्छन ।

यसरी जीवनको अन्तिम समयमा परिनिर्वाण हुँदा हुँदै असी बर्षका हुन पुग्छन । बुद्धको महापरिनिर्वाण भयो भनी चारै तिर सुचना पुग्छ र सम्पूर्ण राजाहरू, प्रजाहरू जम्मा भई ध्वजा र पताकाले सजाई बुद्धको मृत्तदेहलाई एक हप्तासम्म राखी सम्पूर्ण राजा, प्रजा भिक्षु, भिक्षुणीहरू रुँदै कुशीनगरको मुकुट बन्धन भन्ने ठाउँमा चितालाई जलाइएको हुन्छ ।

यी सबै घटनालाई धर्मचक्र प्रवर्तन, पश्चशील शिक्षा, संघमा काश्यपहरूको प्रवेश, संघ विस्तार तथा विम्बिसार बुद्धको कपिलवस्तु यात्रा आदि शीर्षकले समेटेको छ ।

## ५.२ निष्कर्ष

लक्ष्मीनाथ अधिकारीको कृतिमध्ये २०६७ सालमा प्रकाशित प्रथम महाकाव्य 'शान्तिदूत' हो । यसमा महाकाव्यकारका आफ्ना संवेदनाका जागृत अनुभूतिहरू संगालेर आत्मसात गरेका विषयवस्तु यहाँ पाइन्छन । उनी आफ्नो आस्था प्रति निष्ठावान र आशावादी छन् । यही आस्था नै बढी मात्रामा महाकाव्यमा पाइन्छ । भाषाशैलीमा बढोत्तरी र सवलता प्रदान भएको पाइन्छ । साहित्यिक दृष्टिकोणबाट केही कमी कमजोरी भएपनि स्रष्टाको निरन्तर क्रियाशिलता र आभ्यासिक गतिले गर्दा कृतिलाई मध्यमस्तरको महाकाव्यीय दर्जामा राख्न सफल भएको छ । यस महाकाव्यमा २४ कुञ्जहरू रहेका छन ।

यस महाकाव्यमा संकलित कुञ्जको भाव र शीर्षकमा प्रायः अभिधात्मक सम्बन्ध रहेको देखिन्छ भने कतै व्यञ्जनात्मक सम्बन्ध रहेको देखिन्छ भने कतै व्यञ्जात्मक र प्रतिकात्मक सम्बन्ध रहेको पाइन्छ । सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग गरेको पाइन्छ । उनीमाथी हिन्दीको प्रत्यक्ष प्रभाव पाइन्छ । अभिकांशतः तृतीय पुरुष कतै कतै प्रथम पुरुषात्मक दृष्टिविन्दु प्रयोग गरेका छन ।

भाषाशैली सरल छ कतिपय शब्दहरू साङ्केतिक रुपमा प्रयोग गरिएका हुनाले साधारण पाठकलाई अर्थबोधमा असजिलो स्थिति उत्पन्न हुन सक्छ । विषयवस्तु प्राचीनकालको पनि भएर हुन सक्छ, यहाँ २१ औं शताब्दीको काव्यभाषा कम पाइन्छ । ऋतु विचार खण्डकाव्यका कविशिरोमणि लेखनाथ पौड्यालको काव्यशैली शिल्पकारिताको नव उत्तराधिकार यस काव्यमा पाइन्छ ।

यस 'शान्तिदूत' महाकाव्यमा धीरोद्दात्त, ओजस्वी चरित्रको पात्रको समग्र जीवनको आद्योपान्त चरित्रको बर्णन गरिएको पाईन्छ । कथानक अनुसार ओक्काक बंश विस्तार हुँदै ईसापूर्व छैठौं शताब्दीमा शुद्धोदन राजाबाट कपिलवस्तुमा राज्य सञ्चालन गर्दादेखि लिएर गौतम बुद्धको जन्म, उनले ज्ञान प्राप्ति, संसारमा प्रचार प्रसार र अन्त्यमा मृत्युसम्मको कथावस्तुलाई चौबीसौं सर्गमा शृङ्खलित गरेर तयार पारिएको यस 'शान्तिदूत' महाकाव्यको कथा वस्तुको श्रोत सिद्धार्थ गौतम 'बुद्ध' कसरी भए ? बाल्यकाल कसरी बित्यो ? ज्ञान प्राप्त गर्दासम्म के कस्तो दुःख सहनु पऱ्यो ? जस्ता साँचो कथावस्तुलाई विभिन्न चरणहरूमा प्रष्टिने गरी काव्यात्मक अभिव्यक्ति प्रदान गर्न वस्तुगत नव आयोजन गरिएको पाइन्छ । यसो भएको हुनाले यस महाकाव्यले बुद्धको जन्म स्थानको मोह, बुद्धको कठोर तपस्या र साधानामय जीवन कथा तथा बुद्धका शान्ति सन्देश प्रतिको श्रद्धा देखाइएको छ ।

बुद्धको जीवन कथा नै काव्यको बृहत अंश बनेको छ भने प्रसङ्गवश आवश्यक अवस्थामा मात्र विचारतत्त्वको प्रयोग गरिएको छ । पाश्चात्य विद्वानहरूले इसाई धर्म फैलाउने बुद्ध धर्मको यथार्थलाई काल्पनिक र उडन्ते भनी बिरोध गरेका समयमा यस कथानकले इसाई धर्मलाई निरुत्साहित पारी बुद्ध धर्मलाई चारैतिर फैलाउने प्रयास गरेको देखिन्छ ।

'शान्तिदूत' महाकाव्यले वर्णनका सहायताले बृहत जीवन जगत समेट्ने आख्यानीकृत संरचना ग्रहण गरेको छ । यस महाकाव्यमा बढी वर्णनात्मकले अनुभूतिको मात्र न्यून देखिए पनि विस्तृत आयामको ऐतिहासिक, पौराणिक विषयवस्तुको समग्रतालाई लघु आकारमा समेट्ने कार्यले यसको रागात्मक कमजोरीको क्षतिपूर्ति गरेको देखिन्छ । करुण, शान्त रसलाई प्रमुख रुपमा र वीर, भयानक, रौद्र रसलाई गौण रुपमा उपस्थित गराएर यस महाकाव्यले विभिन्न रसभावको निरन्तरतालाई अन्तर्तत्वका रुपमा प्रस्तुत गरेको छ ।

यति भएर पनि यस महाकाव्यको अङ्गिरस भने शान्त नै रहेको देखिन्छ । विभिन्न समाजमा देखिएका गरिबी, रोगी, बृद्ध आदिदेखि छट्पटिएर ज्ञान खोज्न हिडेका सिद्धार्थ बुद्धत्व प्राप्त गरेपछि उनका पछि सारा संसार त्यागेर लागेका शिष्यहरूको प्रयोगले यस महाकाव्यमा शान्त भाव जागृत गरी परिपाकको स्थितिसम्म पुऱ्याएको देखिन्छ ।

आफैलाई बुझिकन सिकौं बुझ्न सारा यथार्थ
अर्कालाई बुझिकन बुझौं सृष्टिको दिव्य अर्थ ।
सोच्दासोच्दै मिलन हुन गै सोचमा दिव्य सोच
आत्मा जागी मनभरि महाशान्ति मिल्नेछ सोच ॥ ('शान्तिदूत'....)

यसरी रसभावको प्रयोगले यस महाकाव्यको आन्तरिक संरचनालाई बलियो बनाएर आख्यान र कवित्वका बीचमा सन्तुलन कायम नभई वर्णनात्मक प्रवृति ज्यादा दृष्टिगोचर हुनाले यस महाकाव्यको आन्तरिक संरचना सशक्त देखिँदैन । गौतम बुद्धको जीवनमा घटेको घटनालाई केन्द्रमा राखी ऐतिहासिक तथ्यको समुद्घाटन गर्नुले र पौराणिक आख्यानले रङ्ग्याइ स्वाभाविक र सुन्दर बनाइएकाले केही आन्तरिक अन्विति कायम भएको देखिए पनि महाकाव्यले अपेक्षा भावोच्छलन नभई पद्यबद्ध विचार प्रधान कथावर्णनको स्थितितर्फ महाकाव्य हिँडेको देखिन्छ ।

तर जीवन महासिन्धुको विस्तुत परिवेशलाई एउटा काव्यभित्र क्रमबद्ध रुपमा कार्यकरण शृङ्खलाअनुरुप बाँध्न सक्नुले यस महाकाव्यको आन्तरिक संरचनालाई उत्तम नै ठहऱ्याउन बाध्य पारेको देखिन्छ ।

गौतम बुद्ध बौद्ध धर्मीहरूको लागि धर्मगुरु हुन्, धर्म कथिक हुन्, मसिहा वा पैगम्बर पनि छन् । हिन्दूहरूका लागि उनी परमेश्वरका नवौं अवतार हुन् अरु जुनसुकै धर्म गुरुहरूका तुलनामा उनी साम्प्रदायिकता नभएका स्वतन्त्र चिन्तक तथा विश्वशान्ति र मानवताका अग्रदूत हुन् । उनी प्राचीन विश्वका महानतम दार्शनिकहरूमध्ये पर्दछन । तिनै बुद्धको पुर्ख्यौली, जन्म बाल्यकाल, युवावस्था गृहत्याग (महाभिनिष्क्रमण) कठोर तपस्या बुद्धत्वप्राप्ति ज्ञान प्रसारण तथा गृह त्याग (महापरिनिर्वाण) का प्रसङ्गहरूलाई प्रचलित क्रमानुसार जोडेर यो काव्य लेखिएको पाइन्छ ।

बुद्धका विषयमा नेपालीमा पनि काव्यहरू लेखिइसकेका छन् र जीवनी विषयका पुस्तकहरू पनि विस्तारै प्रकाशनमा आइरहेका छन । श्री अधिकारीले यस ग्रन्थमा पाली भाषामा लेखिएको तथा धार्मिक मिथकीय ढङ्गबाट प्रस्तुत गरिएको ललित विस्तार (हाल नेपाली भाषामा समेत उपलब्ध) का विषयवस्तुलाई कथाश्रोतका रुपमा प्रयोग गरिएको पाइन्छ ।

महाकाव्यकारले परम्परागत मिथकीय शैलीमा कुनै प्रकारको हस्तक्षेप गरेका छैनन् । प्रचलित धार्मिक इतिहासलाई नै अनुमोदन गरेका छन् । यसैगरी काव्यको पात्र विधानमा पनि यहाँ यस्तो पात्र भेटिन्न जसको चर्चा बौद्ध परम्परामा नभएको होस् । बरु बहुचर्चित कतिपय पात्रहरू यसमा छुटेको

अनुभव हुन्छ । यस्तै परिवेश चित्रणमा कविले प्रचलित बौद्ध कथाकै स्थान र वातावरणको सङ्क्षिप्त वर्णन गरेका छन् ।

काव्यका लागि आवश्यक तत्त्वहरूमा विचारतत्त्व वा चिन्तनशीलताको उच्च महत्व रहन्छ । प्रस्तुत काव्यमा कविले बौद्ध ग्रन्थहरूमा अभिलिखित शिक्षा र उपदेशलाई नै विचारको सामग्रीको रुपमा ग्रहण गरेका छन् । चतुरार्य सतय पञ्चशील र अष्टाङ्ग योगका साथै अनित्य, दुःख, अनात्म, स्मृति, अप्रमाद र अनासक्तिजस्ता बौद्ध दर्शनका गूढ विचारहरूको काव्यात्मक उल्लेखन यस काव्यमा गरिएको पाइन्छ ।

काव्य पढ्दै जाँदा हामीलाई यस्तो लाग्छ, यहाँ एक्काइसौं शताब्दीको कवि थोरै बोलेको छ बरु एउटा शालीन बौद्ध विनयपूर्वक बोलिरहेको छ- आजको भेष भुषामा होइन, बरू सफा स्वच्छ चिवर पहिरेर बुद्धको प्राचीन गाथा अलि सङ्क्षिप्त भाषाशैलीमा ज्ञापन गरिएको छ । यो काव्य पढ्ने पाठकलाई कविले आजको लुम्बिनीमा पाइलासम्म टेकाएर प्राचीन लुम्बिनी तिर डोऱ्याउँदै छन् जस्तो लाग्छ।

अतीततर्फको यात्रालाई हामीलाई गोरेटो देखाउँदै छन् । एक छिन हामी आजको यो कोलाहलमय वातावरणबाट छुट्टी लिएर महाकाव्य बुद्धको पछि पछि बोधिचर्या पालना गर्दै छब्बीससय बर्ष अघिको धर्तीमा विचरण गर्दैछौँ भन्ने अनुभव हुन्छ, । विचारमा परिवेशमा र घटनाहरूमा एकछिन यो कोलाहल बिर्सेर हामी जेतवन, न्याग्रोधारमा, वेणुवन, पूर्वाराम विहार ऋषिपत्तन मृगदावन, आम्रवन तथा विभिन्न चैत्यहरूमा विहार गर्न पुग्छौं र सोही अनुरुप विचार गर्न पुग्छौं ।

काव्यमा अष्टाङ्ग मार्गको व्याख्या अलि बढी संङ्क्षिप्त लाग्छ पञ्चशील र चतुरार्यसत्यको चर्चा थोरै विस्तार पूर्वक गरिएको छ भने प्रजावती गौतमीलाई धर्म के हो भन्ने सम्बन्धमा बताइएको बुद्धज्ञानको काव्यात्मक विवृति चाहिँ मनन योग्य छ ।

एउटा महाकाव्यले देशको गौरव उच्च बनाउन महत्वपूर्ण योगदान गरेको हुन्छ र महाकविले त्यस दायित्वमा अहम् भूमिका निर्वाह गरेको हुन्छ । यति हुँदा हुँदै पनि महाकविले भाषिक तथ्याङ्कीय लगायत थुप्रै कुरामा शुद्धिकरणमा जोड दिनु सान्दर्भिक लागेको छ । भाषाशैली सरल छ कतिपय शब्दहरू साङ्केतिक रुपमा प्रयोग गरिएका हुनाले साधारण पाठकलाई अर्थबोधमा असजिलो स्थिति उत्पन्न हुन सक्छ ।विषयवस्तु प्राचीनकालको पनि भएर हुन सक्छ, यहाँ २१ औं शताब्दीको काव्यभाषा कम पाइन्छ, ऋतु विचार खण्डकाव्यका कवि लेखनाथ पौडेलको शैली शिल्पकारिताको नव उत्तराधिकार यस काव्यमा पाइन्छ, ।

नेपाली महाकाव्य भनिएपनि तत्सम शब्दहरूको आधिक्यताले महाकाव्य जटिल बन्न पुगेको देखिन्छ। संस्कृत र बुद्ध धर्म सम्बन्धित शब्द संयोजनले लयार्थः रसास्वादनमा बाधा पुऱ्याएको पाइन्छ। यस कारण यो शान्तिदूत मध्यमस्तरको महाकाव्यको स्थान ओगट्न सफल भएको छ।

यति हुँदा हुँदैपनि महाकाव्यले बुद्ध महाभारत बर्षमा प्रादुर्भाव भएको र तत्कालीन कपिलमुनिको आवास क्षेत्र कपिलवस्तु वर्तमान नेपालमा पर्ने भएकाले विश्वमा बुद्ध जन्मेको देश भनेर पुष्टि गरी नेपाल र नेपालीलाई शान्तिगामी सूचिमा दर्जित गर्न महाकाव्य कोशेढुंगा सावित भएको छ।

# सन्दर्भ ग्रन्थ सूची

अधिकारी, लक्ष्मीनाथ (२०६७), **'शान्तिदूत'** महाकाव्य, लुम्बिनी : अन्तर्राष्ट्रिय बौद्ध समाज

आचार्य, नरहरि, (सन. २०४१), पण्डितराज सोमनाथ सिग्देल र उनको **महाकाव्य-साधना,** काठमाडौं : पं.सो.श.स.

आचार्य, भानुभक्त (२०५८), **भानुभक्तको रामायण**, काठमाडौं : साझा प्रकाशन

आनन्दबर्द्धन, (सन् १९९२), **ध्वन्यालोक, व्याख्या**, आचार्य जगन्नाथ पाठक, वाराणसी : चौखम्बा विद्याभवन

उपाध्याय, केशवप्रसाद, (२०४८), **पूर्वीय साहित्य-सिद्धान्त**, दो.सं. काठमाडौं : साझा प्रकाशन

उपाध्याय, केशवप्रसाद, (२०४९), **साहित्य प्रकाश**, काठमाडौं : साझा प्रकाशन

कँडेल, घनश्याम, (२०४०), **केही अन्वेषण केही विश्लेषण**, काठमाडौं : भीमसेन थापा प्रकाशन स्वयम्भू

कुन्तक, **बक्रोक्ति जीवितम्,** (सन् १९९२) चौ.सं. वाराणसी : चौखम्बा संस्कृत सदन

गौतम, कृष्ण, (२०४७), **देवकोटाका प्रबन्ध-काव्य**, काठमाडौं : इन्दु प्रकाशन

गौतम, दीपक, (२०६७) **शान्तिदूत**, गरिमा बर्ष २९, अंक -३, काठमाडौं : साझा प्रकाशन

चटौत, "प्रभास" आर.डी, (२०६६), **साहित्य शास्त्र र नेपाली समालोचना**, काठमाडौं : सगरमाथा प्रकाशन

चापागाई, नरेन्द्र, र अन्य (सम्पा) (२०५२), **काव्यसमालोचना**, विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान विराटनगरको प्रकाशन माला

जि.सी., कमला, (२०६९), लक्ष्मीनाथ अधिकारीको व्यक्तित्व र कृति, शोधपत्र : भैरहवा वहुमुखी क्याम्पस

जोशी, कुमारबहादुर, (२०४५), **महाकवि देवकोटा र उनका महाकाव्य**, दो.सं., काठमाडौं : साझा प्रकाशन

दण्डी, (२०२८), **काव्यादर्श,** दो.सं., वाराणसीः चौखम्बा विद्याभवन

देवकोटा, लक्ष्मीप्रसाद, (२०६३), **नेपाली शाकुन्तल**, काठमाठौंः साझा प्रकाशन

नरेन्द्र, (ई.सं १९६४), **रससिद्धान्त**, दिल्ली : नेसनल पब्लिसिङ हाउस

पन्त, भरतराज, (२०४१), **दोभान**, काठमाठौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

पोखरेल, भानुभक्त, (२०४०), **सिद्धान्त र साहित्य**, विराटनगर : श्यामपुस्तक भण्डार

भट्टोजि दीक्षित, (सन् १९८६), **वैयाकरण-सिद्धान्त कौमुदी**, ष, सं., वाराणसी : चौखम्बा अमरभारती प्रकाशन

भण्डारी, गोपालप्रसाद, (२०५३), **प्राग्भानुभक्तीय नेपाली काव्य**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान.

भामह, (२०३८), **काव्यालङकार,** दो.सं., वाराणसी : चौखाम्बा संस्कृत सदन

मम्मट, (इ. १९५१),**काव्यप्रकाश**, वाराणसीः चौखम्बा संस्कृत पुस्तकालय

महाकाव्यकार लक्ष्मीनाथ अधिकारीका धर्म पत्नी शारदा, जेठा छोरा उपेन्द्र अधिकारीबाट प्राप्त जानकारी ।

मिश्र, भगीरथ, (२०४७) **काव्यशास्त्र**, वाराणसीः विश्वविद्यालय प्रकाशन

मिश्र, भगीरथ, (सन् १९८२), **पाश्चात्य काव्यशास्त्र**, वाराणसीः विश्वविद्यालय प्रकाशन

वर्मा, धीरेन्द्र र अन्य, (सम्पा), (सन् १९८५), **हिन्दी साहित्य-कोश भाग १**तृ.सं., वाराणसीः ज्ञानमण्डल लिमिटेड

रुद्रट, (२०३२) काव्यालङ्कार, द्वितीय संस्करण, वाराणसी : चौखम्बा विद्याभवन,

शर्मा, ताना, (२०५१), **नेपाली साहित्यको इतिहास,** ते.सं., काठमाडौंः साझा प्रकाशन

शर्मा, नेपाल, विनयकुमार, (२०५९),**नेपाली महाकवि र महाकाव्य**, काठमाडौंः भाभा प्रकाशन

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, (२०४०), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** काठमाडौंः साझा प्रकाशन

सम, बालकृष्ण (२०४८), **चिसो चुल्हो**, काठमाडौं : साझाप्रकाशन

सुवेदी, अभि, (२०५४), **पाश्चात्य काव्य-सिद्धान्त**, चौ.सं., काठमाडौंः साझा प्रकाशन